संस्थाको वार्षिक कार्यक्रमका झलकहरू









मोबाइल बैंकिङ्ग System राख्ने तरिका

Play Store बाट
JyotiMirmireSamuhik
Smart App भन्ने
Apps Download
गरी चलाउन सकिने



Iphone प्रयोग कर्ताका लागि
App Store
Mofin Download गर्ने
App खोले पछि Jyoti Mirmire Samuhik SACCOS
मा गएर लगइन गरेर चलाउन सकिने
संस्थामा Mobile Banking को Application From भरी संस्थाबाट तपाईंको नम्बर System मा रजिष्टर गरेपछि तुरुन्त चलाउन सकिन्छ ।



मोबाइल बैंकिङ्गका केही विशेषताहरू:

- ब्यालेन्स तथा ऋणको जानकारी लिन
- शेयरको जानकारी लिन
- एउटा खाताबाट अर्को खातामा रकम ट्रान्सफर गर्न
- कुनै पनि बैंकको मोबाइल बैंकिङ्गबाट संस्थाको खातामा रकम जम्मा गर्न
- संस्थाको खाताबाट बैंकको खातामा रकम जम्मा गर्न
- **QR Code** बाट भुक्तानी गर्न
- घर बसी बसी सरल बैंकिङ
- २४ सै घण्टा कारोबार खुल्ला

Recharge/Top-up/Utility bills payments
- Telecommunications (NTC, Ncell)
- DTH (DishHome), NEA, Sim TV, ADSL,
- Internet Bill , थप अन्य ।

सहकारीका सिद्धान्तहरू

१. खुल्ला तथा ऐच्छिक सदस्यता
२. सदस्यहरुद्वारा प्रजातान्त्रिक नियन्त्रण
३. सदस्यहरुको आर्थिक सहभागिता
४. स्वायत्तता तथा स्वतन्त्रता
५. शिक्षा, तालिम र सूचना
६. सहकारीहरुबीच पारस्परिक सहयोग
७. समुदायप्रति चासो

SUSTAINABLE DEVELOPMENT GOALS



डि.स.का. दर्ता नं. ९२/०५५/५६ पान नं. ३०३१२१९९४

25th Years
रजत वर्ष-२०८१

ज्योति मिर्मिरे सामुहिक बचत तथा ऋण सहकारी संस्था लि.

नेफ्स्कून

पनौती–६, नमोबुद्धरोड

JYOTI MIRMIRE SAMUHIK SACCOS

Panauti-6, Namobuddha Road
Kavrepalanchok



संयुक्त साधारण सभाको लागि प्रकाशित

वार्षिक प्रगति प्रतिवेदन पुस्तिका २०८१



SCAN ME

२०८१ मंसिर १ गते देखि ८ गतेसम्म

www.jmssaccos.coop.np, Email: info@jmssaccos.coop.np

Tel : 977-11-440692 (Head Office), 441462 (Jyoti), 441366 (Mirmire), 441433 (Samuhik)
662266 (Banepa), 405122(Kushadevi), 421027(Bethanchok), 416045(Janmajyoti), (Roshi)

संचालक समिति



उद्धव सापकोटा
अध्यक्ष



कान्छीमैया थापा
उपाध्यक्ष



बुद्ध सिंह थापा
सचिव



पुर्णराम तुलाधर
कोषाध्यक्ष



सुशिला पौड्याल
सदस्य



डाक बहादुर (डि.वी) कार्की
सदस्य



रामहरि ढाहाल
सदस्य



जयराम मानन्धर
सदस्य



लोकेन्द्र कुमार सापकोटा
सदस्य



रिता थापा
सदस्य



सुर्यकुमारी तामाङ
सदस्य



राम प्रसाद तिमल्सिना
सदस्य



कुमार के.सी.
सदस्य



शोभा हाडा राजभण्डारी
सदस्य



पवित्रा सापकोटा
सदस्य

लेखा सुपरिवेक्षण समिति



भिमसेन के.सी.
संयोजक



वासुदेव सुवेदी
सदस्य



शिला आचार्य (कोइराला)
सदस्य

सदस्य सेवाकेन्द्र संयोजक



कान्छीमैया थापा
ज्योति सदस्य सेवाकेन्द्र



पुरुषोत्तम तिमल्सिना
मिर्मिरे सदस्य सेवाकेन्द्र



बुद्ध सिंह थापा
सामुहिक सदस्य सेवाकेन्द्र



लोकेन्द्र कुमार सापकोटा
बनेपा सदस्य सेवाकेन्द्र



दिपेश घिमिरे
कुशादेवी सदस्य सेवाकेन्द्र



चन्द्रप्रसाद तिमल्सिना
बेथानचोक सदस्य सेवाकेन्द्र



शारदा हुमागाई
जन्मज्योती सदस्य सेवाकेन्द्र



ईश्वरराज जंगम
रोशी सदस्य सेवाकेन्द्र

शिक्षा उप-समिति
संयोजक : श्री पूर्णराम तुलाधर
सदस्य : श्री शिशुपाल राउत
सदस्य : श्री विष्णुप्रसाद शर्मा
सदस्य : श्री माधवप्रसाद दाहाल
सदस्य : श्री शुभद्रा दाहाल

ऋण लगानी तथा असुली उप-समिति
संयोजक : श्री केशव बञ्जारा
सदस्य : श्री विदुरप्रसाद हुमागाँई
सदस्य : श्री शुसिला थापा
सदस्य : श्री ईश्वर कार्की
सदस्य : श्री रेशा श्रेष्ठ

लघुवित्त उप-समिति
संयोजक : श्री शोभा हाडा राजभण्डारी
सचिव : श्री सुनिता पराजुली
सदस्य : श्री दुर्गा बजगाई हुमागाई
सदस्य : श्री शान्ता वडाल सुवेदी
सदस्य : श्री सुनिता थापा

स्वास्थ्य उप-समिति
संयोजक : श्री शुसिला पौडेल
सचिव : श्री रामचन्द्र थापा
सदस्य : श्री अनिता दाहाल
सदस्य : श्री भिम बञ्जारा
सदस्य : श्री जमुना रायमाझी

ऋण निरीक्षण तथा अनुगमन उप-समिति
संयोजक : श्री जयराम मानन्धर
सदस्य : श्री विनोद कोइराला
सदस्य : श्री माधव प्रसाद दाहाल
सदस्य : श्री कुमार बस्नेत
सदस्य : श्री रमेशकुमार बस्नेत

युवा तथा बाल उप-समिति
संयोजक : श्री डि बी कार्की
सचिव : श्री रुद्र प्रसाद आचार्य
सदस्य : श्री रमा न्यौपाने
सदस्य : श्री दामोदर सापकोटा
सदस्य : श्री जीवन थापा

महिला उप-समिति
संयोजक : श्री कान्छीमैया थापा
सचिव : श्री सुनिता शर्मा
सदस्य : श्री सुनमाया श्रेष्ठ
सदस्य : श्री सुनिता थापा
सदस्य : श्री उन्नती ढकाल
सदस्य : श्री नानीमैयाँ तिमल्सिना
सदस्य: श्री ललिता अधिकारी
सदस्य : श्री अमृता कोईराला
सदस्य : श्री मञ्जु थापा
सदस्य : श्री शारदा सापकोटा बोगटी

कृषि तथा व्यवसाय प्रर्वद्धन-उपसमिति
संयोजक : श्री रामहरि दाहाल
सचिव : श्री कुमार बोगटी
सदस्य : श्री यादव सुवेदी
सदस्य : श्री सूर्यमणी शर्मा
सदस्य : श्री अन्जना कार्की

कार्यालय व्यवस्थापन



गोपाल दाहाल
प्रमुख कार्यकारी अधिकृत



गंगादेवी श्रेष्ठ
लेखा विभाग प्रमुख



पुरुषोत्तम दाहाल
व्यवसाय विभाग प्रमुख



सुमन अधिकारी
वरिष्ठ सेवाकेन्द्र प्रमुख



प्रकाश तिमल्सिना
आन्तरिक नियन्त्रण तथा सुचना प्रविधि विभाग प्रमुख



रोशन बस्नेत
बचत शाखा प्रमुख



बिनोद तिमल्सिना
सेवाकेन्द्र प्रमुख



सुनिता हुमागाँई
काउन्टर इन्चार्ज



उद्धव प्रसाद आचार्य
वरिष्ठ सेवाकेन्द्र इन्चार्ज



विना श्रेष्ठ
वरिष्ठ सेवाकेन्द्र इन्चार्ज



सरोज घिमिरे
ऋण शाखा सहायक



स्वस्तिका बस्नेत
व्यवसाय सहायक



सरिता सापकोटा
व्यवसाय सहायक



साधुराम थापा
सदस्य सेवा सहायक

सुमित्रा तामाङ
सेवाकेन्द्र इन्चार्ज

अभिषेक बजगाई
सेवाकेन्द्र इन्चार्ज

सपना श्रेष्ठ
व्यवसाय सहायक

राजेश थापा
लघुवित्त शाखा सहायक

पुरुषोतम तिमल्सिना
सेवाकेन्द्र इन्चार्ज

गौरी खत्री
सेवाकेन्द्र इन्चार्ज

रोजिना बोगटी
व्यवसाय सहायक

प्रजिता रायमाझी
सदस्य सेवा सहायक

सैनिका सापकोटा
सदस्य सेवा सहायक

राजिव तिमल्सिना
व्यवसाय सहायक

पार्वती हुमागाई घिमिरे
सदस्य सेवा सहायक

नारायणी तिमल्सिना
सदस्य सेवा सहायक

चण्डिका सापकोटा
सदस्य सेवा सहायक

रेश्मा थापा
व्यवसाय सहायक

राजन आचार्य
सदस्य सेवा सहायक

बिमला श्रेष्ठ
सदस्य सेवा सहायक

सुमित्रा घिमिरे
व्यवसाय सहायक

सुदिप तिमल्सिना
व्यवसाय सहायक

बिदुर सापकोटा
सदस्य सहजकर्ता

उमा थापा
सदस्य सहजकर्ता

निलम आचार्य
सदस्य सहजकर्ता

श्याम सुन्दर सापकोटा
सदस्य सहजकर्ता

सरिना बजगाई
सदस्य सहजकर्ता

शर्मिला दुलाल
सदस्य सहजकर्ता

सुस्मिता हुमागाई
सदस्य सहजकर्ता

रिजना दाहाल
सदस्य सहजकर्ता

बिनिता ढकाल
सदस्य सहजकर्ता

रञ्जना तिमल्सिना
कार्यालय सहयोगी

ज्योति मिर्मिरे सामूहिक
बचत तथा ऋण सहकारी संस्था लि.
पनौती-६, नमोबुद्धरोड, काभ्रे

सम्पादन मण्डल
पूर्णराम तुलाधर
कुमार के.सी.
केशव बञ्जारा

सल्लाहकार
उद्धव सापकोटा

ग्राफिक
द्वारिका प्वाइन्ट
पनौती-६, नमोबुद्धरोड
९८४१-४३६९८१

मुद्रण
सम्राट कलर प्रिन्टिङ्ग प्रेस प्रा.लि.
महाँलक्ष्मी न.पा. वडा नं.४
ललितपुर
९८४९४४८८०८

प्रकाशक
ज्योति मिर्मिरे सामूहिक बचत तथा ऋण सहकारी संस्था लि.
पनौती-६, नमोबुद्धरोड, काभ्रे
०११-४४०६९२, ४४१३६६, ४४१४३३, ६६२२६६
Email : info@jmssaccos.coop.np
Website : jmssaccos.coop.np

यस भित्र ...

- अध्यक्षको मन्तव्य
- सचिवको प्रतिवेदन
- कोषाध्यक्षको प्रतिवेदन
- लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन
- ऋण उप-समितिको प्रतिवेदन
- लेखा परीक्षण प्रतिवेदन

सहकारीमा क्षेत्रगत: प्राथमिक र पुर्वाधिकार

साधारण सभा हुने मिति, समय र स्थान :
मिति : २०८१ मसिर १ गते देखि मसिर ८ गते सम्म
समय : विहान १०:०० बजेदेखि ४:०० बजेसम्म ।
स्थान : तोकिएका उपस्थिती केन्द्रहरु ।

क्र स	उपस्थिती स्थान	उपस्थिती स्थानको ठेगाना	साधारण सभा हुने मिति	समय	उपस्थित हुने सदस्यहरु
१.	बेथानचोक सेवाकेन्द्र	बेथानचोक-२	२०८१ मसिर १ गते	१० बजेदेखि ४ बजे सम्म	साविक चलाल गणेशस्थान गा वि स क्षेत्र वाहेक बेथानचोक गाउँपालिका का सम्पूर्ण सदस्यहरु
२.	रोशी सेवाकेन्द्र	पनौती न.पा.-१२	२०८१ मसिर २ गते	१० बजेदेखि ४ बजे सम्म	पनौती न. पा. वडा नं १२ क्षेत्रभित्रका सम्पूर्ण सदस्यहरु
३.	जन्मज्योति सेवाकेन्द्र	पनौती न.पा.-११	२०८१ मसिर ३ गते	१० बजेदेखि ४ बजे सम्म	पनौती न पा वडा नं ११ क्षेत्रभित्रका सम्पूर्ण सदस्यहरु
४.	मूख्य कार्यालय	पनौती न. पा.-६	२०८१ मसिर ५ गते	१० बजेदेखि ४ बजे सम्म	पनौती न पा वडा नं ४,५,६,७,८,९,१०, धुलिखेल न पा को वडा नं १० र १२ एवं साविक महेन्द्रज्योति, साविक चलालगणेस्थान गा वि स क्षेत्रभित्रका सम्पूर्ण सदस्यहरु
५.	बनेपा सेवाकेन्द्र	बनेपा न.पा.-७	२०८१ मसिर ६ गते	१० बजेदेखि ४ बजे सम्म	चौकोट क्षेत्र ,धनेश्वर क्षेत्र ,बनेपा न पा ,पाँचखाल न पा र धुलिखेल न पा (वडा नं. १० र १२ बाहेक) क्षेत्रभित्रका सम्पूर्ण सदस्यहरु
६.	कुशादेवी सेवाकेन्द्र	पनौती न.पा.-२	२०८१ मसिर ७ गते	१० बजेदेखि ४ बजे सम्म	पनौती न पा वडा नं १ ,२ र ३ क्षेत्रभित्रका सम्पूर्ण सदस्यहरु
७.	मूख्य कार्यालय	पनौती न.पा.-६	२०८१ मसिर ८ गते	१० बजेदेखि ४ बजे सम्म	छनौट भएका एकाई प्रतिनीधिहरुको सभा

पुनश्च:

१. उपस्थिती केन्द्रमा उपस्थित हुँदा सदस्यहरुले संस्थाको परिचय पत्र अनिवार्य रुपमा लिएर आउनु हुन अनुरोध गरिन्छ । परिचय पत्र नभएमा परिचय खुल्ने कागजात र संस्थाले पठाएको पत्र वा फोटो टाँस भएको पासबुक साथमा लिएर आउनु हुन सूचित गरिन्छ ।
२. साधारण सभामा उपस्थित हुने सदस्यहरुलाई मात्र यातायात तथा खाजा खर्च कर कट्टी गरी रु. ३००।- उपलब्ध गराईनेछ । यातायात तथा खाजा खर्च सदस्य आफैं उपस्थित हुँदा मात्र उपलब्ध गराईनेछ ।
३. २०८१ कार्तिक महिना सम्मको नियमित मासिक बचत बुझाएको हुनुपर्नेछ ।
४. संस्थाको वेवसाईट www.jmssaccos.coop.np र संस्थाको अफिसियल फेसबुक पेज Jyoti Mirmire samuhik Saving & Credit Cooperartive Society Ltd., Panauti-6, Kavre, Nepal मा आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन राखिने भएकाले साधारण सभामा उपस्थित हुँदा उक्त प्रतिवेदन अध्ययन गरी संस्थालाई सल्लाह सुझाव भएमा लिखित रुपमा उपलब्ध गराईदिनु हुन अनुरोध गरिन्छ ।
५. निर्वाचन सम्बन्धि सूचना पछि प्रकाशित गरिनेछ ।

संचालक समितिको आज्ञाले,
बुद्ध सिंह थापा
सचिव

डि.स.का. दर्ता नं. ९२/०५५/५६ पान नं. ३०३१२१९९४ दिगो र उत्कृष्ट वित्तिय सहकारी

ज्योति मिर्मिरे सामुहिक
बचत तथा ऋण सहकारी संस्था लि.
पनौती-६, नमोबुद्धरोड

नेफ्स्कून

श्री ..... ज्यू, मिति २०८१/०७/०१

सदस्य नं ..... ठेगाना .....

उपस्थिती केन्द्र.....

उपस्थिती मिति :.....

विषय : संयुक्त साधारण सभामा उपस्थित हुने सम्बन्धमा ।

साविक ज्योति मिर्मिरे सामुहिक बचत तथा ऋण सहकारी संस्था लि. पनौती न.पा. ६ र युवा स्वावलम्बन बहुउद्धेश्यीय सहकारी संस्था लि. बेथानचोक गा.पा. २ बिच एकिकरण घोषणा भएको ज्योति मिर्मिरे सामुहिक बचत तथा ऋण सहकारी संस्था लि. पनौती न.पा. ६ को संयुक्त साधारण सभा संस्थाको सञ्चालक समितिको मिति २०८१ साल असोज ११ गते बसेको १५५ औ बैठकको निर्णय एवं संस्थाको विनियम २०८० को परिच्छेद ५ को दफा २९ तथा सहकारी ऐन २०७४ को परिच्छेद ६ को दफा ३९ को उपदफा २ साथै संस्थाको साधारण सभा सञ्चालन कार्यविधि २०७९ र सहकारी संस्थाको एकिकरण तथा विभाजन निर्देशिका २०७७ को दफा ३४ र ३५ को आधारमा संस्थाको संयुक्त साधारण सभा आयोजना गरिएकाले देहाय बमोजिमका उपस्थिती केन्द्रहरुमा तपसिलको मिति,समय र स्थानमा उपस्थितीका लागि हार्दिक अनुरोध गर्दछु ।

संयुक्त साधारण सभाका कार्यसूचिहरु

१. साधारण सभाका निर्णयहरु प्रमाणित एवं एकाई प्रतिनिधि चयन सम्बन्धमा ।
२. सञ्चालक समितिको तर्फवाट सचिवको आ.ब. ०८०/०८१ को प्रगति प्रतिवेदन तथा आ.ब. ०८१/०८२ को प्रस्तावित नीति तथा कार्यक्रमहरु पारित गर्ने सम्बन्धमा ।
३. सञ्चालक समितिको तर्फवाट कोषाध्यक्ष को आ.ब. ०८०/०८१ को प्रगती प्रतिवेदन तथा आ.ब. ०८१/०८२ को प्रस्तावित बजेट तथा कार्यक्रमहरु पारित गर्ने सम्बन्धमा ।
४. पञ्चवर्षिय व्यवसायिक रणनीतिक योजना पारित गर्ने सम्बन्धमा ।
५. लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन प्रस्तुत छलफल तथा पारित गर्ने सम्बन्धमा ।
६. आ.ब. ०८०/०८१ को वाह्य लेखा परीक्षण प्रतिवेदन अनुमोदन गर्ने सम्बन्धमा,
७. आ.व २०८१/०८२ को लागि वाह्य लेखा परीक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
८. सञ्चालक समितिको सेवा सुविधा तथा प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक र सुविधा तोक्ने सम्बन्धमा ।
९. आन्तरिक नीति तथा कार्यविधि संसोधन एवं पारित सम्बन्धमा ।
१०. विनियम संसोधन गर्ने सम्बन्धमा ।
११. सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिको निर्वाचन सम्बन्धमा ।
१२. संस्था एकिकरणका शर्त तथा कार्यविधिहरु पारितका सम्बन्धमा ।
१३. संस्था एकिकरण सम्बन्धमा ।
१४. शेयर लाभांश पारित गर्ने सम्बन्धमा ।
१५. संरक्षित पूँजि फिर्ताकोष वितरण पारित गर्ने सम्बन्धमा ।
१६. सदस्यहरुको सुझावका सम्बन्धमा ।
१७. सञ्चालक समितिको बैठकका महत्वपूर्ण निर्णयहरुका सम्बन्धमा ।
१८. विविध ।

www.jmssaccos.coop.np
Tel : 977-11-440692 (Head Office), 441366 (Thadobato), 441433 (Jyalachiti), 662266 (Banepa), 405122(Kushadevi), 421027(Bethanchok), 416045 (Janmajyoti), (Roshi)

निर्वाचन कार्यतालिका

मिति	समय	कार्य
२०८१ कार्तिक २८ गते	विहान १०:०० बजे	मतदाता नामावली प्रकाशन
२०८१ कार्तिक २८ गते	विहान १०:०० बजे देखि १:०० बजे सम्म	मतदाता नामावली उपर दावी विरोध
२०८१ कार्तिक २८ गते	दिउँसो १:०० बजे देखि २: ०० बजेसम्म	दाबी विरोधको छानविन
२०८१ कार्तिक २८ गते	दिउँसो २:३० बजे	मतदाताको अन्तिम नामावली प्रकाशन
२०८१ कार्तिक २९ गते	विहान १०:०० देखि १२:०० बजेसम्म	उम्मेदवारको दरखास्त दर्ता
२०८१ कार्तिक २९ गते	विहान १२:०० देखि १२:३० बजेसम्म	दरखास्तको छानविन
२०८१ कार्तिक २९ गते	विहान १२:३० देखि १:०० बजेसम्म	उम्मेदवारको सूचि (नामावली) प्रकाशन
२०८१ कार्तिक २९ गते	दिउँसो १:०० देखि १:३० बजेसम्म	उम्मेदवारी सूचि (नामावली) उपरको दावी विरोध
२०८१ कार्तिक २९ गते	दिउँसो १:३० देखि २:०० बजेसम्म	दावी विरोधको छानविन
२०८१ कार्तिक २९ गते	दिउँसो २:३० देखि साँझ ५:०० बजे सम्म र भोली पल्ट १०:०० देखि ११:०० बजेसम्म	उमेदवारी फिर्ता
२०८१ कार्तिक ३० गते	विहान ११:०० बजेदेखि ११:४५ बजे सम्म	उमेदवारको अन्तिम सूचि (नामावली) प्रकाशन
२०८१ मंसिर ७ गते	विहान १०:०० देखि साँझ ५:०० बजे सम्म	प्रचार प्रसार अवधि
२०८१ मंसिर ८ गते	विहान ८:०० वजेदेखि ४:०० बजे सम्म मूख्य कार्यालय पनौती ६ नमोवुद्धरोड	मतदान
मतपेटिका संकलन र संग्रह		
मतपेटिका संकलन र संग्रह पश्चात		मतगणना
मतगणना सम्पन्न भए पश्चात		निर्वाचन उप समितिको बैठक र निर्वाचन परिणाम घोषणा
निर्वाचन परिणाम घोषणा पश्चात		निर्वाचित सदस्यलाई सपथ ग्रहण, प्रमाणपत्र हस्तान्तरण

अध्यक्षको मन्तव्य



– उद्धव सापकोटा
अध्यक्ष

अठार हजार सदस्यहरुको दुःख सुखको सारथीको रुपमा रहेको ज्योति मिर्मिरे सामूहिक साकोसको गरिमामय २५ औं नियमित वार्षिक साधारण सभा तथा एकिकृत संस्थाहरुको सयुक्त साधारण सभाको पावन अवसरमा हाम्रो निमन्त्रणालाई सहर्ष स्वीकार गर्दै सभाको गरिमा बढाउदै संस्थामा आवद्ध आम सदस्यहरुको भावनाको कदरका लागि पाल्नुहुने प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, अतिथिज्यूहरु, पत्रकार मित्रहरु, संस्थाको सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, विभिन्न उपसमितिका साथीहरु, संस्थाको प्रमुख कार्यकारी अधिकृत लगायत व्यवस्थापनका साथीहरु, लगायत संस्थामा आवद्ध तमाम सदस्य महानुभावहरुमा म संस्थाको सञ्चालक समितिको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक सहकारीमय अभिवादन व्यक्त गर्दछु ।

कार्यक्षेत्र भित्रका आम मानिसहरुलाई वित्तीय सञ्जालमा जोड्दै उनीहरुको आर्थिक सम्वृद्धिका लागि वित्तीय परिचालनको अशल अभ्यास र वित्तीय अनुशासन समेतको प्रर्वद्धन गर्दै उनीहरुको समग्र वित्तीय आवश्यक्ता परिपूर्ति गर्दै शोषण रहित सर्वोदय समाजको निर्माणको अभिभारा पूरा गर्नका लागि सामूहिक उद्यमका रुपमा स्थापित यस ज्योति मिर्मिरे सामूहिक बचत तथा ऋण सहकारी संस्था लि. ले आम सदस्यहरुको सामूहिक हितका लागि गरेको योगदान सदस्यहरु बीच जति लोकप्रिय छन् त्यति नै संस्था सहकारी अभियानमा पनि लोकप्रिय बन्दै गएको छ । यस कुराको पुष्टी देशका विभिन्न जिल्लाबाट सहकारी संस्थाको गतिविधीको अध्ययनका लागि आउने संख्यामा भएको वृद्धिले गर्दछ ।

सहकारी अभियानको छवि विग्रदै गएको विषम परिस्थितिमा पनि आफ्नो साख जोगाउदै सदस्यहरुको सेवामा कुनै पनि प्रकारले प्रभाव पर्न नदिई निरन्तर सेवा प्रदान गर्नु अहिलेको अवस्थामा सबै भन्दा महत्वपूर्ण सफलता हो । बचत फिर्ता, ऋण लगानी, सदस्य राहत र सहुलियतका कार्यक्रमहरु हिजोका दिनमा जसरी सजिलै उपलब्ध गराईएको थियो त्यसरी नै निरन्तरता प्रदान गर्दै अझै प्रभावकारी सेवा विकासमा संस्थाले आफ्नो ध्यान केन्द्रीत गर्दै लगेको छ । सहकारी अभियानको बलियो खम्बाको रुपमा संस्थालाई उभ्याउनका लागि हामीले गरेको सदस्य केन्द्रित कृयाकलापहरु आजको दिनसम्म आइपुग्दा सघिय संसदले सहकारी संस्थाहरुको बचत रकम दुरुपयोग सम्बन्धमा छानबिन गर्न बनेको विशेष समितिको प्रतिवेदनमा समेत उदाहरणीय कार्य गरिरहेको सहकारी संस्थाको सूचीमा हाम्रो ज्योति मिर्मिरे सामूहिक साकोसको नाम समावेश हुनुले हाम्रो सहकारी कर्म प्रति हामी अत्यन्त हर्षित छौं । यस अवस्थामा आउनका लागि हामीलाई सुशासित भई कारोबार गर्न मार्गदर्शन गर्नु हुने सम्पूर्ण अभियानन्ताहरु, विषयगत संघहरु सबैप्रति कृतज्ञ छौं । यस अवस्था सृजना गर्न संस्थाको नीति नियमहरुको पालना गरी अनुशासित कारोबार गर्ने तमाम सदस्यहरुको प्रशंसा मैले जति गरे पनि कमि नै हुन्छ ।

संस्थाले यो स्थान प्राप्त गरिरहँदा हामीले अनेकन बाधा व्यवधानहरुको सामना गर्दै आएका छौं । आन्तरिक र बाह्य कारणबाट पैदा भएका कतिपय बाधाहरुको सामना गरि सफलता हाँसिल गरिएको छ भने कतिपय

बाधाहरुबाट संस्था र सदस्यहरुको लगानीको सुरक्षा रणनीतिहरुमा थप सुधार गरिएको छ । यसका बाबजुत तमाम सदस्यहरुको विश्वासले मेरो नेतृत्वले गरेको पछिल्लो कार्यकालमा सम्पन्न भएका केही प्रगतिहरुलाई बुँदागत रुपमा देहाए बमोजिम यस गरिमामय सभामा जानकारी दिनु उपयुक्त हुने देखि पेश गरेको छु ।

- संस्थाको दोश्रो र तेश्रो तल्ला थप गरी कार्यालयलाई थप व्यवस्थित गरिएको छ । जसले आगामी दिनमा सदस्य सेवा भन्नै प्रभावकारी बनाउने सकिने अपेक्षा गरेका छौं ।
- विगत ४ वर्षमा ३ वटा सदस्य सेवा कार्यालय थप गरि सदस्य सेवा कार्यालय ८ वटा बनाई सदस्य सेवा विस्तार गरिएको छ ।
- विगत ४ वर्षमा सदस्यमा ७८ प्रतिशतले, पूँजीमा ७१ प्रतिशतले वृद्धि गरी बजारमा संस्थाको अग्रस्थान कायमै राखिएको छ ।
- आगमी ५ वर्षका लागि रणनीतिक व्यवसायिक योजना निर्माण गरी लागु गरिएको छ ।
- सदस्यहरुको कारोबारलाई अझै सुरक्षित, विश्वासिलो र भरपर्दो प्रणालीमा विकास गर्दै लैजान सफ्टवेयर परिवर्तन गरी M-FIN PLUS सफ्टवेयरको प्रयोग गरिएको छ । जसको प्रयोगले अब सदस्यहरुले कमर्शियल बैंक सरहको विद्युतिय कारोबार सेवा प्रवाह गर्न संस्था सक्षम भएको छ ।
- यस अवधिमा राष्ट्रिय सहकारी महासंघबाट उत्कृष्ट सहकारी पुरस्कार २०७९ प्राप्त गरेको छ ।
- यस कार्यकालमा संस्थाले बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून) बाट उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार प्राप्त गरेको छ ।
- यस कार्यकालमा नै पनौती न.पा बाट उर्जाशिल सहकारी अभियान्ता पुरस्कार तथा सम्मान प्राप्त गरिएको छ ।
- यस अवधीमा नै नेफ्स्कूनबाट वागमति प्रदेश उत्कृष्ट व्यवस्थापक पुरस्कार प्राप्त गरिएको छ ।
- यस अवधीमा नै काभ्रे जिल्लाको उत्कृष्ट व्यवस्थापक पुरस्कार प्राप्त गरिएको छ ।
- संस्था स्थापनाको २५ औं वर्षको अवसरमा सदस्य मैत्री पच्चिस कार्यक्रमहरुको सुरुवात गरिएको छ ।
- यस अवधीमा २ वटा संस्थाहरु बीच एकीकरण गरी व्यवस्थापन गरिएको छ ।
- यस अवधिमा सदस्य सुरक्षा,उद्यमशिलता विकासका कार्यक्रमलाई विशेष प्राथमिकता दिईएको छ ।

सहकारी संस्था स्वायत्त संस्था हो । यसले आफ्नो लागि आफैंले नीति नियमहरु बनाई लागु गर्न सक्दछ, विगतमा झै हामीले संस्था व्यक्तिले होइन विधीले चल्नु पर्दछ भन्ने आर्दशलाई भुलेका छैनौ । स्वायतत्ताको नाममा सहकारी संस्था प्रति आर्कषण हुने कानुनहरुको कार्यन्वयन गर्नु नपर्ने भने होइन्, यस तथ्य तर्फ हामी स्पष्ट छौं । सम्पत्ति शुद्धिकरण निवारण ऐन २०६४ को दफा ७त. को उपदफा (३) बमोजिम ऐन, नियमावली र सो अन्तर्गत जारी निर्देशिका एवं सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी सङ्घसंस्थालाई जारी गरिएको निर्देशन, २०७४

को परिच्छेद ३ को दफा २४ बमोजिम कार्यान्वयन अधिकारी नियुक्त गरी दफा २४(४) बमोजिमको काम कर्तव्य र अधिकार बमोजिमको दायित्व पूरा गरे नगरेको विषयमा साथै यस अवधिमा संस्थामा १० लाख भन्दा बढि नगद,विद्युतिय माध्यम र रेमिटान्सबाट बचत,शेयर र ऋण कारोवार भएका सदस्यहरुको जोखिम विष्लेषण,सदस्य पहिचान फारम अद्यावधिक,सदस्य जोखिम मूल्याँकन,वास्तविक धनि पहिचान,असामान्य कारोवारको संख्या लगायतका विषयको चौमासिक प्रतिवेदन माफर्त गहन समिक्षा साथै संस्था तर्फ आर्कषण हुने सबै कानुन नियम तथा निर्देशनहरुको अधिनमा रही संस्थागत नीतिहरुको विकास गरी कार्यन्वयन गराउनु सञ्चालक समितिको दायित्व हो त्यो कुरा हामीले हाम्रो क्षमताले भ्याए सम्म पूरा गर्दै आएका छौं। प्रचलित ऐन, नियमावली, निर्देशिका, मापदण्ड, संस्थाको विनियम गरिमामय साधारण सभाबाट स्वीकृत भएका नीतिहरुको कार्यान्वयन गर्नु समितिको दायित्व हो भने पालना गर्नु सदस्यको दायित्व हो। नीति नियमहरु पालना गर्दा कहिले काँही कुनै सदस्यहरुलाई कुनै कुरामा आफुले भने जस्तै सेवा प्राप्त नभएको हुन सक्दछ यो कुरालाई यहाँहरुले संस्थाले अबलम्बन गरेको विधी हो भन्ने कुरा मनन गरिदिनु हुन अनुरोध गर्दछु।

संस्थाको गरिमा र छवि विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्नु हुने संस्थाका आदरणीय सदस्य महानुभावहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दै यो स्थानसम्म संस्था सञ्चालनको दिशानिर्देश गर्नु हुने, प्रोत्साहन र प्रेरणा प्रदान गर्नु हुने एवम् हामीलाई असहज परिस्थितिमा पनि साथ दिएर अभिभावकको भूमिका निर्वाह गर्नु हुने राष्ट्रिय सहकारी महासंघ लि., राष्ट्रिय सहकारी बैंक लि., नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि.(नेफ्स्कून), बागमती प्रदेश सहकारी संघ लि., बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि.(बागमती प्रोस्कून), जिल्ला सहकारी संघ लि. काभ्रेपलाञ्चोक, काभ्रेपलाञ्चोक जिल्ला बचत तथा ऋण सहकारी संघ लि., पूर्व संचालकहरु, पूर्व कर्मचारीहरु, वर्तमान कर्मचारीहरु, विभिन्न मिडियाका मिडियाकर्मी साथीहरु, प्रत्यक्ष वा परोक्ष रुपमा संस्थालाई नजिकबाट माया गर्ने स्वजनहरुमा हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु।

अन्तमा, मेरो नेतृत्वमा सञ्चालक समितिको जिम्मेवारी तोकि सेवा गर्ने अवसर प्रदान गर्नु भएकोमा हार्दिक आभार व्यक्त गर्दै पछिल्लो समयमा एकीकरणको समझदारी भई आयोजित संयुक्त साधारण सभामा एकीकरणको भावना अनुसार सक्षम र सबल नेतृत्व चयन गरी संस्थाको श्रीवृद्धिमा अझै सहयोग पुऱ्याउन सबै सदस्य महानुभावहरुमा हार्दिक अपिल गर्दै अभियान मार्फत मार्गदर्शन गर्नु हुने स्वजनहरुमा हार्दिक आभार व्यक्त गर्न चाहान्छु।

यस २५ औ नियमित वार्षिक साधारण सभा तथा एकिकृत संस्थाहरुको सयुक्त साधारण सभा भएकोले सभा मार्फत यहाँहरुको भावनाको कदरका लागि रचनात्मक सुझाव, मार्गदर्शनका लागि अनुरोध गर्दै सभालाई सभ्य र भव्य बनाउनका लागि यहाँहरुको सक्रिय भूमिकाको अपेक्षा सहित सम्पूर्णमा पुन हार्दिक धन्यवाद ज्ञापन गर्न चाहान्छु।

धन्यवाद। जय सहकारी।

संयुक्त वार्षिक साधारण सभाका लागि संचालक समितिको तर्फबाट सचिवको

आ व २०८०/८१ को प्रगति प्रतिवेदन तथा आ व २०८१/८२ को नीति तथा कार्यक्रम



– बुद्ध सिंह थापा
सचिव

सविक ज्योति मिर्मिरे सामुहिक बचत तथा ऋण सहकारी संस्था लि. पनौती न.पा. ६ र युवा स्वावलम्बन बहुउद्धेश्यीय सहकारी संस्था लि. बेथानचोक गा.पा. २ बिच एकिकरण घोषणा भएको ज्योति मिर्मिरे सामुहिक बचत तथा ऋण सहकारी संस्था लि. पनौती न.पा. ६ को संयुक्त साधारण सभाको एकाई बैठकका सभापति ज्यू, प्रमुख अतिथि एवं अतिथि ज्यूहरु, संस्थाका संचालक एवं लेखा सुपरिवेक्षणका पदाधिकारी ज्यूहरु, सल्लाहकार ज्यूहरु, कर्मचारी मित्रहरु,आमन्त्रित पत्रकार ज्यूहरु तथा श्रद्धेय शेयर सदस्यज्यूहरुमा सहकारी अभिवादन व्यक्त गर्दछु । आज हामी आर्थिक मन्दिसँग जुधिरहेको परिस्थितीमा हामीलाई सहकारी अभियान प्रतिको नकारात्मक टिका टिप्पणी तथा अविश्वासले अप्रत्यक्ष रुपमा असर पारेपनि यस विषम परिस्थितिमा संस्थाका शेयर सदस्य ज्यूहरुको अपार समर्थन र संस्था प्रतिको स्नेहको कारण यस संस्थाको विकासको गति अपेक्षित नै रहेको कुरा व्यक्त गर्न पाउँदा हामी हर्षित छौं ।

यहि मिति २०८१ साल असोज १० गते देखि १२ गते सम्मको अविरल वर्षा र बाढी पहिरोका कारण संस्थाका सदस्यहरुको घर गोठ,पशु चौपाय र सदस्य साथै एकाघर परिवारको मृत्यू भएकाले उक्त घटनाले संस्था परिवार अत्यन्तै स्तब्ध भएको छ ,दुखको यस घडीमा मृतक प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै परिवारमा समवेदना ब्यक्त गर्दछौ साथै घाईतेको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछौ । यस प्रकारको विपदको समयमा सवैजना संयम र धैर्य र एकताबद्ध भई यो विषम परिस्थितीलाई सामना गर्नुपर्ने अवस्था आएको छ र सोही बमोजिम हामीले हाम्रा आगामी कार्यक्रमहरु तय गरेको जानकारी गराउन चाहन्छु ।

सहकारी क्षेत्रबाट नै आफ्ना सदस्यहरुको आर्थिक, सामाजिक, साँस्कृतिक तथा समग्र पर्यावरणको क्षेत्रमा सकारात्मक परिवर्तन गरि समृद्ध नेपाल सुखि नेपालीको राष्ट्रिय चाहना पुरा गर्न थप योगदान पुर्याउन सकिन्छ । यीनै भावनालाई आत्मासाथ गरि आगामी दिनहरुमा सहकारी भावनालाई आत्मासाथ गरी अझ सुदृढ, शसक्त र बलियो संगठन निमार्ण गरि सदस्यहरुको आर्थिक, सामाजिक साँस्कृतिक एवं वातावरणीय आवश्यकता एउटै संस्थाबाट पुरा गर्ने लक्ष्यका साथ भावना, आवश्यकता र भुमिका मिल्ने अन्य सहकारी संस्थहरुसंग आपसमा गाभिएर एउटै ठुलो संस्था निर्माणको अभियानमा हामि जुटिरहेका छौं । यस संस्थाले सहकारी एकिरणमा अगुवाको भुमिका निर्वाह गर्दै आफ्नो छुट्टै पहिचान बनाएकाले हाल सम्म पाँच वटा भिन्ना भिन्नै स्थानको विभिन्न सहकारीहरुसंग एकिकरण गरि सकेको छ । आज हामी थप एक संस्था थप गरी हाम्रो एकिकरणको अभियान निरन्तर जारी रहेको सन्देश दिन चाहन्छौ । आगामी वर्षहरुमा थप संस्थाहरु सँग एकिकरण गरी सम्वृद्ध साकोस निर्माण गर्ने आशा र भरोसा व्यक्त गर्दै यहाँहरुको माया साथ र सल्लाहको अपेक्षा गर्दछु ।

गत वर्ष झै यस वर्ष पनि संस्थाका ७ वटा एकाई मार्फत संयुक्त साधारण सभा सम्पन्न गर्न गईरहेका छौ ।

अव म आर्थिक वर्ष ०८०।०८१ को प्रगति प्रतिवेदन यस गरिमामय सयुक्त साधारण सभामा पेश गर्ने अनुमति चाहन्छु ।

१. यस आ.व. को प्रगति समिक्षा :

क) सदस्यता बृद्धि तर्फ

संस्थाको कार्यक्षेत्र भित्र रहेका सम्पूर्ण सदस्यहरुलाई यस वर्षभरि नै सदस्यता खुल्ला राखि तपशिल बमोजिम सदस्यता वृद्धि गरिएको जानकारी गराउँदछु ।

सदस्य विवरण :

गत आ.व.को अन्तमा पुरुष सदस्य संख्या ७८११,महिला सदस्य संख्या ७५७४ गरी जम्मा १५३८५ रहेकोमा यस आ.व. २०८०/८१ को अन्त सम्ममा पुरुष सदस्य १५४२ जना र महिला सदस्य १३९९ थप भई जम्मा २९४१ थप भएको जानकारी गराउँदछु । यसरी यस आ.व.को अन्तमा तपसिल बमोजिम सदस्य रहेको जानकारी गराउँदछु ।

पुरुष सदस्य संख्या	: ९१८८
महिला सदस्य संख्या	: ९१०३
संस्थागत	: ३५
जम्मा सदस्य	: १८३२६
बाल बचतकर्ता सदस्य	: १७२५
कूल जम्मा सदस्य	: २००५१

ख) बचत तथा ऋण परिचालन र शेयर खरिद तर्फ :

उल्लेखित सदस्यहरुबाट आ.व. ०८०/०८१ को अन्त सम्ममा गरिएको कुल कारोबारहरुलाई बुँदागत रुपमा प्रस्तुत गर्दछु ।

१.१ शेयर रकम	रु.१२,३१,०८,७००।
१.२ बचत (निक्षेप) रकम	रु.९५,१०,६०,१७८।५२
१.३ ऋण लगानी रकम	रु.९२,६२,६१,१४१।१९
१.४ शेयर तथा बचत लगानी रकम	रु.१३,९०,२३,६४६।७२
१.५ फर्निचर तथा जग्गा जमिन	रु.४,८२,५१,८२२।०४

ग) आ.व. ०८०/०८१ मा लक्षित क्रियाकलाप र सम्पन्न भएको प्रगति प्रतिशतका आधारमा :

क्र.स.	कार्यक्रमको नाम	पटक /संख्या	उपलब्धि	उपलब्धि प्रतिशतमा	कैफियत
१	उद्यमशिल सदस्य निर्माण	१०	६	६०	
२	शिक्षा	६	६	१००	
३	वित्तिय क्षेत्र	७	५	७१.४३	
४	सामाजिक कार्यक्रम	३	३	१००	
५	महिला तथा जेष्ठ नागरिक	१३	८	६१.५४	
६	युवा तथा वालवलिका	११	५	४५.४५	
७	पूर्वाधार तथा कार्यालय व्यवस्थापन सम्बन्धि	१०	९	९०	
८	वातावरण संरक्षण	४	३	७५	
९	प्रविधि विस्तार	९	७	७७.७७	
१०	सञ्चालक समिति क्षमता विकास	९	९	१००	
११	कर्मचारी क्षमता विकास	१९	१८	९४।७४	
१२	श्रोत केन्द्र स्थापना	१	१	१००	
१३	एकिकरण योजना	३	१	३३.३३	
१४	सदस्य सुरक्षा तथा प्रोत्साहन	१४	१०	७१.४३	
जम्मा		११९	८८	७३.९५	

२. सामाजिक क्रियाकलापहरु :

हाम्रो समाज विभिन्न धर्म संस्कृति र परम्पराको संयोजनबाट निर्माण भएको छ । विशेष गरी बचत तथा ऋणको कारोवार गर्ने सहकारीले सदस्यको आर्थिक, सामाजिक, साँस्कृतिक र वातावरणीय पक्षको सकारात्मक परिवर्तनको लागि सदस्य केन्द्रित,समूदाय केन्द्रित भएर विभिन्न कृयाकलापहरु सम्पन्न गर्नुपर्ने हुन्छ । त्यसैले विगत वर्षदेखि संस्थाले सदस्यका लागि तपसिल बमोजिमका विविध सामाजिक क्रियाकलापहरु सञ्चालन गर्दै आइरहेको व्यहोरा अनुरोध गर्दछु ।

क) नवदुलही स्वागत कार्यक्रम :

हाम्रो धर्म सस्कृति र परम्परालाई जोगाई राख्न सहकारीको सातौ सिद्धान्तको रुपमा रहको समूदाय प्रति चासोलाई हामीले आत्मसाथ गर्दै सदस्यको सु:ख दु:खको सहयात्रीको रुपमा अगाडी बढिरहेको छौ । सदस्यहरुले आफ्नो छोराको विहेमा संस्थाको नाममा दिएको निमन्त्रणालाई स्वीकार गरि सदस्यको घरमा भित्रिएकी नव दुलहीलाई घरमा नै गई स्वागत गर्ने र नि:शुल्क संस्थाको सदस्यता प्रदान गर्ने गरेको छ । यस आ.व.मा मुख्य कार्यालय लगायत सेवाकेन्द्रहरुबाट २४ जना नवदुलहिलाई स्वागत गर्दै संस्थाको सदस्यता प्रदान गरिएको छ ।

ख) समवेदना तथा श्रद्धान्जली :

अ) सदस्य मृत्यु राहत

संस्था सदस्यको सुखमा मात्र हैन दुखमा पनि संग सगै रहेको छ । संस्थामा आवद्ध सदस्यहरुको मृत्युमा सदस्यको घरमा नै पुगि सदस्यको परिवारलाई सदस्य मृत्यु राहत रकम प्रदान गरि दिवंगत आत्माको चिर शान्तिको कामना सहित श्रद्धासुमन अर्पण गर्दै आएको छ । यस वर्ष दिवंगत हुनु भएका ५५ जना मृतक सदस्यको घरमा पुगी संस्थाका पदाधिकारी र कर्मचारीद्धारा परिवारमा समवेदना व्यक्त गरी राहत रकम जम्मा रु १२,०८,०००(वाह्र लाख आठ हजार) प्रदान गरिएको छ ।

आ) एकाघर परिवार मृत्यु राहत :

संस्थाले सदस्यको मात्र नभई एकाघर परिवारका सदस्यको मृत्युमा समेत राहत रकम प्रदान गर्ने नीतिगत व्यवस्था रहेको छ । एकाघर परिवारको कोहि सदस्यको मृत्यु भएमा एकाघर परिवार मृत्यु राहत रकम उपलब्ध गराउँदै आएको छ । यस आ.व.मा संस्थाबाट ८२ जना एकाघर सदस्यहरुलाई मृत्यु राहत वापत रु ३,१५,०००(तिन लाख पन्ध्र हजार)प्रदान गरिएको छ ।

ग)सदस्य स्वास्थ्य सुरक्षण सुविधा :

अ)उपचार राहत

संस्थाले आफ्ना सदस्यहरुको स्वास्थ्यमा आए पर्ने समस्याहरुलाई मध्यनजर गरि सदस्य स्वास्थ्य सुरक्षण सुविधा अन्तर्गत विरामी उपचार खर्च प्रदान गर्दै आइरहेको छ । सदस्यहरुको स्वास्थ्य उपचार गर्न अस्पतालमा २४ घण्टा भन्दा बढी समय भर्ना भई उपचार गर्नुपर्ने अवस्थामा वर्षमा एक पटक रु.१०,०००। सम्मको उपचार खर्च उपलब्ध गराउँदै आएको छ । सदस्यले यो सुविधा प्राप्त गर्नका लागि संस्थाले सञ्चालन गरेको सदस्य स्वास्थ्य सुरक्षण खातामा आवद्ध हुन पर्दछ । यस वर्ष सदस्य स्वास्थ्य सुरक्षण खातामा आवद्ध सदस्यहरुलाई उपचार खर्च अन्तर्गत १०१ जना सदस्यलाई रु ९,२३,०९९ (नौ लाख तेईस हजार उनान्सय रुपैयाँ) स्वास्थ्य उपचार राहत खर्च उपलब्ध गराईएको जानकारी गराउँदछु ।

घ) गर्भवति पोषण सहयोग :

कोख देखि शोक सम्म ज्योमिसा भन्ने नाराका साथ सदस्यहरुको हरेक अवस्थामा यस संस्थाको साथ रहदै आएको सन्दर्भमा संस्थाका महिला सदस्यहरु गर्भवति हुदाँ संस्थाको तर्फबाट गर्भवती महिलाको स्वास्थ्यलाई विशेष ध्यान राखि महिला सदस्यहरुको स्वास्थ्य हेरचाह गर्न आर्थिक सहयोग प्रदान गर्ने गरिएको छ । यस आ.व.मा ६९ जना गर्भवति महिला सदस्यहरुलाई पोषिलो आहार खरिदका लागि रु ६९,०००(उनान सत्तरी हजार रुपैयाँ) गर्भवति पोषण सहयोग रकम उपलब्ध गराईएको छ ।

ङ) बालवालिका जन्म उत्सव कार्यक्रम :

बच्चा जन्मेको ११ दिन भित्र बाल बचत खाता सञ्चालन गरी नियमित बचत गर्ने बाल सदस्यलाई बाल सदस्य १६ वर्ष नपुगे सम्म प्रत्येक वर्ष जन्मदिनको दिन जन्म उत्सव कार्यक्रम आयोजना गरी केक उपलब्ध गराउँदै आएको छ भने यस खातामा आवद्ध वाल सदस्यहरुलाई १६ वर्ष पश्चात उच्च शिक्षाको लागि ऋण आवश्यक परेको खण्डमा सहुलियत ऋण प्रदान समेत गर्ने गरिएको छ । यस आ.व.मा जम्मा ३४९ जना बालबालिकाहरुको जन्म उत्सव कार्यक्रम आयोजना गरी रु १,३९,६००(एक लाख उनानचालिस हजार छ सय रुपैयाँ) रकमको उपहार उपलब्ध गराईएको छ ।

च) प्राकृतिक तथा दैवी प्रकोप पिडित राहत सुविधा :

संस्थाले आफ्ना शेयर सदस्यको प्राकृतिक तथा दैवी प्रकोपबाट धनजनको क्षति भएका सदस्यलाई राहत रकम प्रदान गर्दै आइरहेको छ। यस आ.व.मा ८ जना सदस्यलाई प्राप्त निवेदनका आधारमा स्थलगत निरीक्षण समेत गरि जम्मा रु..३१,०००। राहत रकम प्रदान गरिएको छ ।

३. सम्बन्ध विस्तार तथा अनुभव साटासाट (सहकारी अध्ययन अवलोकन भ्रमण) :

हरेक मान्छेले आफुमा निखार ल्याउने भनेको उसले प्राप्त गर्ने ज्ञानबाट हो । सहकारीको छैटौ सिद्धान्त सहकारी बीच पारस्परिक सहयोगको भावना बमोजिम आफुमा रहेको ज्ञान अरुमा बाँडनु र अरुबाट आफुले नयाँ विषयवस्तु वा अनुभव साटासाट गर्दा एक अर्कामा सम्बन्ध विस्तार हुनुका साथै नयाँ अनुभवले नयाँ ज्ञान प्रदान गर्दछ । मानिस एकबाट अर्कोले केहि न केहि नयाँ ज्ञानहरु सिक्न सक्छ र सकारात्मक कुराहरुको सिकाइबाट उसले आफ्ना ब्यबहारमा परिवर्तन ल्याउन सक्छ । साथसाथै यस्ता भ्रमणबाट संस्थाको छविलाई समेत स्वदेश तथा विदेशमा समेत पुर्‍याउन सहयोग पुर्‍याउँछ । यसै कुरालाई मनन गर्दै यस संस्थामा पनि विभिन्न समयमा ७ वटा सहकारीबाट १४५ जना सहभागीहरुले अन्य जिल्लाबाट अवलोकन भ्रमण गरिएको छ ।

४. समिति तथा उप समितिहरुको सक्रियता र बैठक :

संस्थाको नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्ने क्रममा नियमित तथा विशेष गरी सञ्चालक समितिको पूर्ण बैठक सम्पन्न भएको साथै सोही समिक्षा अवधिमा लेखा सुपरिवेक्षण समिति, विभिन्न उप-समिति, सेवाकेन्द्र संचालन समिति, व्यवस्थापन उप-समिति र व्यवस्थापनको औपचारिक तथा अनौपचारिक बैठकहरू समेत सम्पन्न भएका छन् । कार्य सञ्चालनमा थप चुस्तता ल्याउन सबै तहका समितिहरूको बैठकलाई नियमित गरिएको छ । अधिकृतस्तरका कर्मचारीहरुलाई सहायकका रुपमा जिम्मेवारी प्रदान गरि प्रत्येक उप समितिको आवश्यकताका आधारमा बैठक बसी आवश्यक र महत्वपुर्ण योजना बनाई कार्य अगाडी बढाइरहेको समेत जानकारी यस सभामा गराउँदछु ।

आ. व. २०८०/८१ मा समिति उप समितिको बैठक संख्या :

क्र. स.	समिति उप समितिको नाम	सदस्य संख्या	बैठक संख्या	कैफियत
१	सञ्चालक समिति	१५ जना	१२	
२	लेखा सुपरीवेक्षण समिति	३ जना	५	
३	कार्यसम्पादन उप समिति	५ जना	१५	
४	ऋण उप समिति	५ जना	२१	
५	कृषि तथा व्यवसाय प्रर्वद्धन उप समिति	५ जना	३	
६	महिला उप समिति	९ जना	३	
७	मिर्मिरे सदस्य सेवा केन्द्र संचालन उप समिति	७ जना	१२	
८	सामुहिक सदस्य सेवाकेन्द्र संचालन उप समिति	७ जना	१२	
९	बनेपा सदस्य सेवा केन्द्रसंचालन उप समिति	७ जना	१२	
१०	कुशादेवी सदस्य सेवा केन्द्र संचालन उप समिति	७ जना	१२	
११	बेथानचोक सदस्य सेवाकेन्द्र संचालन उप समिति	७ जना	१२	
१२	जन्मज्योति सदस्य सेवाकेन्द्र उप समिति	३ जना	१२	
१३	रोशि सदस्य सेवाकेन्द्र	३ जना	५	
१४	मूल्याँकन उप समिति	३ जना	२	
१५	प्रकाशन उप समिति	३ जना	२	
१६	योजना तर्जुमा तथा बजेट विनियोजन उप समिति	संयुक्त	२	
१७	लघुवित्त उप समिति	५ जना	३	
१८	स्वास्थ्य उप समिति	५ जना	२	
१९	पदपूर्ति उप समिति	३ जना	६	
२०	समिक्षा बैठक	सयुक्त	४	
२१	शिक्षा उप समिति	५ जना	२	
२२	प्रोव्यासन कार्यदल	५ जना	६	
२३	युवा तथा बाल उप समिति	५ जना	३	
२४	भवन निर्माण उप समिति	५ जना	१४	
२५	जोखिम व्यवस्थापन उप समिति	५ जना	२	
२६	व्यवस्थापन ऋण बैठक	५ जना	३१२	
२७	सेवाकेन्द्र इन्चार्ज सहितको विभागिय बैठक	१६ जना	४	
२८	कर्मचारी बैठक	४२ जना	१२	

५. संस्थाको २४ औ बार्षिक साधारण सभा :

दिगो र उत्कृष्ट वित्तिय सहकारी संस्थाको परिकल्पना गरि समुदायमा आधारित भएर संचालित यस ज्योति मिर्मिरे सामूहिक बचत तथा ऋण सहकारी संस्थाको २४ औ बार्षिक साधारण सभा समारोह मिति २०८० साल भाद्र २९ गतेदेखि असोज ६ गते सम्म विभिन्न उपस्थिती केन्द्रहरुमा सम्पन्न भयो । संस्थाको २४ औ वार्षिक साधारण सभा पानसमा दीप प्रज्वलन गरी २०८० भाद्र २९ गते बेथानचोक एकाई साधारण सभाबाट उद्घाटन भएको साधारण सभा रोशी,बल्थली,मूख्य कार्यालय,बनेपा र कुशादेवीमा स्थानीय पालिकाका प्रमुख एवं वडा अध्यक्षहरुबाट उद्घाटन भएको थियो भने मूख्य कार्यालयको साधारण सभा पनौती नगरपालिकाका प्रमुख श्री रामशरण भण्डारीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । उक्त समारोहमा प्रमुख अतिथिहरुले नेपालको अर्थतन्त्रमा सहकारीले पुऱ्याएको योगदानको चर्चा गर्दै अबका दिनमा सहकारीलाई उत्पादनमा र सदस्यलाई आत्म निर्भर र सम्वृद्ध गर्ने विषयमा केन्द्रीत हुन पर्नेमा जोड दिनु भयो भने आत्मनिर्भरताका लागि सहकारीले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने कुरा उल्लेख गर्दै आवश्यक सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । कुल सदस्यहरुमा १०७३५(६९.५९) प्रतिशत सदस्यहरुको उपस्थिति रहेको उक्त साधारण सभामा संस्थाको गतिविधि र वार्षिक प्रगति विवरण पेश गर्नुका साथै विविध विधामा उत्कृष्ठ हुनुहुने सदस्यज्यू हरुलाई सम्मान समेत गरिएको थियो ।

२४ औ वार्षिक साधारण सभाको अवसरमा संस्थाको स्विकृत प्रोत्साहन निर्देशिका २०७१को दफा ३ बमोजिम देहाएको विधामा देहाएका सदस्यहरुलाई सम्मान गरिएको थियो ।

क्र.सं.	विधा	सदस्य नं/खाता नं.	नामथर	ठेगाना	कार्यालय
१	उत्कृष्ठ ऋणी	५४७९	सुभाशराज बन्जारा	पनौती ४	मिर्मिरे
२		८६५१	बालकृष्ण तिमल्सिना	बेथानचोक ३	बेथानचोक
३		१२७४१	गोविन्द प्रसाद हुमागाँई	पनौती ११	जन्मज्योति
४		५१९५	बुद्धे लामा	बेथानचोक ४	मुख्य
५		१९५३	लक्ष्मण थापा	पनौती न पा ४	मुख्य
६		३८३	शेषनाथ घिमिरे	पनौती ६	मुख्य
७		६७६२	सरोज कुमार वाँनिया	धुलिखेल १०	बनेपा
८		१०२२०	निर्मला के.सी.	पनौती १२	मुख्य
९		८८०९	कमला तिमल्सिना	पनौती ३	कुशादेवी
१०		११४४५	नानीमाया घ्यावा	बेथानचोक २	बेथानचोक
११	उत्कृष्ठ बचतकर्ता	७५१९	दिविशा श्रेष्ठ	पनौती ५	मिर्मिरे
१२		८९२६	पार्वती श्रेष्ठ	पनौती ४	सामुहिक
१३		१२९०१	कविता अधिकारी	बनेपा ६	बनेपा
१४		३४८५	नारायण थापा	पनौती ५	मुख्य
१५		८९२७	मेनुका के.सी	पनौती २	कुशादेवी
१६		८१३०	मन्जु बस्नेत	पनौती ६	मुख्य
१७		८५९६	नमराज तिमल्सिना	बेथानचोक ५	बेथानचोक

१८	उत्कृष्ठ बाल बचत कर्ता	९७८० (CS31701263)	सम्योग तामाङ	पनौती ४	सामुहिक
१९		८८८६ (CS31701292)	निकृता तिमल्सिना	पनौती १	कुशादेवी
२०		१०९०९ (CS31701440)	प्रान्जल हुमागाँई	पनौती ११	जन्मज्योति
२१		१२५८७ (CS31701679)	दिवाकर अधिकारी	बेथानचोक ३	बेथानचोक
२२		११४६२ (CS31701587)	सन्ध्या तिमल्सिना	पनौती ४	मिर्मिरे
२३	उत्कृष्ठ नियमित बचत कर्ता	८६७०	गोमामाया लामा	बेथानचोक ५	बेथानचोक
२४		४८८६	रेणुका शाही	पनौती ३	सामुहिक
२५		५९१८	भरतमणि अधिकारी	पनौती १०	बनेपा
२६		१०८२७	कोकिल गिरी	पनौती ११	जन्मज्योति
२७		८४६२	सरिता सापकोटा	पनौती ३	कुशादेवी
२८		२७०८	काईली बस्नेत	पनौती ४	मिर्मिरे
२९		१५७७	नानु रावल	पनौती ४	मुख्य
३०	उत्कृष्ठ शेयर खरिद कर्ता	562	च्याङ्वा गोले लामा	पनौती ६	मुख्य
३१	वर्षको उत्कृष्ठ कर्मचारी		रोशन वस्नेत	पनौती ४	मुख्य
३२	जे.एम.एस सहकारी अवार्ड		श्री दिलिप शर्मा	बनेपा ११	
३३	विशिष्ठ सदस्य अवार्ड	स.न १३२३०	डा. अनन्त अधिकारी	पनौती न पा ३	कुशादेवी

६. संस्थागत एकताको लागि आवद्धता :

प्रारम्भिक संस्थाहरुलाई नीति विधि र प्रविधिको उच्च प्रयोग गरी आफ्ना सदस्यहरुलाई अधिकतम सुविधा दिन, संस्थागत नीति नियम तर्जुमा गर्न,व्यवस्थापनको क्षमता अभिवृद्धि तथा सिप विकास, संचालक क्षमता अभिवृद्धि, संस्थागत व्यवसायिकरण तथा अन्तर सहकारी संस्थाहरुबीच पारस्परिक सम्बन्ध विकासका लागि हालसम्म देहाएका विषयगत संघहरुमा संस्था आवद्ध भएको छ ।

- राष्ट्रिय सहकारी बैक लि. काठमाडौ
- नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि.,काठमाडौ
- राष्ट्रिय समृद्ध आवास विशिष्टिकृत सहकारी संघ लि.काठमाडौ
- वागमति प्रदेश सहकारी संघ लि.
- वागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि.काभ्रे
- जिल्ला सहकारी संघ लि. काभ्रे,
- जिल्ला बचत तथा ऋण सहकारी संघ लि.काभ्रे
- पनौती नगर स्तरीय सहकारी समन्वय समिति,पनौती

७.संस्थागत भाइचाराका लागि आतिथ्यता :

विगत आ.व.को झैं यस आ.व.मा पनि संस्थाको नाममा विभिन्न संघ संस्था मार्फत अतिथिको लागि निमन्त्रणा

प्राप्त भएको र संस्थाका अध्यक्ष लगायत पदाधिकारी साथै व्यवस्थापनबाट समेत निमन्त्रणालाई स्विकार गरि आतिथ्यता ग्रहण भएको विषय सम्मानित सभामा जानकारी गराउन चाहन्छु ।

८.सुशासन र प्रवर्द्धन :

संस्थाले नीति विधि र प्रविधिलाई आत्मसाथ गरि कार्य गरि रहेको छ । संस्था सञ्चालनका लागि सञ्चालक एवम कर्मचारीको आचारसंहिता तथा संस्थागत मूल्य-मान्यतालाई सुशासन नीतिद्वारा व्यवस्थित गरिएको छ । नीति निर्माण एवम् निर्णय प्रक्रियामा सुरुदेखि अन्त सम्म समिति पदाधिकारी तथा सदस्यको प्रत्यक्ष सहभागी हुने परिपाटीलाई संस्थागत गरिएको छ । सहकारी ऐन, नियमावली तथा सहकारी विभागको संस्थागत सुशासन सम्बन्धी व्यवस्थाको भावना र मर्म बमोजिम निर्देशनको पालना गर्दै आएको छ । आन्तरिक तथा बाह्य लेखा परीक्षक तथा नियमनकारी निकायहरूले औंल्याएका कैफियत एवम् सुझावहरूमाथि गम्भीरतापूर्वक छलफल गर्ने र सुधारका लागि योजनासहित व्यवस्थापनलाई निर्देशन दिने गरिएको छ । संस्थाको मौजुदा सुशासन नीति तथा सम्पत्ति शुद्धीकरण सम्बन्धी नीति मार्फत संस्थाका हरेक क्रियाकलापलाई व्यवस्थित एवम सुदृढ गर्दै लगिएको छ ।

९. एकिकरण दिवस :

वि.स. २०६९ साल फाल्गुन १९ गते ४ वटा सहकारी एकैपटक एकिकरण गरी नेपालमा पहिलो पटक सहकारी एकिकरण गर्ने संस्थाको रुपमा आफ्नो छुट्टै पहिचान बनाउन सफल यस संस्था हाल सम्म ६ वटा सहकारी एकिकरण गरि सञ्चालनमा रहेको छ । संस्थाले प्रत्यक वर्षको फाल्गुन १९ गते एकिकरण दिवस मनाउँदै आएको छ । यसै क्रममा २०८० फाल्गुन महिनाको १९ गते पनि संस्थाले विभिन्न कार्यक्रम सहित एकिकरण उत्सव मनाएको छ । उक्त कार्यक्रममा संस्थाका अध्यक्ष उद्धव सापकोटाको सभापतित्व र पनौती नगरपालिका प्रमुख श्री रामशरण भण्डारीको प्रमुख आतिथ्यता साथै नेफ्स्कुन, वागमति प्रदेश बचत संघ, जिल्ला सहकारी संघ काभ्रे, जिल्ला बचत संघ काभ्रेका पदाधिकारीहरु, पनौती नगरपालिका जनप्रतिनिधि, छिमेकी सहकारीका संचालक तथा काभ्रे जिल्लाका पत्रकार लगायत सदस्यको उल्लेख्य उपस्थिती रहेको थियो । संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री गोपाल दाहालको सञ्चालन तथा संस्थाका अध्यक्ष श्री उद्धव सापकोटाको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा प्रत्येक बर्ष विविध सामाजिक कार्यहरु गर्दै आएकोमा यस वर्ष समेत १४ जना अपाङ्ग सदस्य, ७५ वर्ष माथिका १ सय ७४ जना जेष्ठ सदस्यलाई जेष्ठ नागरिक भत्ता सहित सम्मान, ७० वर्ष माथिका ३ सय ६६ जनालाई सम्मान गरिएको थियो । साथै उक्त अवसरमा संस्थाले पनौती बसपार्कमा खुल्ला रक्तदान कार्यक्रम आयोजना गरिएको थियो जसमा १२३ जना सहभागी भई ६० जनाले रक्तदान गरेका थिए । उक्त अवसरमा संस्थाको बचत र ऋण कारोबारमा सहभागी भइ उत्कृत कारोबार गर्ने सदस्यहरु, एस.इ.इ.मा उत्कृष्ट अंक प्राप्त गर्ने सदस्य साथै सदस्यका सन्तानहरुलाई सम्मान गरिएको थियो भने उक्त अवसरमा पनौती त्रिवेणीमा रहेको माइती बृद्धाआश्रममा रासन सहयोग गरि आफ्नो ११औं एकिकरण उत्सव सम्पन्न गरेको थियो ।

संस्थाको स्वीकृत प्रोत्साहन निर्देशिका २०७१को दफा ३ बमोजिम देहाएको विधामा देहाएका सदस्यहरुलाई दशौ एकिकरण उत्सवका अवसरमा सम्मानित गरिएको थियो ।

क्र स	नामथर	सदस्य नं.	ठेगाना	कार्यालय	विधा
१.	कान्छी लामा	१९६७	पनौती- १०	मुख्य कार्यालय	नियमित बचत
२.	धनकुमारी फुयाल	५०४९	पनौती-९	मुख्य कार्यालय	उत्कृष्ट ऋण कारोवार
३.	खिलप्रसाद हुमागाई	४११९	पनौती-१२	मुख्य कार्यालय	उत्कृष्ट ऋण कारोवार
४.	कृष्णप्रसाद तिमल्सिना	२५७३	पनौती-४	मिमिरे सेवाकेन्द्र	उत्कृष्ट ऋण कारोवार
५.	कमला श्रेष्ठ	२९२७	पनौती-४	सामुहिक सेवाकेन्द्र	उत्कृष्ट बचत कर्ता
६.	यम विक्रम तिमल्सिना	८७८३	बेथानचोक-२	बेथानचोक सेवाकेन्द्र	दैनिक बचत कर्ता
७.	तुलसी सापकोटा	१०९१८	पनौती-११	जन्मज्योती सेवाकेन्द्र	नियमित बचत
८.	सन्चिता तामाङ	१२५०८	पनौती-११	जन्म ज्योती सेवाकेन्द्र	उत्कृष्ट ऋणी
९.	सन्तोष सापकोटा	११८६४	पनौती-१	कुशादेवी सेवाकेन्द्र	उत्कृष्ट ऋणी
१०.	खडानन्द दाहाल	८०४८	पनौती-४	बनेपा सेवाकेन्द्र	उत्कृष्ट ऋणी
११.	मखकली के सी	६७६३	धुलिखेल-९	बनेपा सेवाकेन्द्र	उत्कृष्ट नियमित बचत कर्ता

१०. संस्थाको सेवा विस्तार :

संस्थाको कार्यक्षेत्र र सदस्यको सेवालाई मध्यनजर गर्दै मुख्य कार्यालय सहित ८ वटा कार्यालयबाट संस्थाले आफ्ना सदस्यहरुलाई सेवा प्रदान गर्दै आएको छ । स्थानीय स्तरमा छरिएर रहेको पूँजीलाई एकत्रित गरी समुदायका सदस्यको आर्थिक तथा सामाजिक विकासको लागि परिचालन गर्ने उद्देश्यले सञ्चालित यस संस्थाले आफ्ना सेवा तथा सुविधाको विकास र विस्तार गरी स्थानीय स्तरमा नै एकीकृत वित्तीय तथा गैर-वित्तीय सेवा प्रदान गर्दै आइरहेको छ । यसबाट संस्थाको सेवा क्षेत्र विस्तार हुन पुगेको र सदस्यको वित्तीय पहुँचमा समेत वृद्धि भएको छ ।

हाल सञ्चालनमा रहेका कार्यालयहरुको विवरण :

मुख्य कार्यालय	पनौती-६, नमोबुद्धरोड काभ्रे
ज्योति सदस्य सेवाकेन्द्र	पनौती न.पा. ६ काभ्रे
मिर्मिरे सदस्य सेवाकेन्द्र	पनौती-४, ठाडोबाटो काभ्रे
सामुहिक सदस्य सेवाकेन्द्र	पनौती-४, ज्यालाचिटि काभ्रे
बनेपा सदस्य सेवाकेन्द्र	बनेपा-७, गोदामचोक काभ्रे
कुशादेवी सदस्य सेवाकेन्द्र	पनौती-२, कुशादेवी काभ्रे
बेथानचोक सदस्य सेवाकेन्द्र	बेथानचोक-२, ढुंखर्क काभ्रे
जन्म ज्योति सदस्य सेवाकेन्द्र	पनौती -११, बल्थली,काभ्रे
रोशि सदस्य सेवाकेन्द्र	पनौती- न पा १२, रोशि काभ्रे

११.सदस्यबाट प्राप्त सुझाव कार्यान्वयन:

सदस्यका सकारात्मक सुझाव एवम् सल्लाह संस्थाका लागि अमूल्य सम्पत्ति हुन भन्ने संस्थागत बुझाइका साथ सुझाव एवम सल्लाह तथा गुनासोलाई प्रत्यक्ष रूपमा छिटो-छरितो तवरले सम्बोधन गर्ने गरी संस्थामा (हरेक सदस्य सेवा केन्द्रमा) सुझाव पुस्तिका राख्ने र त्यहाँ व्यक्त भएका भावनालाई सञ्चालक समितिको बैठकमा प्रवेश गराई तुरुन्त सम्बोधन गर्ने गरिएको छ । यसै गरी आधुनिक प्रविधिको प्रयोग र सुगमतालाई मध्यनजर गर्दै ज्योति मिर्मिरेको आफ्नै एप्सको माध्यमबाट पनि सुझाव सल्लाह लिने र सम्बोधन गर्ने परिपाटीको विकास गरिएको छ । साथै सबै कार्यालयमा सदस्य सेवा सूचना तथा सुझाव पेटिकाको व्यवस्था गरिएको छ । यसै सन्दर्भमा सुझाव पुस्तिका एवम भेटका माध्यमबाट सदस्यले आफ्ना अमूल्य सुझाव, सल्लाह एवम् गुनासाहरू व्यक्त गरी हामीलाई सचेत गराउनु भएकोमा संलग्न तपाई सम्पूर्ण सदस्यज्यूहरूलाई धन्यवाद दिन चाहन्छु र निरन्तर यस्तै सहभागिताको अपेक्षा पनि गर्दछु ।

१२.विप्रेषण सेवा (मनी ट्रान्सफर) :

विप्रेषण सेवालाई संस्था मार्फत् आफ्नै घर-दैलोमा प्राप्त गर्ने व्यवस्था मिलाउन Money Transfer गर्ने निकायहरूसँग आवश्यक समन्वय गरी सेवालाई थप विस्तार गरिएको छ भने देशभित्र पनि रकम पठाउने तथा पाउने व्यवस्थालाई व्यापक र व्यवस्थित गर्दै सेवाको प्रभाव क्षेत्र बढाइएको छ । हाल संस्थाले प्रभु, हिमाल, आई एम ई, वेर्स्टन युनियन, सिटी एक्सप्रेस मनिट्रान्सफर मार्फत सेवा दिइरहेको र निकट भविष्यमा अन्य मनिट्रान्सफर सेवाहरु थप गर्ने जानकारी गराउदछु ।

१३. संस्थागत शुसासन तथा वैधानिकताका आधारहरु :(आन्तरिक कार्यविधीहरु)

संस्था नीति, विधि र प्रविधिमार्फत् सञ्चालित हुनुपर्छ भन्ने दृढ मान्यताका साथ हरेक क्रियाकलापलाई अझ बढी सुव्यवस्थित, प्रतिस्पर्धी एवम् व्यावसायिक बनाउनका लागि आवश्यक नीति, नियम एवम् कार्यविधिको तर्जुमा र मौजुदा नीति, नियम एवम् कार्यविधिको समयानुकूल परिमार्जन गर्ने कार्य यस वर्ष पनि निरन्तर रह्यो ।

१३.१ **आन्तरिक कार्यविधिहरु :**

- मानव संशाधन व्यवस्थापन आन्तरिक कार्यविधि २०७०
- ऋण लगानी तथा अशुली आन्तरिक कार्यविधि २०७० (शंसोधन सहित)
- बचत संकलन तथा परिचालन आन्तरिक कार्यविधि २०७०(शंसोधन सहित)
- निर्वाचन आन्तरिक कार्यविधि २०७०
- नगद परिचालन आन्तरिक कार्यविधि २०७०
- आर्थिक आन्तरिक कार्यविधि २०७४
- भाखा नाघेको ऋण असूली आन्तरिक कार्यविधि २०७०
- धितो मूल्याँकन आन्तरिक कार्यविधि २०७२
- लघुवित्त समूह गठन तथा परिचालन आन्तरिक कार्यविधि २०७१
- सदस्यता आन्तरिक कार्यविधि २०७१
- शेयर आन्तरिक कार्यविधि २०७१
- सेवा केन्द्र संचालन आन्तरिक कार्यविधि २०७०
- सदस्य स्वास्थ्य सुरक्षण तथा राहत आन्तरिक कार्यविधि २०७२
- उप समिति गठन तथा सञ्चालन आन्तरिक कार्यविधि २०७३
- सुशासन आन्तरिक कार्यविधि २०७४
- लेखा आन्तरिक कार्यविधि २०७०
- गल्ती व्यवस्थापन आन्तरिक कार्यविधि २०७१
- वाह्य ऋण आन्तरिक कार्यविधि २०७०
- सदस्य सेवा आन्तरिक कार्यविधि २०७५
- कोष व्यवस्थापन आन्तरिक कार्यविधि २०७६
- स्थीर सम्पत्ति आर्जन तथा व्यवस्थापन आन्तरिक कार्यविधि २०७६
- जोखिम व्यवस्थापन तथा सम्पत्ति शुद्धिकरण निवारण कार्यान्वयन आन्तरिक कार्यविधि २०७५
- पुराना कागज धुल्याउने आन्तरिक कार्यविधि २०७६
- सूचना प्रविधी आन्तरिक कार्यविधि २०७६
- तालिम भ्रमण तथा क्षमता विकास आन्तरिक कार्यविधि २०७७
- विद्युतीय भुक्तानी तथा फछ्र्यौट आन्तरिक कार्यविधि २०७७
- संगठन तथा सामान्य आन्तरिक कार्यविधि -२०७७

१३.२ **निर्देशिका तथा कार्यविधीहरु :**

- संचालक समिति बैठक संचालन कार्यविधी २०६९
- सदस्य हेरचाह कार्यविधी २०७१
- सदस्य राहत निर्देशिका २०७२
- टेलिफोन संचालन कार्यविधी २०७१
- प्रोत्सान निर्देशिका २०७१
- अतिरिक्त सेवा संचालन कार्यविधी २०७२
- हायर पर्चेज ऋण लगानी तथा अशुली निर्देशिका २०७२
- महाभुकम्प पिडित सदस्य राहत निर्देशिका २०७२

- सदावहार काउन्टर सेवा निर्देशिका २०६९
- अभिलेख तथा लेखा प्रमाणित गर्ने कार्यविधि २०७३
- बजेट कार्यान्वयन निर्देशिका २०७४
- बालक्लव गठन तथा परिचालन कार्यविधि २०७३
- सिष्टर क्लव गठन तथा परिचालन कार्यविधि २०७३
- असल ऋणि पहिचान कार्यविधि २०७३
- सदस्य सूचना कार्यविधि २०७४
- सभाहल व्यवस्थापन निर्देशिका २०७४
- योजना तथा बजेट निर्माण कार्यविधि २०७४
- अतिथि सत्कार कार्यविधि २०७४
- संरक्षित पूँजि फिर्ताकोष सञ्चालन कार्यविधि २०७५
- सम्पत्ति शुद्धिकरण निवारण कार्यविधि २०७५
- कर्मचारी सहुलियत ऋण सुविधा निर्देशिका २०७५
- साधारण सभा सञ्चालन निर्देशिका २०७४
- सदस्य गुनासो सुनुवाई कार्यविधि २०७५
- महामारीमा साधारण सभा सञ्चालन सम्बन्धी कार्यबिधि २०७७
- विद्युतीय प्रविधि (भर्चुअल) बैठक सञ्चालन कार्यविधि २०७७
- सामाजिक परिक्षण कार्यविधि २०७७
- महामारीमा सहकारी सेवा व्यवस्थापन सम्बन्धि निर्देशिका, २०७७
- महामारीमा व्यवसाय निरन्तरता योजना २०७७
- विपद व्यवस्थापन कोष परिचालन कार्यविधि - २०७७
- समूदाय तथा साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि
- आन्तरिक लेखा परीक्षण आन्तरिक कार्यविधि
- सवारी साधन परिचालन व्यवस्थापन कार्यविधि
- विपद जोखिम न्यूनीकरण निर्देशिका
- द्वन्द व्यवस्थापन निर्देशिका २०७८
- गर्भवति पोषण सहयोग कार्यविधि २०७९
- साधारण सभा सञ्चालन सम्बन्धि कार्यविधि २०७९

अव म यस वर्ष संसोधन गरिएका र नयाँ थप गरिएका तपशिल बमोजिमका आन्तरिक कार्यविधि एवं निर्देशिकालाई अनुमोदनका लागि यस सम्मानित सभा समक्ष प्रस्ताव पेश गर्दछु ।

यस वर्ष संसोधनका लागि प्रस्तावित आन्तरिक कार्यविधि तथा निर्देशिकाहरु :

१.ऋण आन्तरिक कार्यविधि
२.बचत आन्तरिक कार्यविधि
३.मानव संसाधन तथा व्यवस्थापन आन्तरिक कार्यविधि
४.शुसासन आन्तरिक कार्यविधि
५.जोखिम व्यवस्थापन तथा सम्पत्ति शुद्धिकरण निवारण कार्यान्वयन आन्तरिक कार्यविधि २०७५
६.आर्थिक आन्तरिक कार्यविधि

७.सेवाकेन्द्र सञ्चालन आन्तरिक कार्यविधि
८.सामाजिक परिक्षण कार्यविधि २०७७
९. संगठन तथा सामान्य आन्तरिक कार्यविधि -२०७७
१०.विपद व्यवस्थापन कोष परिचालन कार्यविधि २०७७
११.कोष व्यवस्थापन आन्तरिक कार्यविधि २०७९
१२. सदस्य स्वास्थ्य सुरक्षण तथा राहत आन्तरिक कार्यविधि २०७२

१४. मानव संसाधन :


संस्था सञ्चालनको मेरुदण्डका रुपमा रहेको व्यवस्थापन संरचनालाई समयसापेक्ष व्यवस्थित,चुस्त दुरुस्त बनाउन सकेमा संस्था सफल हुने हाम्रो विगतको कार्याशैलीबाट प्रमाणित भएकाले संस्थाले मौजुदा सञ्चालन संरचनामा परिमार्जन गरी सेवाकेन्द्र अवधारणाअनुसार अगाडि बढाएको छ । परिमार्जित सञ्चालन संरचना र एकीकरण पश्चात् समायोजन भई हाल यस संस्था अन्तर्गत व्यवस्थापनको विभिन्न तह र कार्यालयमा जम्मा ४२ जना कर्मचारीहरू नियमित सेवामा संलग्न रहनुभएको छ । आ.व. २०८१/०८२ मा तपशिल बमोजिम दरबन्दीहरू कायम भएको जानकारी गराउन चाहन्छु :

कर्मचारी दरबन्दी :

पद	तह	संख्या	आन्तरिक बढुवा	थप हुने	कूल कायम हुने
प्र.का.अ	आठौं	१	०	०	१
नायब प्र.का.अ	सातौ	०	०	१	१
लेखा विभाग प्रमुख	छैटौ	१	०	०	१
व्यवसाय विभाग प्रमुख	छैटौ	१	०	०	१
सदस्य सेवा विभाग प्रमुख	छैटौ	०	०	१	१
आन्तरिक नियन्त्रण तथा सूचना प्रविधी विभाग प्रमुख	छैटौ	०	१	०	१
अधिकृत (सदस्य सेवा कार्यालय प्रमुख)	छैटौ	१	०	०	१
सहायक अधिकृत (सदस्य सेवा कार्यालय प्रमुख)	पाँचौ	३	०	०	२
सुचना प्रविधि सहायक	चौथो	०	०	१	१
व्यवसाय सहायक (सदस्य सेवा कार्यालय इन्चार्ज)	चौथो	५	१	०	६
व्यवसाय सहायक (सदस्य सेवा कार्यालय इन्चार्ज)	तेश्रो	५	७	०	११
व्यवसाय सहायक	दोश्रो	१५	०	०	८
व्यवसाय सहायक	प्रथम	२	०	५	७
सहयोगी	श्रेणी विहीन	१	०	१	२
समयगत कर्मचारी	श्रेणी विहीन	५	०	०	५
सुरक्षा गार्ड		२	०	०	२
कूल जम्मा		४२	१०	९	५१

क्र.स.	तह	पद	संख्या
१	आठौं तह	प्रमुख कार्यकारी अधिकृत	१
२	छैटौं तह	विभागीय प्रमुख	४
३	पाँचौं तह	बरिष्ठ सहायक स्तर	२
४	चौंथो तह	सहायक स्तर	६
५	तेस्रो तह	सहायक स्तर	११
६	दोस्रो तह	सहायक स्तर	८
७	प्रथम तह	सहायक स्तर	९
८	श्रेणी विहिन	सहयोगी स्तर	१
९	श्रेणी विहिन	सुरक्षा सहयोगी	२
१०	श्रेणी विहिन	परिचर	१

जस अर्न्तगत कार्यरत कर्मचारीको तह गत संरचना निम्नबमोजिम रहेको छ :



१५.सहकारी शिक्षा शिविर तथा विस्तारित मञ्च :

सहकारी संस्थामा सदस्य प्रवेश गर्नुपूर्वदेखि निरन्तर सहकारी शिक्षा अनिवार्य विषय हो । यसबाट सदस्यहरुले आफनो संस्थाको यथार्थ अवस्थाको बारेमा जानकारी प्राप्त गर्दछन जसले गर्दा संस्थाको वारेमा जानकारी लिनुपर्ने विषयहरुको पूर्ण ज्ञान भई संस्थाप्रति सकारात्मक धारणा वनाउन सक्दछन र संस्थाको प्रगतिमा थप योगदान दिन सक्छन । यस संस्थाले विभिन्न स्थानमा सहकारी शिक्षा शिविर एवं विस्तारित मञ्जको आयोजना गरेको छ । आफना सदस्यहरुलाई यथोचित सबै संस्थागत विषय एवं नेतृत्व विकासका लागि लघुवित्त समूहमा सहकारी शिक्षा शिविरको आयोजना गरि लघुवित्त समूहमा आवद्ध करिव २४६९ जना, नयाँ समूह निर्माण र

विस्तारित मञ्चको आयोजना साथै फोन सम्पर्कबाट जम्मा १२९४७ जना गरी यस आ.व. मा ३४८९ वटा कार्यक्रम मार्फत जम्मा १५४१६ जना सदस्यलाई सहकारी शिक्षा साथै संस्थाको विविध वस्तु एवं सेवाको बारेमा जानकारी गराएको विषय म यस सम्मानित सभालाई जानकारी गराउँदछु ।

१६. ऋण वीमा, पशु तथा बाली विमा :

सदस्यको सुरक्षाको प्रत्याभुति गराउन यस संस्थाले सदस्यलाई ऋण परिचालन गर्दा ऋणी सदस्यको विमा गरिदिने, सदस्यले ऋण प्रयोग गरेको शीर्षक जस्तै पशुपालन, वालि, घर निर्माण, सवारीसाधन खरिद आदिको विमा गरिदिने जस्ता कार्य गर्दै आएको छ । कुनै पनि बेला सदस्यहरुमा आइपर्ने असहज परिस्थितिलाई सहज बनाउन संस्थाले विमा गराउँदै आएको छ । सदस्यलाई पर्न जाने वित्तिय भारबाट जोगाई आईपर्ने सम्भावित दुर्घटनाको जोखिम बहन गरि विमा मार्फत सदस्यलाई सुरक्षाको प्रत्याभुति गराउँदै आएको छ साथै यस आ.व.मा पनि विभिन्न समयमा यस संस्थाबाट ऋण परिचालन गरेका सदस्य मध्ये ३ जना ऋणीहरुको मृत्यू भई जम्मा ऋण रकम रु १,८६,००० (एक लाख छयासी हजार) ऋण विमा वापत भुक्तानी गरिएको छ भने सदस्यको पशुको विमा गरी मृत्यू भएका पशुको विमांक रकमको ९० प्रतिशत रकम भुक्तानी गरिएको यस सभामा जानकारी गराउँदछु साथै पनौती नगरपालिका क्षेत्र भित्र बसोबास गरि पशुपालन व्यवसाय गरि रहनु भएका सदस्यहरुले संस्था मार्फत पशु विमा गर्दा सदस्यले भुक्तानी गरेको विमा प्रिमियमको ५० प्रतिशत रकम पनौती नगरपालिका मार्फत फिर्ता गरिएको विषय समेत जानकारी गराउँदछु ।

१७.सहकारी र स्वनियमन

सहकारी संस्थाको सञ्चालन प्रभावकारीता अनुगमन गरी दिगो तथा सुरक्षित संस्था निर्माण गर्ने उद्देश्यले सहकारी संस्थाको अनुगमन तथा पृष्ठपोषण प्रदान गर्न र स्वनियमनमा सञ्चालन गर्न लेखा परीक्षण शाखा निर्माण गरी विभागीय कर्मचारीलाई आन्तरिक लेखा परीक्षण गरी प्रतिवेदन पेश गर्न तालिम प्रदान गरी कार्यविवरण प्रदान गरिएको छ भने लेखा सुपरिवेक्षण समितिले त्रैमासिक रुपमा अनुगमन गरी दिईएको सुझावलाई अक्षरस पालना गरी गरिएको छ भने नियामक निकायले जारी गरेको निर्देशनको पालना गरी संस्था सञ्चालन गरिएको व्यहोरा जानकारी गराउँदछु ।

यसै गरी संस्थाले ऋण लगानीलाई सुरक्षित बनाउन रू. १० लाखभन्दा माथिको ऋण लगानी गर्दा संस्थागत धितो मूल्याङ्कन कर्ताद्वारा मूल्यांकन गरी ऋण लगानी गर्ने नीतिगत व्यवस्था गरिएको छ । संस्थागत धितो मूल्याङ्कनकर्ता छनौट, सूचीकृत र स्वीकृत प्रक्रिया पारदर्शी ढङ्गबाट प्रक्रियागत तवरले गरिएको छ । हाल संस्थामा तपसिल अनुसारका संस्थागत धितो मूल्यांकनकर्ता सूचीकृत भएका छन् :-

१.आरम्भ इन्जिनियरिङ कन्सल्टेन्ट बनेपा न पा ६ काभ्रे
२.ए आर आर कन्सल्टेन्ट बनेपा न पा ९ काभ्रे
३.ईनोभेसन इन्जिनियरिङ सर्भिसेज प्रा.लि., पनौती न पा ४ काभ्रे
४.वासुध इनोभेटिभ इन्जिनियरिङ कन्स्ट्रक्सन सर्भिसेज प्रा.लि. पनौती न पा १० काभ्रे

१८.प्रोब्यासन कार्यक्रमको निरन्तरता:

यस संस्थाले भाग लिदै आएको नेपालस्तरको प्रोब्यासन कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिएको छ । नेफस्कूनद्धारा अनुगमन गरिने उक्त कार्यक्रमले सदस्य सुविधालाई बृद्धि गर्दै आफनो वित्तिय अनुशासन,वस्तु तथा सेवाको गुणस्तर कायम गर्न सक्षम रहेको विषय म यस सम्मानित सभा समक्ष राख्न चाहन्छु ।

१९.आधुनिक प्रविधिको उच्चतम् प्रयोग :

"नविनतम प्रविधी संस्थाको टेवा, हातहात र घरघरबाट वित्तिय सेवा" लाई मध्यनजर गर्दै संस्थाको सेवा संचालनलाई प्रभावकारी, विश्वासिलो, भरपर्दो र समय सापेक्ष बनाउनका लागि M-FIN PLUS सफ्टवेयर प्रयोग गरी वित्तिय बजारमा उपलब्ध भएका प्रविधीहरुलाई संस्थामा अबलम्बन गरि संस्थाको सेवा विस्तार गरिएको छ । मोवाईल बैकिङ सेवाको विकास गरी सदस्यले घरबाटै मोवाइलमा रिचार्ज, डिस होम रिचार्ज, ईन्टरनेटको विल भुक्तानी, बिद्युत, पानी आदिको विल भुक्तानी साथै आफ्नो एउटा खाताको रकम अर्को सदस्यको खातामा पठाउन र घरमै वसी आफनो खाताको रकम हेर्ने साथै संस्थागत गतिविधिको जानकारी प्राप्त गर्ने सकिने व्यवस्था मिलाईएको छ । यस वर्षबाट सदस्यले शुन्य व्यालेन्स भएको मोवाइलबाट समेत मेसेज सुविधा उपयोग गरि मोवाइल रिचार्ज गर्न मिल्ने छ । बैंकबाट संस्थाको खातामा र संस्थाको रकम बैंकको खातामा रकम स्थानान्तरण गर्न मिल्ने सुविधा थप गरिएको छ । हाल यस एप्समा सदस्यहरुको सहभागीता उत्साहजनक रहेको छ साथै यो एप्स सरल एवं सहज र जुन सुकै व्यक्तिले राम्रो संग चलाउन जान्ने एप्स भएकोले यसलाई प्रयोग गरी संस्थागत जानकारी हासिल गर्न अनुरोध समेत यसै सभाबाट अनुरोध गर्दछु ।

क्र.स	प्रविधीको नाम
१	मोबाइल बैकिङ
२	क्यू आर कोड सर्भिस
३	ट्याब बैकिङ
४	मिस्कल नोटिफिकेसन बैकिङ
५	एस एम एस बैकिङ
६.	ईन्टरनेट बैकिङ

२०. प्रभावकारी सूचनाका लागि सूचना प्रविधीको विकास योजना

"सदाचारयुक्त व्यवहार, प्रविधीमा आधारित सूचना र सरोकार" लाई आत्मसाथ गर्दै संस्थाले नियमित रुपमा प्रकाशन र प्रशारण गर्नु पर्ने सूचनालाई प्रभावकारी बनाउदै सबै सदस्यहरुमा सूचनाको पहुँच विस्तारका लागि देहाएका योजनाहरुलाई संस्थाको सूचना प्रदान गर्ने औजारको रुपमा विकास गरिएको छ ।

क्र.स	सूचनाको औजार
१	वेवसाइट (Website)
२	फेसबुक पेज (Face book)
३	सूचनापाटी
४	जिबो
५.	युटुव च्यालन

संस्थाको आन्तरिक सुरक्षा

- सि सि क्यामेराको रेकर्डलाई दोहोरो व्याकपको व्यवस्था गरिएको छ ।
- संस्थाभित्र कुनै विपत्ति वा घटना घटेमा वा व्याकपमा समस्या आउँदा क्यामेरामै रेकर्ड रहने व्यवस्था मिलाईएको छ ।
- संस्थाले प्रयोग गर्ने सफ्टवेयरमा अन्य कुनै वाहिरी निकायको प्रवेशलाई रोक लगाउन फायरवालको व्यवस्था गरिएको छ ।

- संस्थाका महत्वपूर्ण कागजजातको स्कानिङ गरि सवै केन्द्रको कागजजात केन्द्रिकृत हुने व्यवस्था मिलाईएको छ,यसले सेवाकेन्द्रका कम्प्युटर वा सर्भरमा समस्या आउँदा समेत दोहोरो व्याकपको व्यवस्था हुनेछ ।
- संस्थामा आउने सदस्यको लागि फ्रि वाई फाईको व्यवस्था गरिएको छ ।
- संस्थाको वाहिरी सुरक्षाका लागि २४ घण्टा सुरक्षा गार्डको लागि यस वर्ष २ जना सुरक्षागार्डको व्यवस्था मिलाईएको छ ।

२१. गोष्ठी तथा तालिमहरुमा सहभागिता :

सिकाई निरन्तर आवश्यक विषय भएको छ,आफूमा रहेको ज्ञान,क्षमतालाई निखार ल्याउन विभिन्न किसिमका गोष्ठि तालिमहरुको आवश्यकता पर्ने भएकाले यस आ व मा सञ्चालक समिति,उप समिति तथा कर्मचारीहरुलाई तपसिलका तालिम,गोष्ठिहरुमा सहभागी गराईएको छ ।

क्र.स.	कार्यक्रम	स्थान	आयोजना गर्ने कार्यालय	सहभागी	पद	सहभागी भएको मिति देखि	सहभागी भएको मिति सम्म
१	सहकारीमा महिलाहरुको नेतृत्व विकास	होटल उग्रचण्डि, बनेपा	जिल्ला सहकारी संघ, काभ्रे	कान्छि मैंया थापा	उपाध्यक्ष	२०८०.०६.२०	२०८०.०६.२१
२	सहकारीमा कृषि तथा ग्रामिण विकास व्यवसाय	भारतको पुने कृषि महाविश्व विद्यालय	नेफस्कुन	पुर्णराम तुलाधर	कोषाध्यक्ष	२०८०.०६.१६	२०८०.०६.१९
३	अध्यक्षहरुको क्षमता अभिबृद्धि	अल्फा हाउस काठमाडौं	नेफस्कुन	कान्छि मैंया थापा	उपाध्यक्ष	२०८०.१०.२३	२०८०.१०.२४
४	प्रथम वागमती साकोस समिट	जर्मन होम हस्पिटालिटि, भक्तपुर	वागमती प्रोस्कून	पुर्णराम तुलाधर	कोषाध्यक्ष	२०८०.११.१६	२०८०.११.१७
५	सहकारी अध्ययन अवलोकन भ्रमण	चितवन	ज्योमिसा साकोस	उप समिति पदाधिकारी		२०८०.१२.२३	२०८०.१२.२५
६	पञ्चवर्षिय रणनीतिक व्यवसायिक योजना तर्जुमा	पोखरा	ज्योमिसा साकोस	संचालक समिति, लेखा समिति		२०८१.०१.५	२०८१.०१.८
७	उद्घोषण तालिम	संस्थाको सभाहल	ज्योमिसा साकोस	संचालक समिति, लेखा समिति, उप समिति पदाधिकारी		२०८१.०१.२७	२०८१.०१.२९
८	क्षमता विकास तथा अन्तरक्रिया	ताम्राकार पार्टि भेन्यू	ज्योमिसा साकोस	संचालक समिति, लेखा समिति, उप समिति पदाधिकारी		२०८१.०१.२९	२०८१.०१.२९

व्यवस्थापन

क्र.स.	कार्यक्रम	स्थान	आयोजना गर्ने कार्यालय	सहभागी	पद	सहभागी भएको मिति देखि	सहभागी भएको मिति सम्म
१	डिजिटलीकरण र वित्तिय समावेशन	भारतको पुने कृषि महाविश्व विद्यालय	नेफ्स्कुन	पुरुषोत्तम दाहाल	ऋण तथा लघुवित्त विभाग प्रमुख	२०८०.०६.२२	२०८०.०६.२६
२	सहकारीमा ऋण व्यवस्थापन	अर्याल इन्टरेश्नल होटल काठमाडौं	वागमती प्रदेश बचत संघ प्रोस्कुन	विनोद तिमल्सिना	बनेपा सेवाकेन्द्र प्रमुख	२०८०.६.२०	२०८०.६.२२
				अभिषेक बजगाँई	बेथानचोक सेवाकेन्द्र इन्चार्ज		
				गौरी खत्रि	ऋण सहायक		
३	सहकारी अर्थ व्यवस्था गोष्ठि	होटल सारथि धुलिखेल	जिल्ला सहकारी संघ	गोपाल दाहाल	प्रमुख कार्यकारी अधिकृत	२०८०.१०.२५	२०८०.१०.२६
				रोशन बस्नेत	कुशादेवी सेवाकेन्द्र प्रमुख		
				विनोद तिमल्सिना	बनेपा सेवाकेन्द्र प्रमुख		
४	प्रथम वागमती साकोस समिट	जर्मन होम हस्पिटालिटि, भक्तपुर	वागमती प्रोस्कून	गोपाल दाहाल	प्रमुख कार्यकारी अधिकृत	२०८०.११.१६	२०८०.११.१७
				पुरुषोत्तम दाहाल	ऋण तथा लघुवित्त विभाग प्रमुख		
५	प्रथम डिजिटल सहकारी कन्क्लेभ	होटल याक एण्ड यति	राष्ट्रिय सहकारी महाँसंघ	प्रकाश तिमल्सिना	बचत विभाग प्रमुख	२०८०.१२.१	२०८०.१२.२
६	सहकारी अध्ययन अवलोकन भ्रमण	चितवन	ज्योमिसा साकोस	सुमन अधिकारी	सदस्य सेवा तथा सुचना विभाग प्रमुख	२०८०.१२.२३	२०८०.१२.२५
७	पचंवर्षिय रणनीतीक योजना तर्जुमा	पोखरा	ज्योमिसा साकोस	प्रमुख कार्यकारी अधिकृत : गोपाल दाहाल लेखा विभाग प्रमुखः गंगा देवी श्रेष्ठ ऋण तथा लघुवित्त विभाग प्रमुख : पुरुषोत्तम दाहाल बचत विभाग प्रमुख : प्रकाश तिमल्सिना मिर्मिरे सेवाकेन्द्र इन्चार्ज : उद्धव आचार्य		२०८१.०१.५	२०८१.०१.८
८	एफ् आइ विजिनस	अल्फा विटा	नेफ्स्कुन	गोपाल दाहाल	प्रमुख कार्यकारी अधिकृत	२०८१.०१.१०	२०८१.०१.१२

सदस्य

क्र.स.	कार्यक्रम	स्थान	आयोजना गर्ने कार्यालय	सहकार्य	सहभागी	आयोजना भएको मिति देखि	आयोजना भएको मिति सम्म
१	जनै बनाउने तालिम	संस्थाको सभाहल	ज्योमिसा	आफैं	२७	२०८०.०४.२३	२०८०.४.२५
२	उद्घोषण तालिम	संस्थाको सभाहल	ज्योमिसा	आफैं	३४	२०८१.०१.२७	२०८१.०१.२९
३	नेतृत्व विकास तालिम	ताम्राकार बैंकक्युट	ज्योमिसा	आफैं	२००	२०८१.०१.२९	

२२.संस्थाले प्राप्त गरेको सम्मान तथा पुरस्कारहरु :

लामो इतिहास वहन गरेको नेपालको सहकारी अभियानले २०४७ सालको राजनैतिक परिवर्तन र पहिलो पटक सहकारी ऐन-२०४८ को जारीपछि गति लिएको देखिन्छ । सङ्ख्यात्मक रूपमा सहकारीको विकास भए पनि गुणात्मक विकास, प्रभावकारी सेवा, पारदर्शी व्यवस्थापन र दरिलो वित्तीय संरचनाका बारेमा भने धेरै प्रश्न उठ्ने गर्दछन् । यी र यस्तै विविध सरोकारवाला पक्ष सकारात्मक भएका कारण नेपालका सम्पूर्ण सहकारी सङ्घ-संस्थाहरूको औपचारिक संघ, राष्ट्रिय सहकारी महासंघ. ले अंक मूल्यांकनका आधारमा ज्योति मिर्मिरे सामूहिक बचत तथा ऋण सहकारी संस्था लि. लाई २०७९ को वागमति प्रदेशको उत्कृष्ठ सहकारी संस्थाको रूपमा घोषणा गरिसकेको छ । त्यसका अलवा हाल सम्म संस्थाले प्राप्त गरेका अन्य सम्मान तथा प्रशंसा पत्रहरु तपसिल बमोजिम रहेको जानकारी गराउँदछु ।

क्र स	प्राप्त गरेको सम्मान तथा पुरस्कार	प्रदान गर्ने संघ/संस्था
१.	४ वटा संस्था एकिकरण गरे वापत प्रशंसा पत्रद्धारा सम्मान	नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ (नेफस्कून)
२.	४ वटा संस्था एकिकरण गरे वापत प्रशंसा पत्रद्धारा सम्मान	जिल्ला सहकारी संघ काभ्रे
३.	नेकोस प्लस सफ्टवेयर स्तरीय बनाउन योगदान गरे वापत नेफस्कून प्रशंसा पुरस्कार (२०७२)	नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ (नेफस्कून)
४.	उत्कृष्ट लघुवित्त पुरस्कार (२०७५)	नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ (नेफस्कून)
५.	वागमति प्रदेश स्तरीय उत्कृष्ट संस्था (२०७६/७७)	नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ (नेफस्कून)
६.	वागमति प्रदेश स्तरीय उत्कृष्ट संस्था (२०७८/७९)	वागमति प्रदेश बचत तथा ऋण सहकारी संघ(प्रोस्कून)
७	पालिका स्तरीय उत्कृष्ट व्यवस्थापक पुरस्कार (२०७८)	पनौती नगरपालिका
८.	उर्जाशिल सहकारी अभियन्ता पुरस्कार (२०७९)	पनौती नगरपालिका
९.	उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार २०८०	राष्ट्रिय सहकारी महासंघ
१०.	वागमति प्रदेश स्तरीय उत्कृष्ट व्यवस्थापक २०८०	नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ (नेफस्कून)
११	काभ्रे जिल्ला स्तरीय उत्कृष्ट कर्मचारी (व्यवस्थापक)	जिल्ला सहकारी संघ काभ्रे

२३.२५ औ रजत जयन्ती

२०५६ सालमा हाम्रा अग्रजहरु द्धारा स्थापति यस संस्थाले आफनो स्थापनाको २५ औ वर्षको उत्सव मनाउन पाउँदा हामी अत्यन्त हर्षित भएको छौ । हामी यस अवसरमा संस्था स्थापनाको सोच उजागर गर्ने व्यक्तित्व,शेयर सदस्य,सञ्चालक समिति प्रति हार्दिक आभार व्यक्त गर्दछौ । यसैगरी यस संस्थालाई वि.स. २०६९ साल फागुन १९ गते एकिकरण गराउन महत्वपूर्ण त्याग गर्ने तत्कालिन ज्योति साकोस,मिर्मिरे साकोस,सामूहिक साकोस र जागृति नमूना साकोसका सञ्चालक समितिलाई सम्झन चाहन्छौ । वि.स. २०७७ मा एकिकरण गरी संस्थाको वृद्धि र विकासमा थप योगदान गर्ने साविक जन्मन्योति महिला विकास बहुउद्धश्यीय सहकारी प्रति हार्दिक आभार व्यक्त गर्दै यस संस्थालाई यो २५ वर्ष नवजवान बनाउन मिहेनत गर्ने सम्पूर्ण सञ्चालक समिति,उप समिति कर्मचारी लगायत यस संस्थालाई प्रत्यक्ष र अप्रत्यक्ष सहयोग सदभाव व्यक्त गर्ने सम्पूर्णमा हार्दिक आभार र कृतज्ञता व्यक्त गर्दै यस अवसरमा सम्पूर्ण महानुभावहरुको योगदानलाई कदर र संस्थाको छवि वृद्धि गर्न यस वर्ष आ.व. २०८१/८२ रजत वर्षको रुपमा विविध कार्यक्रम गरी मनाउने जानकारी गराउन चाहन्छु ।

सदस्य महानुभावहरु

यस सम्मानित सभामा अब म चालु आ.व २०८१/०८२ को लागि संचालक समितिको मिति २०८१ जेष्ठ ३१ गते विहिबार बसेको बैठकबाट स्वीकृत नीति तथा कार्यक्रमहरुलाई अनुमोदनका लागि पेश गर्ने अनुमति चाहान्छु ।

हामीले संस्थाको २५ औ वर्षमा प्रवेश गरेको सुअवसरमा सहकारीताको माध्यमद्धारा आर्थिक,सामाजिक, साँस्कृतिक,वाताबरणीय र नैतिक पक्षलाई उजागर गर्दै सहकारीबाट जीवन शैलिलाई अनुभव गर्न सक्ने किसिमको परिवर्तन गराउन सकिन्छ भन्ने सन्देश प्रवाह गर्न देहायका योजना तथा कार्यक्रमहरुको आयोजना गरी संस्थालाई दिगो र उत्कृष्ट संस्था बनाउने परिकल्पनाका साथ तपसिलका कार्यक्रमहरुको प्राथमिकीकरण गरिएको छ ।

क) स्वास्थ्य,सहकारी शिक्षा,परामर्श ,वित्तिय साक्षरता,प्रविधि साक्षरता,ऋण परामर्श,युवाका लागि वित्तिय साक्षरता,उद्यमशिलता विकास साथै सामाजिक,नैतिक विकास एवं सास्कृतिक क्षेत्रमा कार्यक्रम सञ्चालन गर्ने ।

ख) फजुल खर्च रोक्ने, वित्तिय अनुशासन कायम गर्ने ,उत्पादनशील तथा रोजगार मूलक क्षेत्रमा ऋण लगानी गर्ने ।

ग) बेरोजगार सदस्यको संख्या बढ्दै गएकाले स्टार्ट अफ व्यवसाय मार्फत स्वरोजगार सदस्य बनाई ,आत्मनिर्भताको विकास गर्ने ।

घ) संस्थाको सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउने ।

च) स्वास्थ्य,सहकारी शिक्षा ,सीप विकास तालिम रोजगारी एवं आयआर्जन सम्बन्धि विशेष कार्यक्रम विभिन्न संघ संस्थाको समन्वयमा सञ्चालन गर्ने ।

ज) संस्थाको जनशक्ति व्यवस्था र सदस्य सेवालाई सदस्यको पहुँच एवं गुणस्तर वृद्धि गर्न व्यवस्थापनको पुन संरचना गरिनेछ ।

झ) संस्थाका कम्तिमा ६० प्रतिशत शेयर सदस्यलाई वित्तिय साक्षरता कार्यक्रममा सञ्चालन गरी यस वर्ष वित्तिय साक्षरता वर्षको रुपमा सञ्चालन गरिनेछ ।

ञ) सूचना प्रविधिको प्रयोगलाई प्राथमिकता दिईनेछ,त्यसका लागि संस्थाको मोवाईल एप्सको प्रयोगकर्ता कम्तिमा जम्मा सदस्यको ३० प्रतिशतमा पहुँच पुरयाईनेछ ।

ट) सञ्चालक समिति र शेयर सदस्यको क्षमता विकासका तालिमलाई विभिन्न संस्थासँगको समन्वयमा प्राथमिकताका साथ सञ्चालन गरिनेछ ।

ठ) ऋणीहरुको अवस्थाको विष्लेषण गरी असुलीको लागि सहज वातावरण तय गरिनेछ ।

ङ) कृषि उत्पादकत्व वृद्धिका लागि विषाधिको प्रयोगमा निरुत्साहित गर्न प्राङगारिक मल उत्पादन, कृषि विउ विजन तथा तालिमका लागि प्राविधिक नियुक्त गरिनेछ ।
ढ) दक्ष युवाहरुलाई व्यवसायिक कृषि सञ्चालन गर्न सहुलियतपूर्ण ऋणको व्यवस्था गरिनेछ ।
ण) युवा,महिला र विद्यार्थी लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
त) सदस्यको गुनासो संकलनका लागि घुम्ति सुनुवाई कार्यक्रम संचालन गरिनेछ ।
थ) संस्थासँग उद्धेश्य मिल्ने,सदस्यको सेवा सुविधामा वृद्धि गर्ने सहकारीहरुसँग संस्था एकिकरण गरिनेछ ।
द) वित्तिय साक्षरता (प्रमाण पत्र) लिइएको हकमा ऋण लगानी गर्दा ऋणको व्याजमा १२ प्रतिशत छुट दिई कारोवार गर्ने व्यवस्था गरिनेछ ।
ध) अपाङ्गता भएका व्यक्तिहरुको क्षमता अभिवृद्धि र सुविधा थप गर्न घरदैलो सेवा प्रदान गरिनेछ ।
न) बैदेशिक बचत खाता मार्फत कार्यक्षेत्र भित्रका सदस्य विदेश भएमा सदस्य बन्न सकिने व्यवस्था गरिनेछ ।
प) सदस्यले उत्पादित सामाग्रीको बजारीकरणका लागि विक्री सहजकर्ता नियुक्त गरिनेछ ।
फ) सदस्यहरुको सेवालाई सदस्यमैत्री बनाउन घरदैलो मासिक नियमित बचत संकलन सेवा सञ्चालन गरिनेछ ।
ब) शारीरिक रुपमा अशक्त तथा फरक क्षमता भएका संस्थाका सदस्यहरु केन्द्रित विशेष कार्यक्रम निर्माण गरी सञ्चालन गरिनेछ ।
भ) सेवाकेन्द्रमा व्यवसाय विस्तार,सदस्य विस्तार सामाजिक उत्तरदायित्व र क्षमता विस्तारमा एकिकृत कार्यक्रम सञ्चालन गरिनेछ ।
म) युवा लक्षित कार्यक्रम अन्तर्गत सहकारीमा प्रविधि मार्फत सहभागी बनाउँदै सामाजिक विकृति र विसंगतिलाई न्यूनिकरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
य) स्थानीय पालिकासँगको सहकार्यमा सदस्यको आँगन हरियो तरकारी भन्ने नाराका साथ सञ्चालन गर्ने ।
र) ज्योति वडा युवा सरोकार मञ्च : हरेक सेवाकेन्द्रमा १/१ वटा पर्नेगरी वडा युवा सरोकार मञ्च गठन गरी कार्यक्षेत्रभित्र सम्पूर्ण घरधुरी सदस्य भएका वडालाई पूर्ण सदस्य क्षेत्रका रुपमा घोषणा गरिनेछ ।
ल) सदस्य स्वास्थ्य सुरक्षाका लागि थप सुविधाका लागि अन्य प्राविधिक पक्षको अध्ययन गरी विमा कार्यक्रमलाई थप सदस्य मैत्री बनाउँदै लगिनेछ ।
व) सदस्यलाई आइपर्ने विभिन्न विपदको व्यवस्थापनका लागि विपत व्यवस्थापन कोषको वृद्धि गरिनेछ ।

संस्थाको स्वीकृत सदस्य सम्मान निर्देशिका २०७१ बमोजिम हुने गरी उक्त निर्देशिकामा व्यवस्था भए बमोजिम संस्थाको साधारण सभामा तथा एकिकरण उत्सवमा तपशिल बमोजिम सम्मान गर्ने ।

१. वर्षको उत्कृष्ठ ऋणी	१२ जना
२. वर्षको उत्कृष्ठ बचतकर्ता	१२ जना
३. वर्षको उत्कृष्ठ शेयर खरिदकर्ता	१ जना
४. वर्षको उत्कृष्ठ बाल बचतकर्ता	१२ जना
५. वर्षको उत्कृष्ठ सुझावकर्ता	१ जना
६. वर्षको उत्कृष्ठ कर्मचारी	१ जना
७. वर्षको उच्च पदस्थ सदस्य	१ जना
८. वर्षको उत्कृष्ठ सहकारीकर्मी	१ जना

२४.कार्यालय संचालन तथा व्यवस्थापन :

यस आ.वमा पनि संस्थाबाट प्रवाह गर्ने सेवालाई प्रभावकारी बनाउनका लागि देहाए बमोजिम कार्यालय समय निर्धारण गर्ने प्रस्ताव पेश गरेको छु ।

कार्यालय खुल्ने समय

कार्यालय समय : ९:३० बजे देखि साँझ ६:०० बजे सम्म

कारोवार समय : १०:०० बजे देखि साँझ ४:०० बजे सम्म

(दिउँसो ४:०० बजे देखि साँझ ६:०० बजे सम्म सन्ध्याकालिन काउन्टर)

(शनिवार तथा सार्वजनिक विदाको दिन बिहान १०:०० बजे देखि दिउँसो २:०० बजे सम्म मुख्य कार्यालय र बनेपा सेवाकेन्द्रबाट ऋण भुक्तानी, बचत जम्मा र सिमित रकम फिर्ताको सेवा लिन सकिने)

बिदा : वडा दशैंको दशमी तथा एकादशी २ दिन, दीपावलीको भाइटिका १ दिन, साधारण सभाको भोलिपल्ट १ दिन, फागु पूर्णिमा १ दिन

कार्यालय पुर्ण रुपमा विदा हुने दिन ५ दिन र वर्ष भरिमा कार्यालयबाट सेवा लिन सकिने : ३६० दिन

अन्तमा आर्थिक मन्दि,विभिन्न युद्ध आदिले विश्वनै थिलथिलो भएको यस्तो विषम परिस्थितिमा पनि संस्था प्रति देखाउनु भएको आफ्नोपनले यस संस्थालाई अझै प्रगति गर्न र सफलता प्राप्त गर्न हौसला दिएको छ । तपाईहरुको हिम्मतले गर्दा हामीमा पनि उर्जा पैदा भएको छ तसर्थ यो हिम्मत सधैं कायम रहोस् र संस्था प्रतिको तपाईहरुको यो मायाँ स्नेहले यसै गरी साथ पाइरहोस् भन्ने कामना गर्दै यस वर्ष विभिन्न विपद र अन्य कारणले ज्यान गुमाउनु हुने सम्पुर्णमा हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछु साथै यस समितिलाई यहाहरुले दिनु भएको ४ वर्षे कार्यभार विसाउने समय आएको छ ,यहाँहरुले मलाई विश्वास गरी सचिव जस्तो महत्वपूर्ण पदमा निर्विरोध निवार्चित गराई सेवा गर्ने सु अवसर दिनुभएकोमा सवै प्रति आभार व्यक्त गर्दछु मेरो कार्यअवधिमा मैले जानेबुझे सम्म संस्थाको हितमा रहि कार्य गरेको छु केही जान अजान गरेका गल्ति भएमा क्षमा माग्न चाहन्छु । आज यस सभाबाट संस्थालाई अगाडी हाक्ने नेतृत्व चयन गर्न यहाँहरुलाई शुभकामना व्यक्त गर्दै यहाँहरुले दिएका जुनसुकै जिम्वेवारी पूरा गर्ने प्रतिबद्धता समेत व्यक्त गर्दै सचिवको यस प्रतिवेदन उपर राय सल्लाह सुझाव दिनु हुन र आवश्यक छलफल गरी प्रतिवेदन पारित गरिदिनु हुन हार्दिक अनुरोध गर्दै हजुरहरुबाट विदा हुन्छु ।

धन्यवाद

जय ज्योति मिर्मिरे सामूहिक साकोस ! जय सहकारी !

संयुक्त साधारण सभाका लागि संचालक समितिको तर्फबाट प्रस्तुत

कोषाध्यक्षको प्रतिवेदन तथा अनुमानित आयव्यय विवरण

(२०८१ मंसिर १-८)



– पूर्णराम तुलाधर
कोषाध्यक्ष

२५ औं नियमित तथा संयुक्त साधारण सभाका सभापतिज्यू, प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरु, अतिथिज्यूहरु, संचालक समिति र लेखा समितिका सदस्यहरु, सल्लाहकारज्यूहरु, विभिन्न उपसमितिका साथीहरु, पत्रकार मित्रहरु, कर्मचारी मित्रहरु र यहाँ उपस्थित सम्पूर्ण सदस्य महानुभावहरुमा मेरो र संस्थाको तर्फबाट हार्दिक सहकारीमय अभिवादन व्यक्त गर्दछु ।

हाम्रो संस्थाले सदस्यहरुको आर्थिक, सामाजिक र साँस्कृतिक हितमा अडिग रहदै विविध कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ। उद्यमशिलता प्रोत्साहन गर्दै विभिन्न तालिमहरु, सम्पदा संरक्षणका कार्यक्रम र सरसफाई अभियान जस्ता क्रियाकलापहरु सञ्चालन गरिरहेका छौं। अहिलेको कठिन आर्थिक परिवेशमा पनि हामीले सुशासन र व्यवस्थित व्यवस्थापनका साथ वित्तीय पारदर्शिता कायम राख्न सफल भएका छौं जसको फलस्वरूप यस वर्ष ३ करोड ६१ लाखको नाफा आर्जन गर्न सकेका छौं ।

यस वर्षको महत्वपूर्ण उपलब्धि भनेको संस्थाको भवनको पूर्ण निर्माण र ज्योति सदस्य सेवा केन्द्र तथा मुख्य कार्यालयको उद्घाटन हो । यसले सदस्यहरुलाई सेवामा अझ प्रभावकारीता र सुविधा प्रदान गर्नेछ। २५ औं वर्षलाई रजत महोत्सव वर्षको रूपमा मनाउन २५ वटा विशेष कार्यक्रमहरुको आयोजना गर्ने योजना बनाइएको छ। यी कार्यक्रमहरुले हाम्रो संस्थाको समग्र पाटोलाई मजबुत र बलियो बनाउन योगदान पुर्याउने विश्वासका साथ कार्यान्वयनको चरणमा प्रवेश गरेको छ । आगामी वर्षमा अझ बढी सदस्यहरुलाई सेवा र सुविधा प्रदान गर्नका लागि संस्थाको जगेडा कोषमा वृद्धि भएको कुरा यहाँ उपस्थित सबैलाई अवगत गराउन चाहन्छु ।

हाम्रो आर्थिक स्थिति स्थिर र मजबुत रहेको छ । हामीले लागत कटौतीका उपायहरू लागू गर्दै, आयका स्रोतहरूको विविधीकरणमा ध्यान केन्द्रित गरेका छौं। सदस्यहरुको सुझाव र सक्रिय सहभागिताले संस्थाले निरन्तर प्रगति गर्न महत्वपूर्ण भूमिका खेलेको छ । संस्थाको भविष्यमा विभिन्न परियोजनाहरु र प्रविधि सुधारका योजनाहरू रहेको छ, जसले संस्थाको दीर्घकालीन दृष्टिकोणलाई साकार पार्नमा सहयोग गर्नेछ। साथै, स्थानीय समुदायमा गरेको योगदान र सामाजिक जिम्मेवारीका बारेमा चर्चा गर्न चाहन्छु। यी सेवाहरूले हामीलाई समाजमा सकारात्मक प्रभाव पार्नमा मद्दत पुर्‍याएको छ ।

संस्थाले वित्तीय व्यवस्थापन र आधुनिक प्रविधिको प्रयोग गर्दै आएको छ जसले गर्दा अनलाइन सेवाहरू र मोबाइल बैंकिङ्गमा सुधार आएको छ। यसले सदस्यहरुलाई आफ्नो वित्तीय क्रियाकलाप सजिलै र चाँडो गर्नमा मद्दत पुर्याएको छ ।चारी र सहयोगीलाई यस संस्थाको सफलतामा योगदान गर्नेक्रममा विशेष धन्यवाद दिन चाहन्छु।

अब म आ.व. २०८०/८१ को आर्थिक उपलब्धी र आगामी आ.व.को कार्ययोजना पेश गर्ने अनुमति चाहन्छु ।

अघिल्लो वर्षहरुको उपलब्धीहरुको तुलनात्मक विश्लेषण:

क्र.स	विषयवस्तु	योजना वर्षहरु			
		आ.व. २०७७/०७८	आ.व. २०७८/०७९	आ.व. २०७९/०८०	आ.व. २०८०/०८१
१	सदस्य वृद्धि (संख्यामा)	११,६६२।-	१२,९४१।-	१५,३८५।-	१८,३२६।-
	वृद्धिदर प्रतिशतमा	१२.८१	१०.९७	१८.८९	१९.१२
२	संस्थाको कार्यक्षेत्रको कुल जनसंख्यामा आ.व २०७७/०७८ मा राष्ट्रिय जनगणना २०६८ अनुसार वार्षिक १.४० प्रतिशत र सो भन्दा पछिल्ला वर्षमा जनगणना २०७८ अनुसार वार्षिक वृद्धिदर ०.५३ प्रतिशतले थप अनुमान गरिएको छ)	२,३१,३२५।-	२,३१,३२५।-	२,६१,०८८।-	२,६१,०८८।-
	कूलजनसंख्यामा संस्थाको पहुँच (प्रतिशतमा)	५.०४	५.५९	५.८९	७.०२
३	कूल सम्पत्ति (अंकमा)	८५,३८,५१,०२१।३२	१,१४,१८,५२,६२०।४१	१,१८,३३,५९,८१०।४१	१,२८,९२,१३,४२१।-
	वृद्धिदर प्रतिशतमा	२०.३१	३३.७३	३.६४	८.९५
४	कूल सदस्यको शेयर (अंकमा)	६,९०,६३,६००।-	९,१७,५७,४००।-	१०,९०,५२,१००।-	१२,३१,०८,७००।-
	वृद्धिदर प्रतिशतमा	२२.४८	३२.८६	१८.८५	१२.८९
६	लाभांश प्रतिशत	१३	१२	१३.५	
७	कूल ऋण लगानी	६१,२८,४३,८५८।-	७४,९३,५०,९१९।-	८५,७९,१२,५७९।-	९३,९२,८२,५०८।७
	वृदिदर प्रतिशतमा	१६.८१	२२.२७	१४.४९	९.४८
८	भाखा नाघेको ऋणको प्रतिशत	१.९६	२.६०	२.४०	१.८४
९	ऋण जोखिम कोष	१,२०,१६,६०१।३५	१,९४,७५,७८७।१२	२,०५,६१,४०३।७	२,१३,३५,२५७।६५
	वृदिदर प्रतिशतमा	२.६४	६२.०७	५.५७	३.७६
१०	कूल बचत निक्षेप वृद्धि	६१,१७,२८,८८७।७	६८,८९,७९,३८३।९	७७,३७,३०,३७३।-	९५,१०,६०,१७७।८
	वृदिदर प्रतिशतमा	१७.६५	१२.६३	१२.३०	२२.९२
११	कूल संस्थागत पूँजी	४,२५,०६,१६९।६१	५,८९,०८,५५१।७३	७,११,२७,०३२।६९	७,४६,२५,१३६।६९
	वृदिदर प्रतिशतमा	२८.३७	३८.५९	२०.७४	४.९२
१२	कूलस्थिर सम्पत्ति	३,८१,७६,५०३।५	३,८६,४४,१८६।७६	४,०६,३८,११४।७६	४,२४,००,८१९।५५
	वृदिदर प्रतिशतमा	१.१८	१.२३	५.१६	४.३४
१३	कूलबाह्य ऋण	९,१६,६६,६६६।-	२६,००,३३,३३३।-	१८,३२,७७,७७६।-	९,००,००,०००।-
	वृदिदर प्रतिशतमा	२६.४	१८३.६७	-२९.५२	-५०.८९
१४	वित्तीय लगानी	८,४१,१६,१५१।७७	११,०५,२३,३५७।८	७,०७,०६,५७२।४३	१३,८७,६६,२०३।१
	वृदिदर प्रतिशतमा	३३४.२१	३१.३९	-३६.०३	९६.२६

अघिल्लो योजनासंगको उपलब्धी विश्लेषण :

क्र.स	शीर्षक	अघिल्लो योजनाको		
		लक्ष्य	यथार्थ	उपलब्धी प्रतिशत
१	सदस्य वृद्धि	३३८४	२९४१	८६.९०८९८३
२	शेयर पूँजी वृद्धि	३,०३,५८,४००	१,४०,५६,६००	४६.३०२१७७
३	बचत/निक्षेप वृद्धि	२५,९३,१६,५७४	१७,७३,२९,८०५	६८.३८३५२१
४	ऋण लगानी वृद्धि	३०,०१,४५,६९०	८,१३,६९,९३०	२७.११०१४४
५	वित्तिय लगानीमा वृद्धि	५,०७,६१,५१२.४	६,८०,५९,६३१	१३४.०७७२३
६	कूल संस्थागत पूँजीमा वृद्धि	२२०,७३,५७५	३४,९८,१०४	१५.८४७४७४
७	कूल स्थिर सम्पत्तिमा वृद्धि	१,८१,६६,२२१.५	१,५२,१०,१८७	८३.७२७८५३
८	कूल बाह्य ऋणमा वृद्धि/कमी	१६,४०,४०,२६८	९,००,००,०००	(५४.८६४५७७)
९	कूल सम्पत्तिमा वृद्धि	२५,२०,९९,८४५	१०,५८,५३,६११	४१.९८८७६५
१०	कूल कर्मचारी वृद्धि	१९	०	०
११	कूल मुनाफा वृद्धि	४,३५,७९,३३५	२,३४,३३,६८७	५३.७७२४७६

आदरणिय सदस्य महानुभावहरु अब म आ.व. २०८१/८२ को कार्यक्रमहरु पेश गर्ने अनुमति चाहन्छु ।

क. सहकारीको संरचना

- १० लाख भन्दा बढी लगानी भएका हरेक ऋणीहरुको ऋण सदुपयोगिता जाँचको व्यवस्था मिलाउने
- छुट सुविधाका लागि उद्योग, व्यवसाय तथा सेवामुलक संघ संस्थाहरुसंग सहकार्य गर्ने ।
- जीवन विमा ,पशु तथा बाली बिमा तर्फ सदस्यहरुलाई आकर्षित गरी कृषक सदस्यहरुको लगानीको सुरक्षा प्रर्वद्धनको गत वर्षदेखिका कार्यक्रमलाई निरन्तरता दिने ।
- नियमित बाल बचतकर्ताको लागि जन्मदिनको अवसरमा कापी कलम वितरण गर्ने ।
- विकेन्द्रकृत रुपमा सवै कर्मचारी,सञ्चालक समिति र शेयर सदस्यहरुको जमघट बनाई कार्यक्षेत्रभित्र सदस्यहरुको राय सुझाव संकलन गर्ने ।
- सदस्यहरुको जीवनस्तर परिवर्तनको र सफलताको कथा संकलन तथा वृतचित्र निर्माण गर्ने ।
- युवा कृषक तथा उद्यमीहरुसँगको साझेदारीमा वडास्तरमा नमूना फर्मलाई सिकाई केन्द्रको रुपमा विकास गर्ने ।
- स्टार्टअफ व्यवसायको विकास र प्रवर्द्धन गर्न प्राज्ञिक व्यक्तिहरुसँग सहकार्य गर्ने ।

१. सदस्य सुरक्षाका क्रियाकलापहरु

- पशुमा लाग्न सक्ने रोगहरुको पहिचान गरी पशु भ्याक्सिन कार्यक्रमका लागि सहयोग गर्ने ।
- पशु,वाली,सदस्यको विमा कार्यक्रम निरन्तर सञ्चालन गर्ने ।

- प्राविधिक मार्फत पशु गोवर जाँच कार्यक्रम सञ्चालन गर्ने ।
- जैविक विषादी एवं माटो परीक्षण सञ्चालन गर्ने ।
- विउविजन तथा कृषि सामग्रीमा सहुलियत उपलब्ध गराउने ।
- विउ भण्डारणका लागि पालिकाहरुसँग समन्वय गर्ने ।
- अर्गानिक बस्तु उत्पादन तथा सेवनको लागी चेतना अभिवृद्धि कार्यक्रम संचालन गर्ने ।

२. आर्थिक सहभागिता (सदस्यहरुको उद्यमशिलताका कृयाकलापहरु) :

"ऋण मार्फत उद्यमशिलता र उद्यमशिलता मार्फत आत्मनिर्भरता" लाई प्राथमिकतामा राखि तपसिलका कार्यक्रम सञ्चालन गरिनेछ ।

- ऋण जोखिम विष्लेषण गरी लगानी गर्ने वातावरण निर्माण गरिनेछ ।
- ऋणिहरुको व्यक्तिगत अवस्था विष्लेषण गरी उपचारको विधि लागू गरिनेछ ।
- घाँस खेती कार्यक्रमको सम्भाव्यता अध्ययन गरिनेछ ।
- हस्तकला, पार्लर ,सिलाई कटाई तथा व्यवसायिक तालिम कार्यक्रमको सुरुवात गरिनेछ ।
- उद्यशिलता अभिप्रेरित कार्यक्रम संचालन गरिनेछ ।
- सामूहिक खेती प्रणाली विकास कार्यक्रमका लागि सचेतना अभिवृद्धि गरिनेछ ।
- ऋण सदुपयोगिता निरीक्षण कार्यक्रम निरन्तर सञ्चालन गरिनेछ ।
- बिमा सम्बन्धी सचेतनाका लागि विमा कम्पनिसँगको समन्वयमा सञ्चालन गर्ने ।
- संस्थाका ५० प्रतिशत सदस्यहरुलाई स्वास्थ्य सुरक्षण खातामा सहभागी गराउनेछ ।
- बजार सर्बेक्षणका कृयाकलापहरु निरन्तर संचालन गरिनेछ ।
- संस्थाको आन्तरिक मुल्याकनको लागी आन्तरिक लेखा परीक्षण विभागलाई सक्रिय बनाईनेछ ।
- युवा,महिला र विद्यार्थी उद्यमशिलता लक्षित कार्यक्रमहरु सञ्चालन गर्ने ।
- पूजिँ तथा प्रविधिको सहयोग उपलब्ध गराईनेछ ।
- जेष्ठ नागरिक समुह गठन गरि बचत गर्ने जेष्ठ नागरिकहरुलाई घर दैलो सेवा उपलब्ध गराउने ।
- ऋणि सदस्यहरुको परियोजनाहरु र प्रतिफल स्थलगत निरीक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

३. शिक्षा तालिम र सूचना :

क) क्षमता अभिवृद्धिका कृयाकलापहरु :

- संचालकका लागि (BUTCAMP) एवं उप समितिका लागि क्षमता अभिवृद्धि तालिम कार्यक्रम
- सञ्चालक समितिलाई सहकारी सिद्धान्त र सुशासन विषयक तालिम
- अध्ययन अवलोकन भ्रमण (राष्ट्रिय अन्तराष्ट्रिय)
- कर्मचारी वृत्ति विकास तथा क्षमता अभिवृद्धिका लागि तालिममा सहभागिता
- सञ्चालक र कर्मचारीको सयुक्त बैठक २ पटक
- मनोपरामर्श तालिम
- प्रतिवेदन लेखन तालिम
- कार्यालयका नीति तथा निर्देशिका सम्वन्धि तालिम

४. सदस्य क्षमता अभिवृद्धि कार्यक्रम

- वित्तिय साक्षरता कक्षा संचालन
- ऋणी सचेतना तथा अभिमुखिकरण कार्यक्रम
- विमा अनुशिक्षण कार्यक्रम
- नेतृत्व विकाश तालिम
- बक्तृत्वकला
- लघुवित्त समूहमा शिक्षा शिविर
- बेरोजगार सदस्य उद्यमी कार्यक्रम
- नैतिक तथा सस्कृति जर्गेनाका लागि सचेतना कार्यक्रम

५. प्रविधि विस्तारका कार्यक्रम :

विप्रेषण सेवा विस्तार गर्नुका साथै आफ्नो खाताबाट यूटिलिटी पेमेन्टको व्यवस्था गरिएको छ ।

- Core Banking System with Microfinance Module
- Mobile Banking.
- Admin App for top management.
- Collector App with Microfinance collection Module.
- Loan Processing Modules.
- Stock & Inventory Modules.
- HR Software and App fully integrated with Core Banking System for direct salary posting.
- SMS Alert & SMS Banking.
- Miss Call Banking.
- Auto Data replication Server on a daily basis.

- सूचना प्रविधिको प्रयोगलाई प्रथमिकता दिईनेछ ,त्यसका लागि यस वर्ष संस्थाको मोवाईल एप्सको प्रयोगकर्ता कम्तिमा जम्मा सदस्यको ४० प्रतिशतमा पहुँच पुरयाईनेछ ।

ख. संस्थागत विकास

१. आर्थिक क्रियाकलापहरु :

- ऋणी भेटघाट कार्यक्रम
- बचतकर्ता प्रोत्साहन कार्यक्रम
- शेयर वृद्धि कार्यक्रम
- बचत वृद्धि कार्यक्रम
- लघुवित्त समूह पदाधिकारी भेला तथा अन्तरक्रिया कार्यक्रम
- लघुवित्त समूह विस्तार तथा सहकारी शिक्षा कार्यक्रम
- बालक्लब गठन तथा परिचालन
- सिष्टर क्लव गठन तथा परिचालन
- सदस्यको घरमा कर्मचारी कार्यक्रम निरन्तर
- घुम्ती सदस्य सेवा कार्यक्रम निरन्तर
- वालमैत्री सहजकर्ता भेला

२. संस्थाको ख्याती विस्तारका कृयाकलापहरु

- केन्द्रीय सहकारी संघ तथा अन्य विषयगत संघहरुको नियमित बुलेटिनहरुमा संस्थाको परिचय तथा गतिविधीहरु प्रकाशन गरी राष्ट्रभरी संस्थाको पहिचान स्थापना गराउने ।
- अर्धवार्षिक रुपमा संस्थाको गतिविधी झल्कने बुलेटिन प्रकाशन गर्ने ।
- प्रोडक्ट क्याटलक तथा ब्रोसर प्रकाशनलाई निरन्तरता दिने ।
- पुरातत्व एवं संस्थागत विषय समेटेर वृत्तचित्र निर्माण गर्ने,

ग. सामूदायिक क्रियाकलाप

- वातावरणिय सफाई कार्यक्रम तथा बाटोको डिलमा छेकबार युक्त विरुवा रोपन गर्ने ।
- धार्मिक महत्व तथा पुराना साम्रगीको जानकारीका लागि अनुशिक्षण संचालन गर्ने ।
- वातावरण सरसफाई तथा संरक्षणका लागी जनचेतना कार्यक्रम गर्ने ।
- न्यायका लागि सहयोग ।
- चेतनामूलक व्यानर निर्माण गर्ने ।
- घुम्ती हेल्थ क्याम्प ।
- स्कूल स्कूलमा ज्योमिसा कार्यक्रम अन्तर्गत "साथीबाट सिक्ने,साथीलाई सिकाउने" कार्यक्रम सचालन गर्ने ।
- फोहोर व्यवस्थापन तालिम सञ्चालन गर्ने ।
- कर्मचारी तथा सञ्चालकको जन्मदिनमा अशक्त तथा वृद्धाश्रममा गई आर्थिक तथा भौतिक सहयोग गर्ने ।

घ. संस्थागत दिगोपना

- उपयुक्त र क्षमतावान सञ्चालक समितिको निर्माणका लागि उत्तराधिकारी उप समिति निर्माण गर्ने ।
- संस्थाको प्रत्येक वस्तु तथा सेवा विकास गर्दा शेयर सदस्यको राय सुझाव संकलन गर्ने ।
- विस्तारीत मञ्च तथा सदस्य शिक्षा शिविरबाट विभिन्न प्राप्त मतको आधारमा कार्यक्रमको ढाँचा परिमार्जन गर्दै जाने ।
- संस्थाको साधारण सभालाई सदस्यको वृहत छलफलको माध्यम बनाउने ।
- सदस्यसँग संस्था कार्यक्रम (सार्वजनिक सुनुवाई) सञ्चालन गर्ने ।
- संस्थामा भएका नीति तथा कार्यविधिहरुलाई आवश्यकताको आधारमा संशोधन तथा निर्माण गरी अद्यावधिक राख्ने र सवै निर्णय प्रकृया सहकारी ऐन,नियमावलि,संस्थाको विनियम र कार्यविधि बमोजिम गर्ने ।
- सञ्चालक समिति ,कर्मचारी र आन्तरिक लेखा परीक्षण द्धारा संस्थामा सुशासन कायम गराउने ।
- संस्थाका कर्मचारी सञ्चालक उप समितिलाई संस्थाका नीति,कार्यविधिको जानकारीका लागि कार्यविधि मेला आयोजना गर्ने ।
- ज्योमिसा टाईम लागू गर्ने ।
- मूख्य कार्यालयको थप गरिएको तल्लामा आन्तरीक सजावट र माथिल्लो तल्लामा ट्रस निर्माण गरी आवश्यक विभागीय कार्यकक्ष निर्माण गर्ने ।
- बनेपा र सामूहिक सेवा केन्द्रलाई व्यवस्थित कार्यालय बनाउने ।
- भएका उपकरणहरुको नियमित मर्मत संभार गर्ने ।
- ऋण फाईलिङ क्याविनेट ,फाईलिङ दराज कार्यालयहरुको आवश्यताका आधारमा थप गर्ने
- फायरप्रुफ दराज खरिद गर्ने
- अन्य आवश्यकीय भौतिक सामाग्री खरिद गर्ने

आ.व. २०८१/८२ को वासलात तथा आय व्यय विवरण पेश गर्ने अनुमति चाहन्छु ।

ज्योति मिर्मिरे सामूहिक बचत तथा ऋण सहकारी संस्था लि.

पनौती न.पा ०६, काभ्रे

दायित्व: **Liabilities** वासलात : Balancesheet

दायित्व: **Liabilities**	२०८१/०८२
शेयर पूंजी	१४,७१,१३,८००
जम्मा बचत	११२,८८,९३,९९४
नियमित वचत	३३,८६,६८,१९८.२
ऐच्छिक वचत	५६,४४,४६,९९७
आवधिक बचत	२२,५७,७८,७९८.८
जगेडा कोष	८,५१,७३,५४४.७५
अन्य कोष	३,८०,९९,३०४.२४
बाह्य ऋण	८,६५,९८,२१०.३३
भूक्तानी दिनू पर्ने हिसाब	१७,२८,३३०.८
अवितरित नाफा	३,५०,००,०७६
अन्य दायित्व	४४,४४,४०७.९९
जम्मा	१५२,७०,५१,६६८
कूल जम्मा	१५२,७०,५१,६६८

सम्पत्ति: **Assets**

सम्पत्ति: **Assets**	२०८१/०८२
नगद हिसाब	१४,४३३,०३५.०५
बैक मौज्दात	२४१,६९८,२९४.०२
लगानीमा रहेको ऋण	१,१८१,२४२,१७०.००
लगानी	२३,७६६,२०३.००
फर्निचर सेफ जग्गा जमिन	५७,६११,००६.८१
अन्य सम्पत्ति	-
पाउनू पर्ने	८,३००,९५९.२८
जम्मा	१,५२७,०५१,६६८.१६
कूल जम्मा	१५२,७०,५१,६६८.१६

आम्दानी : Income

विवरण	२०८१/०८२
व्याज आम्दानी	१६,६८,००,२९०
शेयर लगानीबाट प्राप्त ब्याज आम्दानी	५,००,०००
धितो मूल्याकन शुल्क	१,७३,५००
ऋण व्यवस्थापन शूल्क	३०,३०,०००
ऋण आवेदन शुल्क	६,८५,३००
बचत लगानीबाट व्याज आम्दानी	७०,६५,४३५
रेमिट्यान्स तथा यूटिलिटी पेमेन्ट कमिसन	३,५०,४७०
विविध आम्दानी	३०,२५,०००
जम्मा	१८,१६,२९,९९५

खर्चहरू : Expenses

विवरण	२०८१/०८२
क. वित्तिय खर्च	
बचतमा ब्याज खर्च	८,२०,००,०००
बाह्य ऋणमा ब्याज तथा शुल्क	१,००,००,०००
ख. संचालन खर्च	०
पर्ल्स मापदण्ड अनुसार गर्न मिल्ने कूल खर्च	
कर्मचारी खर्च	२,८९,१७,९३३
साधारण सभा खर्च	५४,३२,०००
मसलन्द तथा स्टेशनरी	७,६३,०५०
घरभाडा	९,६०,०००
विमा सुरक्षा खर्च	२,२८,०९१

बैठक तथा कार्यक्रम खर्च	१५,३३,४००
सामाजिक तथा सास्कृतिक कृयाकलाप सञ्चालन खर्च	१२,००,०००
यातायात तथा संचार	४,४५,०००
मर्मत सम्भार खर्च	३,७१,८७२
विविध खर्च	१,०४,७३,५७३
तालिम तथा क्षमता अभिवृद्धि	३०,१३,०००
शुल्कहरु	१२,९२,०००
जम्मा खर्च (क+ख)	१४,६६,२९,९१९
अवितरित नाफा	३,५०,००,०७६

अन्तमा,

हामी सधैं सदस्यहरुको सक्रिय सहभागिता र सहयोगको अपेक्षा गर्दछौं र यस संस्थालाई निरन्तर अघि बढाउन हाम्रो प्रयास जारी रहनेछ । कोषाध्यक्षको यस प्रतिवेदन उपर राय सल्लाह सुझाव दिनु हुन र आवश्यक छलफल गरी प्रतिवेदन पारित गरिदिनु हुन हार्दिक अनुरोध गर्दै हजुरहरुबाट विदा हुन्छु।

धन्यवाद
जय सहकारी

ज्योति मिर्मिरे सामुहिक
बचत तथा ऋण सहकारी संस्था लि.
पनौती-६, नमोबुद्धरोड

सदस्य स्वास्थ्य सुरक्षण खाता



सदस्यको स्वास्थ्य उपचारको एक हिस्सा ।।
हरेक वर्ष दश हजार खर्च दिने ज्योमिसा ।।।
आफु नभए पनि परिवारलाई चाहिने ।।
पचपन्न हजार देखि एक लाख पाँच हजार मृत्यु राहत पाइने ।।।

विशेषताहरु :

- प्रत्येक वर्ष अस्पतालमा भर्ना भई उपचार गर्नुपर्दा एकमुष्ठ रु १०,००० उपचार खर्च उपलब्ध हुने ।
- १६ वर्ष भन्दा माथिको उमेर समूहले खाता सञ्चालन गर्न पाईने ।
- सामान्य कालगतिले मृत्युहुँदा रु ५५,००० र दुर्घटनाबाट मृत्यु हुदाँ रु १०५००० सम्म परिवारमा राहत उपलब्ध हुने ।
- एक पटक जम्मा रु.५५००। स्वास्थ्य सुरक्षण खातामा जम्मा गर्नुपर्ने ।

संस्थाको ५ वर्षे (२०८१/८२ -२०८५/८६) रणनीतिक व्यवसायीक योजना

संस्थाको ऐतिहासिक पृष्ठभूमि (Historical background of the organization):

सहकारी मार्फत सदस्यहरुको जीवन परिवर्तन गर्ने महान उद्देश्य सहित पनौती न.पा सविक वडा नं. ११ को हाल वडा नं. ६ का २८ जना स्थानिय युवाहरुको सक्रियतामा वि.स २०५६ साल आषाढ २७ गतेका दिन स्थापना भएको सविक ज्योति बचत तथा ऋण सहकारी संस्था लि.,सविक पनौती न.पा ३ को हाल पनौती न.पा ४ का २६ जना स्थानीय युवाहरुको सक्रियतामा वि.स २०६५ मंसिर ८ गतेका दिन स्थापित मिर्मिरे बचत तथा ऋण सहकारी संस्था लि., पनौती न.पा ४ का ६० जना स्थानीय महिलाहरुको सक्रियतामा वि.स २०५५ माघ २३ गतेका दिन स्थापित सामूहिक महिला बचत तथा ऋण सहकारी संस्था लि., र सविक पनौती ५ को हाल पनौती न.पा ७ का २५ जना स्थानिय युवाहरुको सक्रियतामा वि.स. २०६५ असोज १२ गतेका दिन स्थापित जागृती बचत तथा ऋण सहकारी संस्था सहित ४ वटा सहकारी संस्थाहरु बीच २०६९ फाल्गुण १९ गतेका दिन एकीकरण घोषणा गरी २०७० वैशाख २० गते नियामक निकायबाट विधिवत रुपमा सहकारी संस्था एकीकरणको स्वीकृति लिई ज्योति मिर्मिरे सामूहिक बचत तथा ऋण सहकारी संस्था लि. को नामबाट काभ्रे जिल्लाका प्रमुख शहरहरु सहित विभिन्न ७ वटा स्थानीय पालिकाहरुलाई कार्यक्षेत्र बनाई सेवा प्रवाह गर्दै आई रहेको छ ।

सदस्यहरुको आर्थिक, सामाजिक र साँस्कृतिक उन्नयनका लागि गर्भदेखी स्वर्गसम्मका कृयाकलापमा सेवा विकास गरी सदस्यहरुलाई सेवा प्रवाह गर्दै आएको यस संस्थाले नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) ले बचत तथा ऋण सहकारीहरुको गुणस्तर विकासका लागि विकास गरेको पूर्ण तथा व्यवसायिक साकोस विकास कार्यक्रम (Program for Building Absolute and professionalization) मा आवद्ध भई आफुलाई सदैव परिस्कृत, व्यवस्थित, सुशासित र सदस्यमैत्री वातावरण निर्माणमा अब्बल बनाउदै अगाडि बढीरहेको छ ।

सञ्चालन क्षमता कमजोर भएका तर समुदायका लागि अत्यन्त आवश्यक सेवा प्रवाह गरेका वित्तीय जोखिन न्यून भएका सहकारी संस्थाहरुसंग सदैव एकीकरण गरी वृहत सामाजिक पूँजी निर्माण गर्ने संकल्प गरेको संस्थाले आजसम्म आइपुग्दा पनौती न.पा. ११ मा अवस्थित जन्मज्योति महिला विकास वहुउद्धेश्यीय सहकारी संस्था लि. संग वि.सं. २०७७ सालमा दोश्रो एकीकरण सम्पन्न गरेको छ भने तेश्रो एकीकरणका लागि वि.स. २०८१ जेठ २३ गते काभ्रेपलाञ्चोक जिल्ला बेथानचोक गा.पा वडा नं. २ स्थित श्री युवा स्वावलम्बन वहुउद्धेश्यीय सहकारी संस्था लि.संग एकीकरणको औपचारिक सम्झौता सम्पन्न गरिसकेको छ ।

कार्यक्षेत्र भित्रका आम मानिसहरुलाई सदस्यता प्रदान गर्दै उनीहरुको खुशीका लागि सेवा प्रवाह गर्दै जाँदा संस्थाले आफ्नो व्यवसायिकता र गुणस्तरीयतामा पनि वृद्धि गर्दै सदस्यहरु मात्र नभई नेपालका सहकारी अभियानमा पनि आफ्नो छवि विकास गर्दै गईरहेको छ । यस कुराको पुष्टी यस संस्थाले जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरका संघहरुले प्रदान गरेको विभिन्न पुरस्कार तथा सम्मानले पुष्टी गर्दछ । संस्थाको सफलतामा सहकारी विभाग, राष्ट्रिय सहकारी महासंघ, नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून), राष्ट्रिय सहकारी बैंक लि., बागमती प्रदेश सहकारी संघ लि., बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून), जिल्ला सहकारी संघ लि. काभ्रे र काभ्रेपलाञ्चोक जिल्ला बचत तथा ऋण सहकारी संघ लि. लगायत सहकारी अभियानका विभिन्न संघ संस्थाहरूबाट नियमित सहयोग रहँदै आएको छ । केहि सिमित मानिसहरुबाट शुरु गरिएका विभिन्न सहकारी संस्थाहरुको साझा धरोहर ज्योति मिर्मिरे सामूहिक साकोसको सहकार्य र विश्वासको यात्रा हालसम्म आईपुग्दा १८,००० सदस्यहरुको साझा घरको रुपमा विकसित भईसकेको छ ।

वित्तीय सुसासनलाई मुलमन्त्रको रुपमा स्वीकार गर्दै आफुलाई निरन्तर सुधारमा केन्द्रीत यस सहकारी संस्थाले विगतमा भएका तिता अनुभवहरुबाट आफुलाई पुनः त्यस्तो नियती भोग्नु नपारोस भन्ने कुरामा सजक रहदै अत्यन्त गहिरो अध्यन विश्लेषण मार्फत आफुर्लाइ सावधानीपूर्वक अगाडि बढ्ने प्रण गरेकोछ ।

विगत ३ बर्षको सदस्यको वर्गिकरण सम्बन्धित :

क्र.सं.	सदस्यता विवरण	आ.व. २०७७/०७८	आ.व. २०७८/०७९	आ.व. २०७९/०८०	आ.व. २०८०/०८१
१	महिला सदस्य	५८११	६३७५	७५३९	८८१६
२	पुरुष सदस्य	५८५१	६५६६	७८११	८९१७
३	संस्थागत सदस्य	०	०	३५	३५
जम्मा		११६६२	१२९४१	१५३८५	१७७६८
कोपिला बाल बचतकर्ता		९७७	१११९	१३६४	१६७५
कूल जम्मा		१२६३९	१४०६०	१६७४९	१९४४३

ध्येय, परिकल्पना, उद्देश्य र मूल्य
Mission, vision, Objective and Value statements

ध्येय (Mission)

प्रविधीमा आधारित वित्तीय पहुँच अभिवृद्धि गर्दै संस्थागत सुशासन प्रर्वद्धन मार्फत
नयाँ पुस्ताको सहभागिता, सहकारी प्रतिको सदस्यको सन्तुष्टी र विश्वास अभिवृद्धि गने
Enhancing technology-based financial access through promoting corporate governance, participation of new generations, member satisfaction and confidence in cooperatives"

परिकल्पना (Vision)

"दिगो र उत्कृष्ट वित्तीय सहकारी"
" A sustainable and excellent financial cooperative "

ज्योति मिर्मिरे सामुहिक
बचत तथा ऋण सहकारी संस्था लि.
पनौती-६, नमोबुद्धरोड

नियमित मासिक बचत किन गर्ने ?

- मासिक नियमित सानो सानो बचतबाट भविष्यमा ठूलो समस्याको समाधान गर्न ।
- संस्थाले प्रदान गर्ने स्वास्थ्य सुरक्षण राहत प्राप्त गर्न ।
- अस्पतालमा भर्ना भई उपचार गर्नुपर्दा ४५ दिन सम्म विना व्याज रु २५००० सम्म प्राप्त गर्न ।
- सदस्यको मृत्यु पश्चात राहत प्राप्त गर्न ।
- एकाघर सदस्यको राहत प्राप्त गर्न ।
- गर्भावस्थामा गर्भवति पोषण सहयोग रकम प्राप्त गर्न ।
- जेष्ठ नागरिक भत्ता प्राप्त गर्न ।
- संस्थाले उपलब्ध गराउने विविध तालिम प्राप्त गर्न ।
- विभिन्न शीर्षकमा आवश्यक ऋण माग गर्न ।
- नियमित बचतको समायावधि अनुसारको आकर्षक व्याज प्राप्त गर्न ।

त्यैसैले,
नियमित बचत मासिक रुपमा अनिवार्य गरी संस्थागत सेवासुविधा उपभोग गर्न अनुरोध गर्दछौ ।

संस्थाले आगामी ५ वर्षमा सञ्चालन गर्ने प्रमुख क्रियाकलापहरु

सदस्य केन्द्रित क्रियाकलाप:

क्षेत्र	कार्य	परिमाण	अवधि
गुणस्तरीय सदस्य सेवा	**सदस्य सम्मान :** उत्कृष्ट नियमित बचतकर्ता सम्मान उत्कृष्ट सेवा उपयोग सम्मान उत्कृष्ट लगानीकर्ता सम्मान उत्कृष्ट सदस्य (महिला/पुरुष) सम्मान (शिक्षा/सार्वजनिक पद) सर्वोत्कृष्ट सहकारी अभियान्ता सम्मान	५ जना ५ जना ५ जना १०/१० जना ५ जना	५ वर्ष
	७५ वर्ष माथिका सदस्यलाई घर मै सेवा	आवद्ध सदस्य संख्या	
	नयाँ उत्पादन तथा सेवाको विकास	कम्तीमा १/१ वटा	
	गर्भदेखि स्वर्गसम्म कार्यक्रम : गर्भवती पोषण कार्यक्रम नयाँपुस्ता स्वागत कार्यक्रम (भोटो उपहार) दुलही स्वागत कार्यक्रम युवा सीप विकास कार्यक्रम युवा उद्यमी सम्मान तथा प्रोत्साहन सदस्यको दु:खमा ज्योति कार्यक्रम	सदस्यको प्रत्येक घटनासंग	
	प्रविधीमा आधारित सेवामा विस्तार ▪ क्यू. आर. कोड वितरण ▪ मोबाईल एप्लीकेशन (कूल सदस्यको कम्तीमा ४० प्रतिशत) ▪ मिष्डकल रिचार्ज सेवा (कूल सदस्यको कम्तीमा ३५ प्रतिशत)	- २००० जना - १४७४५ जना - १२५०२ जना	
समावेशी वित्तीय लगानीमा पहुँच	नियमित बचत नियमित गर्ने सदस्य संख्या	५० प्रतिशत	५ वर्ष
	औषत शेयर खरिद गर्ने सदस्य संख्या	४२ प्रतिशत	
अधिकतम सेवा उपयोगमा संलग्नता	ऋण उपयोग गर्ने सदस्य संख्या	३४ प्रतिशत	५ वर्ष
	लक्षित सदस्यको ४० प्रतिशत भन्दा बढी सहभागिता भएको सेवा	कम्तीमा ३ वटा	
संस्था प्रतिको चासो र सक्रियता	साधारण सभामा उपस्थितिदर	७० प्रतिशत	५ वर्ष
	सदस्य विस्तारित मञ्च (विभिन्न विषयमा)	५ वटा	
	नीति सभा	२ वटा	
लाभमा बढोत्तरी	त्रैमासिक रुपमा प्रतिष्पर्धी बजारदरको आधारमा मूल्य निर्धारण गरी स्वचालित प्रणाली लागु गर्ने	२० पटक	५ वर्ष
	पूँजी संकलनको लागतदर निकाली मूल्य समायोजन	१० पटक	
सुरक्षाको प्रत्याभूति	स्वास्थ्य उपचार र औषधी खरिदमा छुट सुविधा	- २००० जना	५ वर्ष
	सदस्य स्वास्थ्य सुरक्षा कार्यक्रममा सहभागिता	- १०००० जना	
	ऋण बीमा दावी भुक्तानी	आकास्मिकता अनुसार	
	विपत्तीमा उद्दार कार्यक्रम • अस्पताल भर्ना भएका सुत्केरी तथा अन्य बिरामी सदस्य राहत सहित भेटघाट कार्यक्रम	आकास्मिकता अनुसार	

	• कुनै पनि प्राकृतिक प्रकोपमा परेका सदस्यहरुको उद्धार र सहयोग • चोरी, हुलदुँगा र दुर्घटनामा परेका सदस्यहरुसंग ज्योति कार्यक्रम		

संस्थागत विकास :

क्षेत्र	कार्य	परिमाण	अवधि
अधिक जनसंख्या सहभागिता	कार्यक्षेत्रको ८० वटा वडा मध्ये ७५ वडामा सदस्य विस्तार गरी कूल जनसंख्याको १४.११ प्रतिशतमा संस्थाको पहुँच विस्तार गर्ने	३६८६२ जना	५ वर्ष
	संस्थामा आवद्ध सदस्यहरुको छोराछोरीलाई बाल बचतकर्तामा सहभागिता (कूल बालबालिकाको संख्यमा ३ प्रतिशत पुऱ्याउने,	२४१६ जना	
वित्तीय श्रोत संकलनमा वृद्धि	शेयर पूँजीमा वृद्धि	२२७१९१२००.००	५ वर्ष
	बचत निक्षेपमा वृद्धि	१९०२०९५३५२.००	
	बाह्य ऋणमा वृद्धि	६३०७६७३०.५८	
	कूल सम्पत्तिमा वृद्धि	२५२४३४६८५१.००	
वित्तीय लगानी / परिचालनमा वृद्धि	सदस्यहरुमा ऋण लगानीमा वृद्धि	१९५६३६८८१०.०२	५ वर्ष
	वित्तीय लगानीमा वृद्धि	१००९७३८७४.०६	
	सेवा उपयोग गर्ने (ऋण लिने) सदस्यहरुको संख्यामा वृद्धि (कूल सदस्यको २६ प्रतिशत)	९५८४ जना	
	मुनाफा	५१३५४९५४.९५	
मानव संशाधन व्यवस्थापन	प्रमुख कार्यकारी अधिकृत (तह-५)	१ जना	५ वर्ष
	नायव प्रमुख कार्यकारी अधिकृत (तह-८)	१ जना	
	विभागिय प्रमुख (तह-७)	३ जना	
	अधिकृतस्तर (तह-६)	५ जना	
	सहायक अधिकृतस्तर (तह-५)	६ जना	
	सहायक स्तर (तह-४)	१० जना	
	सहायक स्तर (तह-३)	१३ जना	
	सहायक स्तर (तह-२)	५ जना	
	सहायक स्तर (तह-१)	७ जना	
	सहयोगी (श्रेणी बिहीन)	२ जना	
	समयगत कर्मचारी (श्रेणी बिहीन)	७ जना	
	सुरक्षा गार्ड (श्रेणी बिहीन)	३ जना	
भौतिक पूर्वाधार	मुख्य कार्यालयमा कार्यकक्ष विस्तार	१ पटक	५ वर्ष
	मुख्य कार्यालयमा ट्रस निर्माण (स्टेज)	१ पटक	
	मुख्य कार्यालयमा प्रिफाभबाट सभाहल निर्माण	१ पटक	
	मुख्य कार्यालयमा किचेन निर्माण	१ पटक	
	३ वटा सेवा कार्यालय स्तरोन्नती	१ पटक	
	२ सेवा कार्यालय थप (आवाश्यक्ताको आधारमा)	१ वटा	
संस्थागत छवि विकास	संस्थाको नामांकित श्रोत सामाग्री प्रकाशन	२५ वटा	

	संस्थाको अर्धवार्षिक/वार्षिक बुलेटिन प्रकाशन	१०/५ वटा	५ वर्ष
	रजत वर्ष विशेष पुस्तक (स्मारिका) प्रकाशन	१ पटक	
	भगिनी सम्बन्ध स्थापित गर्ने	१ संस्थासंग	
	संस्थाको पहिचान झल्कने श्रव्यदृश्य सामाग्री निर्माण	१ पटक	
	संस्थागत परिचय झल्कने मायाको चिनो	५ पटक	
	संस्थाको नामाकित टिसर्ट/क्याप/झोला/ज्याकेट/लोगो	३ पटक	

सामुदायिक उत्तरदायित्व :

क्षेत्र	कार्य	परिमाण	अवधि
वित्तीय साक्षरता	भावी सदस्य वित्तीय साक्षरता कार्यक्रम	५० वटा	५ वर्ष
वातावरण सम्बन्धी चासो	सार्वजनिक वन क्षेत्रमा वृक्षारोपण कार्यक्रम	५ पटक	५ वर्ष
	नगर तथा बजार क्षेत्र सरसफाई कार्यक्रम	५ पटक	
साँस्कृतिक संरक्षण सम्बन्धी चासो	साँस्कृतिक सम्पदाहरुको सरसफाई	६० पटक	५ वर्ष
	स्थानिय जात्रा तथा पर्वमा संस्थाको उपस्थिति झल्कने कार्यक्रम	१० पटक	
	तिज पर्व विशेष कार्यक्रम (प्रतियोगितात्मक कार्यक्रम)	४ पटक	
	लक्ष्मी पूजा कार्यक्रम	५ पटक	
सामाजिक न्याय सम्बन्धी चासो	घरेलु हिँसा विरुद्धको परामर्श कार्यक्रम	५ पटक	५ वर्ष
	लै✦गिक हिँसा विरुद्धको परामर्श कार्यक्रम	५ पटक	
	सामाजिक भेदभाव विरुद्धको जागरण कार्यक्रम	आवश्यक्तानुसार	
	स्थानीय तहका मेलमिलापकर्ताहरुको भेला तथा प्रशिक्षण	७ वटा	
शिक्षा र स्वास्थ्य सम्बन्धी चासो	सामुदायिक विधालयहरुमा अध्ययनरत बाल बचतकर्ताहरुलाई कपी पेन्सिल वितरण	५ पटक	५ वर्ष
	वृहत स्वास्थ्य सिविर कार्यक्रम	५ पटक	
	रक्तदान कार्यक्रम	५ पटक	
	स्थानीय तहका बालमैत्री सहजकर्ता भेला तथा अर्न्तक्रिया	७ पटक	
सञ्जाल सहकार्य	संघहरुको कार्यक्रम मार्फत संस्थाको पहिचान विस्तार	५ पटक	५ वर्ष
	स्तरीकरण कार्यक्रममा सहभागी	निरन्तर	
	स्थिरीकरण कोषमा सहभागी	निरन्तर	
	कर्जा सूचना केन्द्रमा सहभागी	निरन्तर	

संस्थागत दिगोपना

क्षेत्र	कार्य	परिमाण	अवधि
संस्थामा युवा सहभागिता (१६ देखि ४० वर्ष उमेर समूह)	कूल सदस्यमा युवा सहभागितामा वृद्धि	कम्तीमा २५ प्रतिशत	५ वर्ष
नेतृत्वमा युवाको पहुँच (संलग्नता र विस्तार)	युवा नेतृत्व क्षमता विकासका लागि तालिम	५ वटा	५ वर्ष
	समिति उपसमितिमा युवाको सहभागिता (प्रत्येक समिति उपसमितिमा)	कम्तीमा १/१ जना	
	युवाको लागि वित्तीय साक्षरता कार्यक्रम	१० वटा	

	युवाको carrier counseling कार्यक्रम (एस.इ.ई र कक्षा १२ सकेर बसेका युवाहरु)	५ वटा	
	युवाका लागि उत्प्रेरणात्मक प्रशिक्षण	५ वटा	
	कक्षा ११ र १२ अध्ययनरत युवा लक्षित "युवाका लागि ज्योति" कार्यक्रम	१० वटा	
संस्थामा महिला सहभागिता	कूल सदस्यमा महिला सहभागितामा वृद्धि	५३ प्रतिशत	५ वर्ष
नेतृत्वमा महिलाको पहुँच	महिला नेतृत्व विकासका लागि तालिम	५ वटा	५ वर्ष
	समिति उपसमितिमा महिलाको सहभागिता (प्रत्येक समिति उपसमितिमा)	कम्तीमा ३३ प्रतिशत	
मूल्य रहितको कोषको वृद्धि र संरक्षण	जगेडा कोषमा खर्च नभएका कोषको समायोजन	५ पटक	५ वर्ष
सदस्यको गरिबी निवारण	**<u>व्यवसायिक कृषि मार्फत आत्मनिर्भर बनाउने :</u>** • निजी तथा सामुदायिक वन क्षेत्रमा घाँस खेती विस्तार • कृषि सम्बन्धी तालिम र सीप विकास कार्यक्रम • आर्थिक रुपमा पछि परेका महिलाहरुका लागि पशुपन्छी पालन तालिमको व्यवस्था गर्ने,	१२५ जना १०० जना ७५ जना	५ वर्ष
	<u>विपन्न सदस्य उत्थान कार्यक्रम :</u> • विपन्न वर्गका सदस्यहरुलाई सहुलियतपूर्ण ऋण उपलब्ध गराउने (अलैची, वेसार, अदुवा, लसुन, टिमुर, अकवरे खुर्सानी जस्ता मसलाजन्य वस्तुको उत्पादनमा) • अनौपचारिक क्षेत्र मजदुर उत्थान कार्यक्रम • मजदुरीका लागि खाडी मुलुकमा वैदेशिक रोजगारीमा गएका परिवारका महिलाहरुका लागि वित्तीय साक्षरता	२५० जना २० जना १२५ जना	५ वर्ष
	<u>सदस्यहरुको उत्पादनमा सहभागिता</u> युवा स्वरोजगारका लागि सीपमूलक तालिम कृषि उपज भण्डारण, बजारीकरणमा सहयोग सदस्य उद्यमशिलता विकास तालिम आधुनिक व्यवसायि कृषि कार्यक्रममा सहयोग करेसाबारी/कौशीखेती विकास कार्यक्रम	५ वटा २ वटा ५ वटा २५ वटा १०० परिवार	५ वर्ष

अव म आगामी ५ वर्षे रणनीतिक व्यवसायिक योजनाको अनुमानित वासलात र आय व्यय विवरण अनुमोदनका लागि पेश गर्दछु ।

अनुमानित वित्तीय स्थिती

आ.व :०८१/०८२ देखि ०८५/०८६ सम्म

पूँजी तथा दायित्व	आ.व ०८०/०८१ को यथार्थ	योजना वर्षहरु				
		२०८१/०८२	२०८२/०८३	२०८३/०८४	२०८४/०८५	२०८५/०८६
शेयर पूँजी	१२२८८३३००.००	१४७११३८००.००	१६२४४०१२१.२०	१८१७५७३२४.८०	२०९०२०९२३.५२	२४०३७४०६२.०५
कोष हिसाब	९८९१६२४४.३१	१२८४६४४७५.९३	१३९८०९४५५.०१	१५४१४५४६३.८०	१७२२१७४२४.६९	१९४६९४२२५.३५
बचत तथा निक्षेप	९१६०२२६३३.४५	१११२८८९३९९४.००	१३१७२५७६७४.७३	१५३४८३९६३१.६७	१७८३१८०७२३.१३	२०५७६०१९७१.१७
बाह्य ऋण तथा सापटी	९०००००००.००	८६५९८२१०.३३	८७८०५४७०.९२	९०८७८६६२.४०	९२८९८१८८.२३	१०६८३२९१६.४७
पूँजीगत अनुदान	४८१४५०.००	४८१४५०.००	४८१४५०.००	४८१४५०.००	४८१४५०.००	४८१४५०.००
चालु दायित्व तथा व्यवस्था	२५८४४३४१.१३	४४१०६७५.८८	४८६६४१५.००	५२९९७११.४०	५८५८५११.८९	६३९२६११.३५
ऋण जोखिम व्यवस्था	०.००	३१५३९१६५.९४	४३५६२७५२.६८	५१९५६२४०.०८	५८३६९७८९.६३	६३३८०८७१.१९
कर दायित्व	०.००	०.००	०.००	०.००	०.००	०.००
दिर्घकालिन दायित्व	३५२१६१.५५	३८७३७७.७१	४२६११५.४८	४६८७२७.०२	५१५५९९.७३	५६७१५.७०
स्थगन कर दायित्व	०.००	०.००	०.००	०.००	०.००	०.००
जम्मा	१२५४५००१३०.४४	१५२७८८९१४९.७९	१७५६६४९४५५.०१	२०१९८२७२११.१८	२३२२५४२६१०.८१	२६७०३२५२६७.२७

सम्पत्ति तथा जायजेथा	आ.व २०८०/०८१ को यथार्थ	२०८१/०८२	२०८२/०८३	२०८३/०८४	२०८४/०८५	२०८५/०८६
नगद मौज्दात	३९७२१५८.३१	१५२७०५१६.६८	१७५६१०९४.१८	२०१९५२५८.३१	२३२२४५४७.०६	२६७०८२२९.१२
बैंक मौज्दात	११६१४१११२.६४	२४१६९८२९४.०२	२७०४४०८५०.४३	३१३०२६५०३.८३	३५९९८०४७९.४०	४१३९७७५५१.३१
लगानी हिसाब	१३८५१६४७४.४६	२३७६२०३.००	७०२४४३७६.७४	८०७८१०३३.२५	९२८९८१८८.२३	१०६८३२९१६.४७
कर्जा तथा सापटी लगानी	९३९७०६६१५.८२	११८१२४२१७०.००	१३३४६४३१५७.९८	१५४४९३७२६०.८३	१७८८२९०१२३.४८	२०६७२१६९३३.६५
चालु सम्पत्ति	१२७२१६४८.९५	८३००९५९.२८	८३८३९६८.८७	८४६७८०८.५६	८५५२४८६.६५	८६३८०११.५१
स्थिर सम्पत्ति	४३९८८५०६.२८	५७६११००६.८१	५५३७६००६.८१	५२४१९३४६.४०	४९५९६७८५.९९	४६९५१६२५.२१
अन्य दिर्घकालिन सम्पत्ति	०.००	०.००	०.००	०.००	०.००	०.००
स्थगन कर सम्पत्ति	०.००	०.००	०.००	०.००	०.००	०.००
जम्मा	१२५५०४६५१६.४६	१५२७८८९१४९.७९	१७५६६४९४५५.०१	२०१९८२७२११.१७	२३२२५४२६१०.८१	२६७०३२५२६७.२७

ज्योति मिर्मिरे सामूहिक बचत तथा ऋण सहकारी संस्था लि.

पनौती न.पा-६, काभ्रेपलाञ्चोक

नाफा/नोक्सान हिसाब

आ.व :०८१/०८२ देखि ०८५/०८६ सम्म

विवरण	२०८१/०८२	२०८२/०८३	२०८३/०८४	२०८४/०८५	२०८५/०८६
ब्याज आम्दानी	१७४३६५७२५.००	२०७४६००५२.२६	२३७२४५६६२.८८	२७५३६०८३२.४३	३१९३२३२९७.०१
ब्याज खर्च	९२०००००.००	१०६६५२२१२.७६	१२४३५१४४२.५६	१४४६६५६८७.४७	१६७४५८१२५.४७
खुद ब्याज आम्दानी /(खर्च)	**८२३६५७२५.००**	**१००८०७८३९.५०**	**११२८९४२२०.३२**	**१३०६९५१४४.९६**	**१५१८६५१७१.५४**
अन्य संचालन आम्दानी	६९१३८००.००	४७००५२८.९९	७५५१२७०.५०	८६८३९६१.०७	९९८६५५५.२४
कुल सञ्चालन आम्दानी	**८९२७९५२५.००**	**१०५५०८३६८.४९**	**१२०४४५४९०.८२**	**१३९३७९१०६.०४**	**१६१८५१७२६.७८**
प्रशासनिक खर्च	५१८९.४९१९.००	६०३७१९.४६.६०	७२०५२९४६.०६	८४०२९३२९..२१	९६७७०२९०.७७
ह्रासकट्टी खर्च	२७३५०००.००	३४५६६६०.४१	३३२२५६०.४१	३१४५१६०.७८	२९७५८०७.१६
सम्भावित नोक्शानी व्यवस्था अघिको सञ्चालन मुनाफा	**३४६४९६०६.००**	**४१६७९७६१.४८**	**४५०७०७८४.३५**	**५२२०४६१६.०४**	**६२१०५६२८.८५**
ऋण नोक्सानी व्यवस्था खर्च	१०२०३८७८.२९	१२०२३५८६.७४	८३९३४८७.४१	६४१३५४९..५५	५०११०८१.५६
सञ्चालन मुनाफा/(नोक्सान)	**२४४४५७२७.७१**	**२९६५६१७४.७५**	**३६६७७२९६.९४**	**४५७९१०६६.५०**	**५७०९४५४७.२९**
गैह्र सञ्चालन आम्दानी	३५०४७०.००	३८५५१७.००	४२४०६८.७०	४६६४७५..५७	५१३१२३.१३
सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता	०.००	०.००	०.००	०.००	०.००
नियमित कारोबारबाट भएको मुनाफा /(नोक्सान)	**२४७९६१९७.७१**	**३००४१६९१.७५**	**३७१०१३६५.६४**	**४६२५७५४२.०७**	**५७६०७६७०.४२**
असामान्य कारोबारबाट भएको आम्दानी /(खर्च)	०.००	०.००	०.००	०.००	०.००
सम्पूर्ण कारोबार समावेश पछिको खुद मुनाफा	**२४७९६१९७.७१**	**३००४१६९१.७५**	**३७१०१३६५.६४**	**४६२५७५४२.०७**	**५७६०७६७०.४२**
कर्मचारी बोनस व्यवस्था	२३०६६२३.०४	२७९.४५७५..९८	३४५१२८९..८३	४३०३०२७.१७	५३५८८५३.०६
कर अघिको नाफा/(नोक्सान)	**२२४८९५७४.६७**	**२७२४७११५.७७**	**३३६५००७५.८२**	**४१९५४५१४.९०**	**५२२४८८१७.३६**
आयकर खर्च	१६८६७१८.१०	२०४३५३३.६८	२५२३७५५.६९	३१४६५८८.६२	३९१८६६१.३०
यस वर्षको कर व्यवस्था	०.००	०.००	०.००	०.००	०.००
विगत वर्षसम्मको कर व्यवस्था	०.००	०.००	०.००	०.००	०.००
यस वर्षको स्थगन कर आम्दानी/खर्च	०.००	०.००	०.००	०.००	०.००
खुद नाफा/(नोक्सान)	**२०८०२८५६.५७**	**२५२०३५८२.०९**	**३११२६३२०.१३**	**३८८०७९२६.२८**	**४८३३०१५६.०६**

लेखा सुपरिवेक्षण समितिको आर्थिक वर्ष २०८०।८१ को प्रतिवेदन



– भिमसेन के.सी.
लेखा संयोजक

समुदायमा आधारित भई वि.स. २०५६ सालमा संस्थाका शेयर सदस्यहरुको आर्थिक, सामाजिक एवं उद्यमशिलता विकास गर्ने उद्देश्यका साथ स्थापित यस संस्थाको २५ औं (रजत वर्ष) गरिमामय नियमित वार्षिक साधारण सभा एवं साविक ज्योति मिर्मिरे सामुहिक बचत तथा ऋण सहकारी संस्था लि. पनौती न.पा ६ र युवा स्वावलम्वन बहुउद्धेश्यीय सहकारी संस्था लि. बेथानचोक गा.पा २ बिच एकीकरण भई संयुक्त साधारण सभाका सभापति एवं यस संस्थाका अध्यक्ष ज्यू, संस्थाको निमन्त्रणालाई सहर्ष स्वीकार गरि पाल्नु भएका प्रमुख अतिथि, अतिथि ज्यूहरु, विभिन्न संघ संस्थाका प्रतिनिधि ज्यूहरु, पत्रकार ज्यूहरु, सल्लाहकार ज्यूहरु, संचालक समितीका पदाधिकारी एवं सदस्यहरु,विभिन्न समिति तथा उप समितिका संयोजक एवं सदस्यहरु, शेयर सदस्यज्यूहरु, संस्थामा कार्यरत व्यवस्थापनका क्षमतावान लगानशिल कर्तव्यनिष्ठ प्रमुख कार्यकारी अधिकृत लगायत कर्मचारी मित्रहरु तथा कार्यक्रममा उपस्थित सम्पूर्ण महानुभावहरुमा लेखा सुपरिवेक्षण समितिको तर्फवाट र मेरो व्यक्तिगत तर्फवाट हार्दिक सहकारीमय अभिवादन नमस्कार व्यक्त गर्दछु ।

आजको यस ऐतिहासिक गरिमामय सभामा यस लेखा सुपरिवेक्षण समितिको तर्फबाट सहकारी ऐन २०७४ नियमावली २०७५ र संस्थाको विनियममा व्यवस्था भए बमोजिम आ व ०८०/०८१ को प्रतिवेदन तयार पारि संस्थाको मुखपत्र बार्षिक प्रगति प्रतिबेदन पुस्तिकामा प्रकाशित गरी आजको यस सभामा प्रस्तुत गर्ने अवसर प्राप्त गर्दा हामी अत्यन्तै खुसी व्यक्त गर्दछौं ।

सबैका लागि एक, एकका लागि सवै भन्ने सहकारी मुल सिद्धान्तलाई आत्मसाथ गरी सम्पुर्ण शेयर सदस्यहरु बाट बचत संकलन गरी सोही बचत रकमलाई पुजिकृत गर्दै उनीहरुकै आर्थिक उन्नतिमा लगानी गर्दै संस्थाको विकास र विस्तार गर्ने एवं संस्थालाई निरन्तरता दिने उद्देश्यमा सहकारी संस्थाहरु समर्पित हुने गर्दछन् । यस परिप्रेक्ष्यमा यस संस्था पनि स्थापना काल देखी आजका दिनसम्म निरन्तर रुपमा आफ्नो कार्यक्षेत्र भित्रका शेयर सदस्यहरु प्रति जिम्मेवार र प्रतिबद्ध भई निरन्तर रुपमा अगाडि बढि रहेको जानकारी दिन चाहन्छौं। यस संस्थाले आज २५ औं रजत वर्ष र सयुक्त साधारण सभा सम्पन्न गर्न गईरहेको बर्तमान अबस्थामा हामी यस संस्थाका ति सबै संस्थापकहरु प्रति हार्दिक कृतज्ञता एंब आभार व्यक्त गर्न चाहान्छौं । साथै संस्था सञ्चालनको क्रममा विभिन्न कालखण्डमा एकीकरणको अभियानको क्रममा समाहित भएका तत्कालिन सामुहिक साकोस, मिर्मिरे साकोस, जागृति नमुना साकोस, जन्मज्योति साकोस र युवा स्वावलम्वन बहुउद्देश्यीय सहकारीका संस्थापक एवं शेयर सदस्यहरु प्रति पनि यस २५ औं वर्ष गाँठ मनाई रहँदा हार्दिक आभार व्यक्त गर्न चाहान्छौं ।

विभिन्न आरोह र अवरोहका विचमा सञ्चालनको २५ वर्ष पुरा गरिरहँदाको अवस्थामा हामी सबैले नाङ्गो आँखाले देखेको र कारोवार एंव व्यवहारले महशुस गरेको ज्योति मिर्मिरे सामुहिक साकोस पनौती ६ यसको उन्नती प्रगती एंव निरन्तरताको ज्वलन्त उदाहरण हो भन्ने यथार्थतालाई हामी उल्लेख गर्न चाहान्छौं। झन पछिल्लो समयमा सहकारी क्षेत्रले भोग्नु परेको विभिन्न प्रकारका कठिनाई एवं समस्याहरु विचमा यस सहकारीले त्यस्ता प्रकारका समस्या एवं चुनौतीहरुबाट आफुलाई अक्षुण्ण राख्दै आफ्नो कार्यक्षेत्र मा अब्बल सहकारी को

रुपमा स्थापित गराउन लागि परेको देखिन्छ । तसर्थ यस सवालमा संस्थाले गत आर्थिक वर्ष २०८०।०८१ मा गरेको आर्थिक लगायत प्रशासनिक एवं सांगठनिक क्रियाकलापहरुलाई क्रमश : शीर्षकगत रुपमा उल्लेख गरी आगामी दिनमा अझै प्रभावकारी एवं व्यवस्थित रुपमा अगाडि बढ्न के कस्ता आर्थिक रणनिति एंव कार्य नीतिहरु समेटेर जानुपर्दछ भन्ने विषयमा आबश्यक छलफल र विमर्श गरी प्रतिबेदन तयार पारिएको छ । अब म लेखा सुपरीवेक्षण समितिले तयार पारेको आ.व.०८०।०८१ को प्रगति प्रतिवेदन यस गरिमामय साधारण सभामा पेश गर्न अनुमति चाहन्छु ।

१. **संस्थाको नाम र ठेगाना** : ज्योति मिर्मिरे सामूहिक बचत तथा ऋण सहकारी संस्था लि. पनौती न.पा.६,काभ्रे नमोबुद्धरोड

२. **अघिल्लो साधारण सभाको निर्णय कार्यान्वयनको अवस्था :**

संस्थाको २४ औं वार्षिक साधारण सभा २०८० भाद्र २९ देखि असोज ६ गते सम्म भएको र सभाबाट भएका निर्णयहरु कार्यान्वयन भएको देखिन्छ ।

३. **यस आ.व.को सदस्यता विवरण :**

क्र.स.	सदस्यता प्रकार	महिला	पुरुष	जम्मा
१	शेयर सदस्य	९१३८	९१८८	१८३२६
२	बाल बचत सदस्य			१७२५
	जम्मा			२००५१

४. **आ.व २०८०।८१ मा बसेको बैठक संख्या :**

क्र. स.	समिति उप समितिको नाम	सदस्य संख्या	
१	सञ्चालक समिति	१५ जना	१२
२	लेखा सुपरीवेक्षण समिति	३ जना	५
३	कार्यसम्पादन उप समिति	५ जना	१५
४	ऋण उप समिति	५ जना	२१
५	कृषि तथा व्यवसाय प्रर्वद्धन उप समिति	५ जना	३
६	महिला उप समिति	९ जना	३
७	मिर्मिरे सदस्य सेवा केन्द्र संचालन उप समिति	७ जना	१२
८	सामुहिक सदस्य सेवाकेन्द्र संचालन उप समिति	७ जना	१२
९	बनेपा सदस्य सेवा केन्द्रसंचालन उप समिति	७ जना	१२
१०	कुशादेवी सदस्य सेवा केन्द्र संचालन उप समिति	७ जना	१२
११	बेथानचोक सदस्य सेवाकेन्द्र संचालन उप समिति	७ जना	१२
१२	जन्मज्योति सदस्य सेवाकेन्द्र उप समिति	३ जना	१२

१३	रोशि सदस्य सेवाकेन्द्र	३ जना	५
१४	मूल्याँकन उप समिति	३ जना	२
१५	प्रकाशन उप समिति	३ जना	२
१६	योजना तर्जुमा तथा बजेट विनियोजन उप समिति	संयुक्त	२
१७	लघुवित्त उप समिति	५ जना	३
१८	स्वास्थ्य उप समिति	५ जना	२
१९	पदपूर्ति उप समिति	३ जना	६
२०	समिक्षा बैठक	सयुक्त	४
२१	शिक्षा उप समिति	५ जना	२
२२	प्रोव्यासन कार्यदल	५ जना	६
२३	युवा तथा बाल उप समिति	५ जना	३
२४	भवन निर्माण उप समिति	५ जना	१४
२५	जोखिम व्यवस्थापन उप समिति	५ जना	२
२६	व्यवस्थापन ऋण बैठक	५ जना	३१२
२७	सेवाकेन्द्र इन्चार्ज सहितको विभागिय बैठक	१६ जना	४
२८	कर्मचारी बैठक	४२ जना	१२

५. ऋण लगानीको प्रकृया, ऋण वापतको सुरक्षण र धितो सम्वन्धी व्यवस्था :

सस्थाले अधिकांश ऋणहरु धितो जमानतमा लगानी गरेको छ र केही ऋण संस्थाको ऋण नीति बमोजिम धन जमानी र लघुवित्त समूह गठन गरि समूह जमानीमा लगानी गरेको छ । ऋण लगानीलाई व्यवस्थित र सदस्य सेवालाई छिटो साथै झन्झटिलो मुक्त गराउन साथै सुविधा उपलब्ध गराउन तपशिलको ऋण स्वीकृतको क्षेत्राधिकार तोकेको छ ।

तपशिल

रु १० लाख सम्म	व्यवस्थापन
रु १० लाख सम्म	सेवाकेन्द्र ऋण उप समिति
रु ५० लाख सम्म	ऋण उप समिति
रु ५० लाख भन्दा माथि	सञ्चालक समिति

१० लाख भन्दा माथि ऋण लगानी गर्दा संस्थाले सुचना प्रकाशन गरि खुल्ला प्रतिस्प्रर्धा मार्फत वाह्य रुपमा

स्वतन्त्र प्राविधिक(धितो मूल्याकनकर्ता) छनोट गर्ने गरिएको र उक्त धितो मूल्याकनकर्ताबाट मुल्यांकन गरि आएको मुल्याँकनको आधारमा ऋण लगानी गर्ने गरिएको छ । साथै १० लाख भन्दा कम ऋण लगानीको लागि भने संस्थाको प्रमुख कार्यकारी अधिकृत, ऋण विभाग प्रमुख सहितले धित्तो निरीक्षण गरि सोको मुल्याँकनका आधारमा लगानी गर्ने गरिएको र सबै मुल्याँकनहरु संचालक समितिले अनुमोदन गरिएको छ । ऋण लगानी गर्दा आवश्यक कागजात पुरा गरि ५ लाख सम्मलाई पत्रद्धारा रोक्का राखिएको र सो भन्दा माथिको ऋणको हकमा संस्थाको नाममा दृष्ट्रिबन्धक लिखित पास गरि लगानी गरिएको पाइयो ।

६.सुरक्षणको अवस्था : भाखा नाघेको ऋण तथा शुद्ध ऋणको लागि निम्नानुसारको व्यवस्था गरिएको छ

आ.व २०८०।०८१

क्र.स	बिबरण	अबस्था	प्रतिशत	लगानीमा रहेको ऋण	व्यवस्था गर्नुपर्ने रकम	गत वर्षको रकम	यस वर्ष खर्च	यस वर्ष आम्दानी	जम्मा
१	भाखा ननाघेका ऋण	असल	१	९०८,८०६,८९८।२०	९,०८८,०६८।९८	२०,५६१,४०३।७०	१,३९६,७९०।४८	६२२,९३६।५३	९,,०८८,०६८।९८
२	१ दखि ३६५ दिन भाखा नाघेका ऋण	कमसल	३५	८,०१०,८५३।००	२,८०३,७९८।५५				२,८०३,७९८।५५
३	१ बर्ष भन्दा बढि भाखा नाघेको ऋण	खराब	१००	९,४४३,३८९।९९	९,४४३,३८९।९९				९,,४४३,३८९.९९
				९२६,२६१,१४१।१९	२१,३३५,२५७।५२	२०,५६१,४०३।७०	१,३९६,७९०।४८	६२२,९३६।५३	२१,३३५,२५७।५२

७. सहकारी विभागवाट जारि गरिएको मापदण्डहरुको पालना सम्वन्धी संक्षिप्त विवरण :

क)शेयर सदस्य भन्दा बाहिर ऋण प्रवाह गरिएको पाईएन ।

ख) बचत तथा कर्जा प्रवाह समेत सहकारी विभागले समय समयमा जारी गरेको निर्देशन बमोजिम कार्यक्षेत्र भित्र नै गरिएको पाईयो ।

ग) संस्थाको कार्यालय एवं नाम अंकित बोर्ड समेत आवश्यक रंग र साईजमा राखिएको पाईयो ।

घ) मासिक रुपमा नियामक निकायमा प्रतिबेदन पेश गरिएको पाईयो ।

ङ) goAML प्रणालीमा सिमा कारोवारहरुको प्रतिबेदन समयमा नै प्रविष्टि गरेको पाईयो ।

च) कोपोमिसमा मासिक प्रतिबेदन प्रविष्टि गरेको पाईयो ।

छ) नेफ्स्कुन बाट सञ्चालित सदस्य सेवा अर्न्तगत MIS मा मासिक प्रतिबेदन प्रविष्टि गरेको पाईयो ।

ज) सहकारी विभाग बाट मिति २०७९ श्रावण ३१ गतेको निर्देशन न. ८ बमोजिम संस्थाको मासिक प्रतिबेदन सार्वजनिक गरिएको पाईयो ।

८. पदाधिकारीहरुको पारिश्रमिक ,भत्ता र अन्य सुविधाहरुको विवरण :

८.१. पारिश्रमिक : संचालक समिति तथा अन्य समिति उप समितिको पदाधिकारीलाई पारिश्रमिकको व्यवस्था नभएको पाइयो ।

८.२. भत्ता : तोकिएको व्यवस्था बमोजिम बैठक भत्ता उपलब्ध गराईएको पाइयो ।

८.३. अन्य सुविधा : विनियम एवं निर्णय अनुसार लिने गरेको पाईयो ।

९. कार्यालय एवं कर्मचारी प्रशासन सम्वन्धी व्यवस्थाहरु :

संस्थाको नाममा रहेको प.न.पा. ६ मा अवस्थित आफ्नै जग्गामा भवन सहित कार्यालय सञ्चालनमा भएको र ऐ.ऐ.वडामा मुख्य कार्यालय र प.न.पा ४ ज्यालाचिटिमा सामुहिक सेवाकेन्द्र,प.न.पा ४ ठाडोबाटोमा मिर्मिरे सेवाकेन्द्र, बनेपा न.पा. ७ गोदामचोकमा बनेपा सेवाकेन्द्र, प.न.पा. २ मा कुशादेवी सेवाकेन्द्र, बेथानचोक गा.पा. २ मा वेथानचोक सेवाकेन्द्र, प.न.पा ११ बल्थलिमा जन्मज्योति सेवाकेन्द्र साथै पनौती न.पा. १२ रोशिमा रोशि सेवाकेन्द्र र पनौती ६ मा ज्योति सेवाकेन्द्र सहित ८ वटा कार्यालयहरुबाट सदस्यहरुलाई संस्थाका सेवाहरु प्रदान गर्दै आएको पाइयो ।

९. १. साधारण सभाबाट पारित कर्मचारी प्रशासन सम्बन्धी नियमावली भए नभएको : मानव संसाधन व्यवस्थापन आन्तरिक कार्यविधि २०६९ अनुसार भएको पाइयो ।

९.२. कर्मचारी प्रशासन सम्बन्धी नियमावली प्रयोगमा ल्याईएको नल्याइएको : कर्मचारी भर्ना गर्दा मानव संसाधन व्यवस्थापन आन्तरिक कार्यविधि बमोजिम कार्यान्वयन गरिएको पाइयो ।

९.३. कर्मचारी र कार्यबोझ बिच तारतम्य रहेको नरहेको : हाल संस्थामा मुख्य कार्यालय १ र सेवाकेन्द्र ८ गरि ९ वटा कार्यालयहरुमा ४२ जना नियमित र ३ जना समयगत कर्मचारीहरु विभिन्न दरबन्दिमा कार्यरत रहेको साथै कार्यरत कर्मचारीमा कार्यबोझ बिच तारतम्य हुनेगरी काम बाँडफाड गराईएको पाईयो ।

हाल संस्थामा कार्यरत कर्मचारीको तहगत संरचना र संख्या

क्र.स.	तह	पद	संख्या
१	आठौं तह	प्रमुख कार्यकारी अधिकृत	१
२	छैटौं तह	विभागीय प्रमुख	४
३	पाँचौं तह	बरिष्ठ सहायक स्तर	२
४	चौंथो तह	सहायक स्तर	६
५	तेस्रो तह	सहायक स्तर	११
६	दोस्रो तह	सहायक स्तर	८
७	प्रथम तह	सहायक स्तर	९
८	श्रेणी विहिन	सहयोगी स्तर	१
९	श्रेणी विहिन	सुरक्षा सहयोगी	२
१०	श्रेणी विहिन	परिचर	१

१०. लेखा सुपरीवेक्षण समितिले अघिल्लो आ.व.मा दिएको सुझावहरुको कार्यान्वयनको अवस्था:

लेखा सुपरीवेक्षण समितिबाट यस अघि दिइएको अधिकांस सुझावहरु कार्यान्वयन भएको पाईयो ।

११. सम्पत्ति शुद्धिकरण निवारण सम्वन्धि व्यवस्था :

१. सदस्य पहिचान फारम भरिएको ।
२. सीमा कारोबारको प्रतिवेदन १५।१५ दिन मा पठाउने गरिएको ।
३. कार्यान्वयन अधिकारीको व्यवस्था गरिएको ।

४.चौमासिक प्रतिबेदन पठाउने गरेको ।

५.जोखिम व्यवस्थापन तथा सम्पत्ति शुद्धिकरण निवारण कार्यन्वयन नीति भएको ।

६. जोखिम स्तरका आधारमा सदस्यता वर्गाकरण गरी वार्षिक रुपमा सदस्यता पहिचान अद्यावधिक गरिएको ।

१२. लेखा सुपरीवेक्षण समितिका सुझावहरु :

क) ऋण असुलीमा यस आ.व.मा उल्लेख्य प्रगति भएको देखिन्छ, यसलाई निरन्तरता दिदैं अझ कर्जा असुलि विभागको छुट्टै संरचना तयार गरि लगानी गरिएको ऋणको असुली गर्न सुझाव दिइन्छ ।

ख) संस्थाले ऋण लागानी गरेको मध्यमा यस आ.व.मा ऋणको सदुपयोगिता निरीक्षण गत आ.व.को भन्दा बृद्धि भएको पाइयो र पनि अझै शत प्रतिशत ऋणी सदस्यहरुकोमा पुगि ऋण वर्गिकरण अनुसार मासिक, त्रैमासिक, अर्धवार्षिक रुपमा सदुपयोगिता निरीक्षण गर्न सुझाव दिईन्छ ।

ग) संस्थाले सेवा विस्तारमा प्रविधि मैत्री बनाउँदै लगेको पाइएको छ यसलाई अझै आकर्षक र सबै सदस्य सम्म पहुँच पुर्याउन सदस्यको स्तर मापन गरि सुविधा प्रदान गर्न सुझाव दिईन्छ ।

घ) वर्तमान अवस्थामा विभिन्न प्राकृतिक प्रकोपका कारण आर्थिक मन्दि र यसबाट वित्तिय संस्थाहरुमा परेका प्रभावलाई मध्यनजर गरि यस संस्थाले पनि समयमा नै उक्त जोखिमबाट बच्नका लागि विभिन्न सहकारी शिक्षा शिविर तथा जोखिम न्यूनिकरणका उपायहरु अपनाउन सुझाव दिइन्छ ।

ङ) संस्थाको दैनिक कार्य संचालन गर्नको लागी यस आ.व.बाट M-FIN PLUS सफ्टवेयर प्रयोग गरिएको पाईयो । उक्त सफ्टवेयरमा प्रविष्ट भएका भएका हिसाव नमूना परिक्षण गर्दा कुनै त्रुटी भेटिएन । संस्थाले यस वर्ष प्रविधिमैत्री बर्षको रुपमा घोषणा समेत गरेकाले संस्थालाई प्रविधिमैत्री बनाउन सुझाव पेश गरिन्छ ।

च) सेवाकेन्द्रमा कार्यक्षमता हेरी सवै कार्यलयमा कम्तिमा पनि बरिष्ठ सहायक स्तरका सेवाकेन्द्र प्रमुखहरु हुने गरि कर्मचारी व्यवस्थापन गर्न सुझाव पेश गरिन्छ ।

छ) संस्थाको नकमाउने सम्पत्तिलाई पर्ल्स मापदण्ड भित्र कायम गर्न सुझाव दिईन्छ ।

ज) २०८१ साल असोज १० गते देखी १२ गते सम्म परेको अविरल वर्षा र त्यसबाट सिर्जित अकल्पिनीय बाढि पहिरो बाट यस संस्थाको कायक्षेत्र भित्रका शेयर सदस्यहरुको विवरण संकलन गरी पिडित भएका सदस्यहरुलाई राहत पुग्ने खालका कार्यक्रमहरु तर्जुमा गरी उनीहरुको आगामी दैनिक जीवनलाई सहज पुर्याउन अनुदान सहितको ऋण प्याकेज कार्यक्रम लागु गर्न समेत सुझाव दिईन्छ ।

झ) वर्तमान अवस्थामा सहकारी क्षेत्रलाई बदनाम र अविश्वसनिय बनाउन विभिन्न क्षेत्रहरुबाट विविध कार्यहरु भईरहेको हुँदा हामी समुदायमा आधारित भई व्यवस्थित रुपमा सञ्चालित संस्थालाई समूदायमा आधारित नमूना संस्थाको रुपमा परिचित गराउन सुझाव दिईन्छ ।

अन्तमा, संस्थामा आबद्ध सम्पुर्ण शेयर सदस्य महानुभावहरुले दिनुभएको जिम्मेवारी र संस्था प्रतिको

विश्वासको लागि हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दै, म एवं हाम्रो लेखा सुपरिवेक्षण समिति सधैं संस्था एवं सदस्यको हितमा केन्द्रित हुने प्रतिवद्धता यस सभा माझ पेश गरि हामी सबैको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्न चाहान्छु । संस्थाले हाल सम्म पाएको सफलताको लागि धन्यवाद र थप उपलब्धिहरु हाँसिल गर्नको लागि शुभकामना व्यक्त गर्दै लेखा सुपरीवेक्षण समितिको तर्फबाट मैले प्रस्तुत गरेको यस प्रतिवेदन उपर छलफल गरी अनुमोदन गरिदिन अनुरोध गर्दछु ।

धन्यवाद ।

जय ज्योति मिर्मिरे सामुहिक साकोस, जय सहकारी

संयोजकः भिमसेन के.सी.
सदस्य : वासुदेव सुवेदी
सदस्य :शिला आचार्य

डि.स.का. दर्ता नं. ९२/०५५/५६

दिगो र उत्कृष्ट वित्तीय सहकारी

15 Years
रजत वर्ष-२०८१

ज्योति मिर्मिरे सामुहिक
बचत तथा ऋण सहकारी संस्था लि.
नेफ्स्कून
पनौती–६, नमोबुद्धरोड

Jyoti Mirmire Samuhik Saving and Credit Co-Operative Society Ltd.
Panauti Municipality-6, Kavrepalanchowk, Nepal

MoFin Finance
Missed Call
Jyoti Mirmire SACCOS

मिस्डकल (Missed Call) बैंकिङ सेवा
मोबाईल नं. ९८६२६४२७६८ मा मिस्डकल
गरी आफ्नो मोवाईल रिचार्ज गर्नुहोस् ।

Tel : 977-11-440692 (Head Office), 441462 (Jyoti), 441366 (Mirmire), 441433 (Samuhik)
662266 (Banepa), 405122(Kushadevi), 421027(Bethanchok), 416045(Janmajyoti), (Roshi)

www.jmssaccos.coop.np, Email: info@jmssaccos.coop.np

ऋण उप-समितिको प्रतिवेदन



– केशव बन्जारा
संयोजक ऋण उप–समिति

यस संस्थाको २५ औं नियमित तथा संयुक्त बार्षिक साधारण सभाका अध्यक्ष ज्यू, प्रमुख अतिथि ज्यू, अतिथि ज्यूहरु, संचालक समितिका पदाधिकारी ज्यूहरु, लेखा तथा सुपरिवेक्षण समितिका संयोजक एवं पदाधिकारी ज्यूहरु लगायत सम्पूर्ण उप समितिका साथीहरु, संस्थामा कार्यरत कर्मचारी साथीहरु तथा सम्पूर्ण सदस्य महानुभावहरुमा हार्दिक सहकारीमय अभिवादन व्यक्त गर्दछु ।

आज हामी यस संस्थाको गरिमामय साधारण सभामा उपस्थित भईरहेका छौं । बचत तथा ऋण सहकारी संस्थाको मुख्य कारोबार भनेको बचत संकलन र ऋण लगानी हो । बचत संकलन तथा ऋणको परिचालन मध्ये कुनै एउटा क्षेत्र कमजोर भएमा संस्था नै कमजोर हुन जान्छ । त्यसैले हामीले यी दुवै क्षेत्रलाई उतिकै महत्वका साथ अगाडी बढाउनु पर्दछ । जसका लागी हामीले ऋण लगानीलाई सुरक्षित बनाउन ऋणि एवं ऋणको शत प्रतिशत विमा गरेका छौ । सम्पुर्ण सदस्यहरुको बचतको सुरक्षा गर्नु हाम्रो दायित्व हो । त्यसैका लागि हामीले यस बर्ष मौजुदा ऋण नीति, लगानीका प्रकृया तथा क्षेत्रहरुमा केही परिवर्तन गरेका छौ । संस्थाले सदस्यहरुको हितलाई सर्वोपरी ठान्दै आवश्यकता अनुसार ऋण नीतिलाइ परिमार्जित गर्दै अगाडी बढेको कुरा म यस सभामा जानकारी गराउन चाहान्छु ।

सामाजिक उत्तरदायित्व सहित समुदायको आर्थिक बिकासमा उपस्थित रहने गरि स्थापित यस ज्योति मिर्मिरे सामुहिक बचत तथा ऋण सहकारी संस्था लि पनौती ६ ले आपसी सद्भाव एवं सामुहिक जवाफदेहिता बहन गरि निश्चित कार्यक्षेत्र भित्र वित्तिय कारोवार गर्ने समुदायका नागरिकहरुको वितीय पहुँच वृद्धि गर्ने कार्य गर्दै आईरहेको छ । सदस्यको वित्तिय आवश्यकता पूरा गर्न बैकिङ्ग क्षेत्रले मात्र सम्भव नभएकाले सहज वैकिङ्ग पहुँच नभएका आम सदस्यका विच सहज कारोवार गर्ने उद्येश्य राखि यस संस्थाले विभिन्न समयमा देशमा आइ पर्ने जुन सुकै कठिन परिस्थितीका विच सदस्यहरु माझ वित्तिय कारोवार गरि अति आवश्यक आवश्यतालाई पुरा गरेको छ । जुनसुकै जोखिम हुँदा सदस्य सँगै रहि अभिभावकीय भूमिका निभाउन संस्थाका संचालक समिति कर्मचारी सदैव यस पवित्र काममा अहोरात्र खटिरहेका छन । सदैव सदस्यहरुको विचमा सह भाइचारा विकास गरि संस्थागत विकासका लागि अनवरत रुपमा संस्थाको छविलाई सधै कृयाशिताका साथ सदस्यहरु विच पुरयाई संस्थाको कारोवालाई निरन्तरता दिई आज सम्म सदस्यहरुको सुख दुःखमा हातेमालो गर्दै अघि बढिरहेको कुरा हाम्रा गतिविधिहरुबाट देख्न सकिन्छ । हामिले सदस्यहरुमा ऋण लगानीको बिषयलाई मात्र प्राथामिकतामा राखेका छैनौ । बास्तबमा सदस्यहरुको आर्थिक उन्नती हाम्रो प्रमुख लक्ष्य हो । सोही बिषयलाई मध्यनजर गर्दै हामिले सदस्यहरुको ऋणको सदुपयोगिता निरिक्षण कार्यलाई संगसगै लिएर जाने गरि कार्यक्रमहरु सचालन गर्ने गरेका छौ । भोलिका दिनमा यस संस्था पक्कै पनि समुदायको नमुना संस्थाको रुपमा स्थापित हुने कुरामा आशाबादी छु ।

यस बर्ष संस्थाले ५ वर्षे रणनीतिक ब्यबसायिक योजना परिमार्जन सहित तयार गरेको छ । संस्थालाई दिगो रुपमा ब्यबसायिक एबं प्रतिस्पर्धी बनाउन साथै सहकारी क्षेत्रमा श्रृजना भईरहेको प्रतिकुल परिस्थिती लाई सामना गर्न उक्त ब्यबसायिक योजना फलदायी हुने छ ।

यस आ.व मा ऋण उप समितिको जम्मा २१ पटक बैठक बसी बिभिन्न १११ वटा निर्णयहरु भएका छन ।

ऋण उप समितिको बैठकमा भएका निर्णय तथा समग्रमा भएका गतिवीधिहरु र आगामी योजनाका विषयमा म यस गरिमामय साधारण सभामा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

- यस आ.व मा ८ वटा सदस्य सेवा केन्द्र कार्यालयहरुबाट कुल २७३५ वटा ऋण लगानी मार्फत रु. १,१६,५२,५७,५७१।- लगानी तथा रु. २३,८९,९६,४२९।८ असूली भई रु.९२,६२,६१,१४१।१९ लगानीमा रहेको अवस्था छ ।
- यस आ.व मा २६५६ जनाको ऋणको विमा गरिएको छ ।
- क्षमता भएका तर व्यवसाय गर्न पूँजि नभएकाहरुलाई व्यवसायी बनाउन तालिमको साथै आवश्यक रकम उपलब्ध गराई व्यवसायी बनाउने रणनीति अपनाईएको छ ।
- ऋणको मासिक किस्ता र ब्याज नियमित रुपमा बुझाउने सदस्यहरुलाई उत्कृष्ट ऋणी घोषणा गरी पुरस्कृत गर्ने र तोकिएको ब्याजदरमा १ प्रतिशत छुट गरी प्रोत्साहन दिने कार्य गरिएको छ ।
- ऋण लगानीलाई सुरक्षित बनाउन एकाघरको एक जनालाई अनिवार्य धन जमानी राख्नुपर्ने प्रावधान राखिएको छ ।
- यस संस्थाबाट बिगत वर्षहरुमा ऋण लिई भाखा नघाई बसेका सम्पूर्ण ऋणीहरुको घरदैलोमा पुगी ऋण अशुलीका लागी लिखित तथा मौखिक ताकेता गरिएको छ ।
- सदस्यको ऋणको सदुपयोगिता निरीक्षण गर्ने गरिएको छ ।
- कृषि तथा पशुपालन ऋणमा समेत विमा गरी ऋण सुरक्षणलाई अत्याधिक ध्यान पुरयाईएको छ । यस कार्यलाई संस्थाको प्राविधिक मार्फत सदस्यको घर दैलोमा गई विमा गर्ने व्यवस्था मिलाइएको छ ।
- संस्थामा लागू भईरहेको ऋण नीतिलाई समयसापेक्ष परिवर्तनका लागि ऋण उप समितिले अपनत्व लिई प्रस्ताबका रुपमा सञ्चालक समितिमा पेश गर्ने गरिएको छ ।
- ऋण लगानी गर्नु पुर्व सदस्यसँग ऋणसँग सम्बन्धित बिषयहरुमा परामर्श गरेर मात्र लगानी गर्ने गरिएको छ ।
- १० लाख भन्दा माथिको धितो मुल्याङ्कन गर्न ४ वटा कम्पनिलाई सूचिकृत गरि सो अनुसार मुल्याङ्कन गरि आएको मुल्याङ्कनको आधार हेरी लगानी गर्ने व्यवस्था गरिएको छ ।
- ऋण माग भई आएको माग फारमको आधारमा रु. १० लाख सम्म ब्यबस्थापन बाट रु ५० लाख सम्म ऋण उप समिति र सो भन्दा माथिको हकमा संचालक समितिबाट निर्णय गराइ लगानी गर्ने व्यवस्था गरिएको छ ।
- महिना भरी गरिएका कामको मासिक प्रतिवेदन मार्फत संचालक समितिमा छलफल गरि आवश्यक सल्लाह सुझाव लिई काम अगाडी बढाउने गरिएको छ ।
- ऋणी सदस्यहरुको सुविधाको लागि संस्थाको खाता रहेको बैंक मार्फत ऋण भुक्तानी गर्ने मिल्ने व्यवस्था गरिएको छ ।
- ऋण लगानी तथा अशुली प्रक्रियालाई थप व्यवस्थित गर्न ऋण उपसमितिको प्रतिवेदन सञ्चालक समितिको बैठकमा पेश गरि सुक्ष्म रुपमा अध्ययन तथा छलफल गर्न सञ्चालक समितिको नियमित बैठकमा ऋण उप समितिका संयोजकलाई अनिवार्य उपस्थित गराउने नीतिगत व्यवस्था गरिएको छ ।
- ऋणी सदस्यले ऋण लिँदा तमसुकमा लेखिए बमोजिम मासिक/त्रैमासिक/अर्धबार्षिक किस्ता तोकिएको

समयमा भुक्तानी गर्नु पर्ने नीतिगत व्यवस्था गरिएको छ ।

- ❖ जुन प्रयोजनको लागी ऋण लिएको हो, सोही प्रयोजनमा लगानी गर्नु पर्ने नीतिगत व्यवस्था लागु गरि सोहि प्रयोजनमा लगानी भएको खण्डमा ऋण भुक्तानी गर्दा छुट दिने नीतिगत व्यवस्था गरिएको छ ।
- ❖ ऋण लिई किस्ता नतिर्ने ऋणी सदस्यहरुको संस्थाको बार्षिक साधारण सभामा प्रकाशन हुने प्रगति प्रतिवेदन पुस्तिका र स्थापना दिवसको अवसरमा प्रकाशित हुने वुलेटिनमा ऋण विवरण सहित नाम प्रकाशित गर्ने व्यवस्था गरिएको छ ।
- ❖ मासिक किस्ता तथा व्याज नियमित भुक्तानी गरी उत्कृष्ट ऋण कारोवार गर्ने सदस्यलाई ग्रीन कार्डको व्यवस्था गरी तोकिएको व्याजदरमा १ प्रतिशत छुटको व्यवस्था गरिएको छ ।
- ❖ ऋणका कागजजातहरुको सुरक्षालाई विशेष ध्यान दिईएको छ ।
- ❖ २५ औं रजत वर्षको अवसरमा संस्थामा भएका सदस्यहरुलाई विधुतिय सवारी साधन तथा विधुतिय घरासी सामान खरीदका लागि सहुलिय दरमा ऋण लगानीको व्यवस्था गरिएको छ ।

अन्त्यमा संस्था प्रति यहाँहरुले देखाउनु भएको माया र सदभाब प्रति हार्दिक आभार व्यक्त गर्दछु । यस आ.व. मा भएको आर्थिक मन्दि लगायतका विविध समस्याका कारण सदस्यको दैनिक व्यवसायमा परेको असरलाई ध्यानमा राखि व्यवसायलाई निरन्तरता दिनका लागि सहुलियत दरमा व्यवसाय पुनरुत्थान ऋण र कृषक सदस्यहरुमा बाढी पहिरो लगायत दैवि विपद तथा प्रकोपहरुमा भएको क्षतिलाई राहत दिनका लागि ज्योति कृषक सहारा ऋण एवं सहुलियत दरमा ऋणको व्यवस्था गरिएको जानकारी गराउन चाहन्छु । संस्थालाई यस अवस्था सम्म पुर्याउन सहयोग गर्नु हुने शेयर सदस्य महानुभावहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु । संस्थाको प्रगतिमा ऋण लगानी र ऋण अशुलीको मुख्य भूमिका हुन्छ । यस कार्यलाई सफल बनाउन यहाँहरुको सहयोग र आर्थिक अनुशासनले हामीलाई काम गर्न अझ प्रोत्साहन मिल्ने भएकोले मासिक रुपमा किस्ता र ब्याज बुझाउनु भई हामीलाई काम गर्ने हौसला बढाउन साथै आर्थिक अनुशासनमा रहन हार्दिक अनुरोध गर्दछु । संस्थाको हरेक गतिविधिहरुमा शेयर सदस्य महानुभावहरुको उल्लेखनीय सहभागिता सहित संस्थाको उन्नतिको लागि यहाँहरुको सदैव साथ र सहयोग रहिरहने छ भन्ने पूर्ण विश्वासका साथ यो प्रतिवेदन यहि अन्त गर्दछु ।

धन्यवाद
जय ज्योति मिर्मिरे सामूहिक ,जय सहकारी

संयोजक : केशब बन्जारा
सदस्य : विदुर प्रसाद हुमागाई
सदस्य : इश्वर कार्की
सदस्य : सुशिला थापा
सदस्य : रेशा श्रेष्ठ

H. Pahadi & Associates
Chartered Accountants

सदस्य महानुभावहरुमा स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

हामीले श्री **ज्योति मिर्मिरे सामुहिक बचत तथा ऋण सहकारी संस्था लि.** ("संस्था")को संलग्न वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौ । वित्तीय विवरणमा २०८१ आषाढ मसान्तको वित्तिय स्थितिको विवरण र सोही सो मितिमा समाप्त भएको आर्थिक वर्ष २०८०/८१ को नाफा वा नोक्सानको विवरण, अन्य विस्तृत आयको विवरण, नाफा वा नोक्सानको विनियोजन विवरण, इक्वीटिमा भएको परिवर्तन सम्बन्धी विवरण, नगद प्रवाह विवरण, कर्जा जोखिम व्यवस्था, तथा प्रमुख लेखा निति तथा लेखा सम्वन्धी टिप्पणीहरु समावेश गरिएका छन् ।

कैफियत सहितको राय

हाम्रो विचारमा, कैफियत सहितको रायको आधारमा वर्णन गरिएको विषयको प्रभाव बाहेक सबै भौतिक सन्दर्भमा प्रतिवेदन संगै वित्तीय विवरणहरू निष्पक्ष रूपमा प्रस्तुत गरिएका छन् तथा ३१ असार, २०८१ (जुलाई १५, २०२४) को वित्तीय स्थिति संस्थाको वित्तीय कार्यसम्पादन र यसको नगद प्रवाहको निष्पक्ष प्रस्तुत गरिएका छन् ।

कैफियत सहितको रायको आधार

संस्थाको वित्तीय विवरणमा कर्जा जोखिम व्यवस्था लागि पर्याप्त प्रावधान गरिएको छैन । संस्थाले कर्जा जोखिम व्यवस्था स्वरुप रु. २,१३,३५,२५७.६५ विनियोजन गरेको भए पनि सहकारी विभागले जारी गरेको एकीकृत निर्देशन २०७९ को बुँदा नं २० बमोजिमको कर्जा जोखिम व्यवस्था मूल्याङ्कनले रु. ११,३७,३३,६२२.८४ को रकमको प्रावधान हुनुपर्ने देखिन्छ र रु. ९,२३,९८,३६५.१९ को अतिरिक्त प्रावधान थियो हिसाबमा भने, संस्थाको रिपोर्ट गरिएको नाफा सोही रकमले घट्नेछ, र सोही रकमको असर सम्पत्तिले पनि प्रतिबिम्बित गर्नेछ ।

प्रमुख लेखापरिक्षण मामिलाहरु

प्रमुख लेखापरिक्षण मामिलाहरु ती विषयहरु हुन, जुन हाम्रो व्यवसायिक निर्णयमा, यस लेखापरिक्षणमा सबैभन्दा महत्वपूर्ण थिए । यी विषयहरु हाम्रो लेखापरिक्षणको सन्दर्भमा सम्बोध नगरिएको थियो र ती विषयहरुमा हामी छुट्टै राय प्रदान गर्दैनौं ।

वित्तीय विवरण उपर व्यवस्थापनको उत्तरदायित्व

प्रचलित कानून तथा नेपाल लेखामान वमोजिम वित्तीय विवरणको तयारी र यथार्थ प्रस्तुतिकरण गर्नु यस संस्थाको व्यवस्थापनको उत्तरदायित्व हो । यस उत्तरदायित्व अर्न्तगत वित्तीय विवरण गलत आंकडा, जालसाजी वा त्रुटिको कारण, रहित छ भनी तयारी र प्रस्तुतिकरण गर्ने कार्यसंग सम्बन्धित नियन्त्रण प्रणलीको तर्जुमा गर्ने, लागु गर्ने र अद्यावधिक बनाई राख्ने, उपयुक्त लेखानीतिको छनौट गर्ने र लागु गर्ने तथा तत्कालिन अवस्थामा उपयुक्त लेखा अनुमानहरु गर्ने कार्यहरु पर्दछन् ।

वित्तीय विवरण तयार गर्दा संस्थाको भविष्यमा संचालन हुने क्षमताको मूल्यांकन गर्ने दायित्व व्यवस्थापनको रहन्छ । व्यवस्थापनले संस्था दामसाह गर्ने वा संचालन बन्द गर्ने बाहेकका अन्य विकल्प

H. Pahadi & Associates Kathmandu Nepal Chartered Accountants

नभएसम्म संस्था भविष्यमा पनि संचालन भइरहन्छ भन्ने सिद्धान्त बमोजिम लेखा पद्धति प्रयोग गर्ने दायित्व व्यवस्थापनको रहन्छ ।

वित्तीय विवरणको लेखापरिक्षणमा लेखापरिक्षकको उत्तरदायित्व

प्रस्तुत वित्तीय विवरणहरु माथि लेखापरिक्षणको आधारमा आफ्नो मन्तव्य जारी गर्नु हामो उत्तरदायित्व हो । लेखापरिक्षणको सर्वमान्य सिद्धान्त तथा नेपाल लेखापरिक्षण मानको आधारमा लेखापरिक्षण सम्पन्न गरिएको छ । वित्तीय विवरण सारभूतरुपमा गलत आँकडा रहित छ भन्ने कुरामा विश्वस्त हुनको लागि ती लेखापरीक्षण मान अनुसार लेखापरीक्षण योजना तयार गरी तदनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । वित्तीय विवरणमा उल्लेखित रकम र खुलाइएका अन्य विवरणलाई पुष्ट्याई गर्न प्रमाणको छड्के परिक्षणलाई समेत लेखापरिक्षणमा समावेश गरिएको छ । संस्थाले अवलम्वन गरेको लेखा सिद्धान्त, व्यवस्थापनले गरेको महत्वपूर्ण अनुमान तथा वित्तीय विवरण प्रस्तुतिको समग्र स्थितिको मूल्यांकन पनि लेखापरिक्षणमा समावेश गरिएको छ ।

सहकारी ऐन तथा अन्य ऐन, नियमावली तथा मापदण्डको परीपालना उपर प्रतिवेदन

१. हामीलाई लेखापरिक्षणको लागि आवश्यक जानकारी तथा स्पष्टीकरणहरु यथासिघ्र पायौँ ।

२. ऐनको आवश्यकता बमोजिम संस्थाले लेखा तथा खाता पाता राखेको छ ।

३. वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) तथा ऐनको प्रावधान बमोजिम तयार पारिएको छ ।

४. संस्थाले संरक्षित पुँजी फिर्ता कोष कारोबारको आधारमा सदस्यलाई रु. ७,९६,१७८.८२ (अक्षरुपी सात लाख छयानब्बे हजार एक सय अठहत्तर रुपैँया बयासी पैसा मात्र) वितरण गरि बाँकी रकम साधारण सभाको कार्यसूचि नं. ११ को निर्णय बमोजिम संरक्षित पुँजी फिर्ता कोषबाट शेयर लाभांश कोषमा तथा अन्य कोषमा सारिएको देखियो ।

५. वित्तीय विवरण संस्थाको लेखा तथा खाता पातासँग सम्झौतामा छ तथा खाता पाता प्रचलित कानून बमोजिम राखिएको छ ।

६. लेखापरिक्षणको क्रममा हाम्रो जानकारी र हामीलाई दिइएको स्पष्टीकरणको आधारमा लेखा सम्बन्धी धोखाधडी मामिलाहरु भेट्टाएनौँ । त्यस्ता केसहरुमा जहाँ व्यवस्थापक, संचालक वा कुनै पदाधिकारीहरुले ऐनको प्रावधान विपरीत कार्य गरेको तथा संस्थाको कोष दुरुपयोग गरेको पनि भेट्टाएनौँ ।

H. Pahadi & Associates Kathmandu Nepal Chartered Accountants

स्थान : काभ्रे

मिति : २०८१/०६/११

सि. ए. हुकुम पहाडी
(प्रोपाइटर)
UDIN: 241009CA00614bkTXF

ज्योती मिर्मिरे सामुहिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड

पनौती, काभ्रेपलाञ्चोक

प्रमुख लेखा नीति तथा लेखा सम्बन्धी टिप्पणीहरु

आ.व. २०८०/८१

१. संस्थाको सामान्य परिचय

नेपालको राजधानी काठमाडौंबाट ३२ कि.मि. पुर्बमा रहेको ऐतिहासिक , प्राकृतिक तथा सांस्कृतिक सम्पदाले भरिपुर्ण विश्व सम्पदा सूचिमा सूचिकृतका लागि प्रस्तावित रमणिय स्थान साविक पनौती न.पा. वडा न. ११ को हाल पनौती न.पा. वडा न. ६ मा यस ज्योति मिर्मिरे सामुहिक बचत तथा ऋण सहकारी संस्था लि. अबस्थित छ। सहकारी ऐन २०४८ अन्तर्गत डिभिजन सहकारी कार्यालय धुलिखेलमा मिति २०५६/३/२७ गते दर्ता भई दर्ता न. ०९२ /०५५/०५६ प्राप्त गरि बचत तथा ऋण कारोबार २०५६ साल देखी निरन्तर गरिरहेको छ। संस्थाले मिति २०७२/४/२० आन्तिरिक राजस्व विभागमा दर्ता गरी ३०३१२१९९४ स्थायी लेखा नम्बर प्राप्त गरेको छ। २०६९ साल फागुन १९ गते चार वटा सहकारी ज्योति , मिर्मिरे , सामुहिक र जागृति नमुना एक आपसमा एकीकरण भई ज्योति मिर्मिरे सामुहिक बचत तथा ऋण सहकारी संस्था लि. बनेको हो, दुई वर्ष पहिला मात्र संस्थाले पनौती ११ को श्री जन्मज्योती महिला विकास बहुउद्देश्यिय सहकारी संस्था एकिकरण गरी आफ्नो सातौँ सेवा केन्द्र विस्तार गरेको छ। हाल यस संस्थाले ७ बटा सेवा केन्द्र ज्यालाचिटि , ठाडोबाटो , बनेपा , कुशादेबी, बेथानचोक, जन्मज्योती र रोशी बाट सदस्यहरुलाई सेवा दिदै आईरहेको छ। सदस्यको सेवालाई सर्वोपरि ठानी संस्थालाई नीति विधि र प्रविधिको उच्चतम प्रयोग गरी दक्ष व्यवस्थापन द्वारा संचालित यस संस्था समुदायको पहिलो रोजाईको रुपमा रहन सफल भएको छ। सदस्यहरुलाई बचत तथा ऋणको कारोबार बाहेक सदस्यहरुको रुचि , चाहाना र आवश्यकतालाई मध्यनजर गरि थप सेवाहरु मोवाइल एप्स, रेमिट्यान्सको सुबिधा तथा बिमा जस्ता कारोवार गरि सदस्यलाई सेवा दिई समुदायको दिगो र उत्कृष्ट वित्तिय सहकारी बनाउने यस संस्थाको परिकल्पना रहेको छ।

२. वित्तीय लेखाङ्कनका आधारहरु

यस ज्योती मिर्मिरे सामुहिक वचत तथा ऋण सहकारी संस्था लि. को बार्षिक वित्तिय विवरणहरु नेपाल लेखामान बोर्ड (Accounting Standards Board, Nepal) बाट जारी भई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था द्वारा अनुपालनका लागि सूचीत गरिएका नेपाल वित्तिय प्रतिवेदन मान (Nepal Financial Reporting Standard NFRS) मा भएको व्यवस्था अनुसार तयार पारिएको छ।

२.१ अनुपालन सम्बन्धी उद्घोषण

संग्लन वित्तीय विवरणहरु अन्यथा उल्लेख भएका अवस्थाहरुमा बाहेक नेपाल लेखामान बोर्डद्वारा जारी गरिएका लेखानीतिहरु (नेपाल लेखामान मानक तथा नेपाल वित्तीय रिर्पोटिङ मानक), सहकारी ऐन २०७४, प्रदेश सहकारी ऐन २०७६ सहकारी विभाग बाट जारी निर्देशनहरुका अधिनमा रही तयार पारिएका छन्।

२.२ सञ्चालक समितिबाट वार्षिक वित्तीय विवरणको स्वीकृति

प्रमुख लेखा नीति तथा खुलासासहितको आ.व.२०८०/८१ को वित्तीय विवरण सञ्चालक समितिको मिति २०८१/०६/११ गते बसेको बैठकबाट स्वीकार तथा स्वीकृत गरेको छ। संस्थाको वित्तीय विवरण तयारीको जिम्मेवारी सञ्चालक समितिले वहन गर्नेछ। सो स्वीकृत वित्तीय विवरण शेयरधनीबाट स्वीकृत गर्नको लागि आगामी वार्षिक साधारणसभासमक्ष सिफारिस गरिएको छ।

२.३ वित्तीय विवरण तयार पार्ने उत्तरदायित्व

Bhajan & Associates Kathmandu Nepal Chartered Accountants

ज्योती मिर्मिरे सामुहिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड

पनौती, काभ्रेपलाञ्चोक

प्रमुख लेखा नीति तथा लेखा सम्बन्धी टिप्पणीहरु

आ.व. २०८०/८१

सहकारी ऐन, २०७४ को दफा ७४ अनुसार सहकारी संस्थाको वित्तीय विवरण तयार गर्ने अन्तिम जिम्मेवारी सञ्चालक समितिमा निहित रहेको छ । यस सन्दर्भमा सञ्चालक समितिले आफ्नो जिम्मेवारी रहेको व्यहोरा यसै प्रतिवेदनमा प्रस्तुत 'सञ्चालकहरुको जिम्मेवारी सम्बन्धी विवरणमा प्रष्ट छ ।

आर्थिक वर्ष २०८०/८१ को वित्तीय विवरणमा देहायका विवरणहरु समावेश गरिएका छन् :

क. संस्थाको आषाढ मसान्त, २०८१ मा कायम वित्तीय अवस्थाको जानकारी प्रदान गर्ने वित्तीय अवस्थाको विवरण (Statement of Financial Position),

ख. संस्थाको आर्थिक वर्ष २०८०/८१ को वित्तीय प्रगतिको जानकारी प्रदान गर्ने नाफा नोक्सान हिसाब तथा अन्य विस्तृत आयको विवरण (Statement of Profit or Loss and Statement of Other Comprehensive Income),

ग. संस्थाको आर्थिक वर्ष २०८०/८१ को नगद प्रवाहको जानकारी प्रदान गर्ने नगद प्रवाह विवरण (Statement of Cash Flows),

घ. संस्थाको आर्थिक वर्ष २०८०/८१ मा जायजेथामा भएको परिवर्तनको जानकारी प्रदान गर्ने इक्विटीमा भएको परिवर्तनसम्बन्धी विवरण (Statement of Changes in Equity), तथा संस्थाको वित्तीय विवरण तयार गर्दा अवलम्बन गरिएको प्रमुख लेखा नीतिहरु र वित्तीय विवरणसँग सम्बन्धित अन्य सान्दर्भिक जानकारीहरु समेटिएको लेखासम्बन्धी टिप्पणीहरु ।

२.४ कार्यात्मक तथा प्रस्तुतीकरण मुद्रा संस्थाको वित्तीय विवरणमा देखाइएका सम्पत्ति तथा दायित्वहरु नेपाली रुपैयामा प्रस्तुत गरिएका छन् ।

२.५ अनुमान, धारणा तथा स्वविवेकको प्रयोग **(Use of Estimates, Assumptions and Judgments)**

NFRS को प्रावधान बमोजिम लेखा नीति अपनाएर वित्तीय प्रतिवेदन बनाउँदा NFRS ले निर्दिष्ट गरेबमोजिम उपयुक्त अनुमान (Estimate), धारणा (Assumption), तथा स्वविवेक (Judgement) हरुलाई आधार बनाइएको हुन्छ । संस्थाको व्यवस्थापनले उक्त अनुमान, धारणा तथा स्वविवेकको समयानुकूल पुनरावलोकन गरी आवश्यक भएको अवस्थामा NFRS ले निर्देशन गरेअनुसार समायोजन गर्ने गरेको छ । यी अनुमानहरु उपलब्ध जानकारी र संस्था व्यवस्थापनको स्वविवेकमा आधारित हुन्छन् । वास्तविक परिमाणहरु मूल्याङ्कन गरेभन्दा फरक पर्न सक्दछन् र कहिलेकाहीँ यस्ता भिन्नताहरु महत्वपूर्ण पनि हुन सक्दछन् । संस्थाले पालना गरेको लेखा नीतिहरु र सो नीतिहरुले पार्ने असर सम्बन्धित टिप्पणीमा उल्लेख गरिएको छ । संस्थाले विभिन्न अनुमान र धारणाहरु क्रमिक रुपमा अझै परिस्कृत गर्दै लैजाने छ । धारणा र पद्धतिहरुमा परिमार्जनको परिणामस्वरुप परिवर्तन हुने अनुमानहरु त्यो अवधिमा प्रतिबिम्बित हुन्छ, जुन अवधिमा सोको असर पहिला लागू गरिन्छ । संस्थाले अपनाएको लेखाङ्कन अनुमानहरु र सो अनुमानहरुले पार्ने फरक सम्बन्धित टिप्पणीमा उल्लेख गरिएको छ ।

२.५.१ निरन्तरता **(Going Concern)**

व्यवस्थापनले आफनो व्यवसाय निरन्तर रुपमा चलिरहन्छ भन्ने सिद्धान्तलाई अङ्गिकार गरि वित्तीय विवरण तयार गरिएको छ । व्यवसाय भविष्यमा अनवरत रुपमा चलिरहनको लागि व्यवस्थापनसंग पर्याप्त स्रोतहरु छन् भनी विश्वस्त छ । यसका लागि सञ्चालक समितिले नाफा, नगद प्रवाह,

H. Pahadi & Associates Kathmandu Nepal Chartered Accountants

ज्योती मिर्मिरे सामुहिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड

पनौती, काभ्रेपलाञ्चोक

प्रमुख लेखा नीति तथा लेखा सम्बन्धी टिप्पणीहरु

आ.व. २०८०/८१

पुँजीगत स्रोतहरु जस्ता अवस्थाहरुको भविष्यको प्रक्षेपण गर्नका साथै वर्तमान र भविष्यको अवस्थाहरु विश्लेष्ण गरेको छ ।

२.६ प्रतिवेदन घोषणा

ज्योती मिर्मिरे सामुहिक वचत तथा ऋण सहकारी संस्था लि. ले वित्तीय विवरण तयार गर्नका लागि नेपाल लेखामान बोर्ड (Accounting Standards Board -ASB) बाट मार्च २०१३ मा जारी नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standrard-NFRS) अङ्गीकार गरेको छ । NFRS ले अन्तर्राष्ट्रिय लेखामान बोर्ड (IASB) ले जारी गरेको अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदनमान (IFRS) लाई सबै हिसाबमा सम्बोधन गर्दछ । यद्यपि आईक्यानले NFRS अङ्गीकार गर्दा केही उल्लिखित विकल्पहरु (Carve out) पनि अपनाउन सकिने उल्लेख गरेको छ । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले तोकेको Crave Out र त्यसको अनुपालनाको स्थिति यस प्रकार रहेको छ ।

२.७. वैकल्पिक व्यवस्थाको अवलम्बन

२.७.१. वित्तीय उपकरण (पहिचान, लेखाङ्कन तथा मापन (कर्जा नोक्सानी व्यवस्था सम्बन्धी)

NFRS 9 को Para 5.5 को व्यवस्था बमोजिम बैंक तथा वित्तीय संस्थाहरुले ऋण नोक्सानी व्यवस्था (Loan Loss Provision) कायम गर्दा "Expected Credit Loss Model" अपनाएर गनुपर्ने प्रावधान अनुसार गर्न नसकिने अवस्था हुँदा वैकल्पिक व्यवस्था अवलम्बन गर्न सकिने व्यवस्था गरेको छ । यो अनिवार्य व्यवस्था अनुसार संस्थाले सहकारी विभागको निर्देशन तथा पर्ल्स बमोजिम आएको ऋण नोक्सानी व्यवस्था वा NFRS 9 को Para 5.5 बमोजिम आएको ऋण नोक्सानी व्यवस्था मध्ये जुन बढि हुन्छ सोलाई ऋण नोक्सानी व्यवस्था गरी लेखांकन गर्नुपर्ने प्रावधान रहेको छ । नेपाल लेखामान बोर्डको सिफारिसमा नेपाल चार्टड एकाउन्टेन्ट्स संस्थाले नेपाल वित्तीय प्रतिवेदन मानमा भएको प्रावधान बमोजिम आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन तयार गर्दा तल उल्लेखित केही वैकल्पिक व्यवस्था (Carve Out) अपनाउन सकिने गरी बैंक तथा वित्तीय संस्थाहरुको लागि मात्र व्यवस्था गरिएतापनि यस सहकारी संस्थाले व्यवहारिक कठिनाई र Materiality लाई मध्ये नजर राख्दै नेपाल वित्तीय प्रतिवेदन मान अनुपालनको लागि वैकल्पिक व्यवस्था अनुसार आफ्नो वित्तीय प्रतिवेदन तयार पारेको छ । यस संस्थाले सहकारी विभागद्वारा जारी एकिकृत निर्देशिनको बुँदा नं २० बमोजिम आएको ऋण नोक्सानी व्यवस्था वा NFRS 9 बमोजिम आएको ऋण नोक्सानी व्यवस्थामध्ये जुन बढि हुन्छ सोलाई ऋण नोक्सानी व्यवस्था गरी लेखांकन गरेको छ ।

२.७.२. **NFRS –9 वित्तीय उपकरण पहिचान तथा मापन (समायोजित ब्याज दर - Effective Interest rate सम्बन्धी)**

NFRS 9 को Para 5.4 व्यवस्था बमोजिम बैंक तथा वित्तीय संस्थाहरुले ऋण लगानीबाट हुने व्याज आम्दानी गणना गर्दा सेवाशुल्क र कमिशनलाई समेत समायोजन गरी हुन आउने समायोजित ब्याज दर (Effective Interest Rate) मा गणना गर्ने व्यवस्था रहेकोमा सो गर्न अव्यवहारिक भएको अवस्थामा वैकल्पिक व्यवस्था अवलम्बन गर्न सकिने छ । वैकल्पिक व्यवस्था बमोजिम ऋण लगानी गर्दा प्राप्त हुने सेवा शुल्क तथा कमिशनलाई ऋणबाट प्राप्त व्याज आम्दानी लेखाइनको लागि

H. Pahadi & Associates Kathmandu Nepal Chartered Accountants

ज्योती मिर्मिरे सामुहिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड

पनौती, काभ्रेपलाञ्चोक

प्रमुख लेखा नीति तथा लेखा सम्बन्धी टिप्पणीहरु

आ.व. २०८०/८१

समायोजित ब्याज दरमा समायोजन नगरी प्रोदभावी (Accrual Basis) लेखाइनका आधारमा सो सेवा शुल्क तथा कमिशन आम्दानी पाकेकै वर्ष लेखाइन गर्न सकिने छ। संस्थाले उपरोक्त वैकल्पिक व्यवस्था अवलम्बन गरेको छ।

२.७.३. **NAS 39** (वित्तीय उपकरण, पहिचान तथा मापन (निष्क्रिय कर्जाबाट हुने ब्याज आम्दानी)
NAS 39 को para AG 93 को व्यवस्था बमोजिम कर्जाबापत प्राप्त हुने साँवा यदि नोक्सानीको कारणले कम भएको अवस्थामा त्यस्तो कर्जाबाट (नोक्सानी व्यवस्था घटाए पछिको रकममा) प्राप्त हुने ब्याज आम्दानी उक्त कर्जाबाट भविष्यमा प्राप्त हुने अनुमानित नगद प्रवाह लाई Discount गरी आजको मूल्यमा ल्याउन प्रयोग हुने ब्याजदरकै आधारमा गर्नुपर्ने प्रावधान रहेकोमा सो गर्न अव्यावहारिक हुँदा बैकल्पिक व्यवस्था अवलम्बन गर्न सकिने व्यवस्था गरेको छ।
उक्त बैकल्पिक व्यवस्थाबमोजिम त्यस्ता कर्जाहरुबाट हुने ब्याज आम्दानी कर्जामा हुने नोक्सानी घटाउनु अगावैको कर्जा रकममा ब्याज आम्दानी जनाउन सकिने छ। ज्योती मिर्मिरे सामुहिक वचत तथा ऋण सहकारी संस्था लि. ले प्रस्तुत वार्षिक वित्तीय विवरण तयार गर्दा उपर्युक्त वैकल्पिक व्यवस्थाको अवलम्बन गरेको छ।

२.७.४. **NAS 28 Investments in Associates and Joint Ventures (**सम्बद्ध र संयुक्त उपक्रम निकायमा गरेको लगानी**)**
NAS 39 का व्यवस्था बमोजिम सम्बद्ध निकायमा लगानीलाई equity method बाट मूल्याङ्कन गर्नु पर्ने प्रावधान रहेकोमा सो गर्न अव्यावहारिक हुँदा बैकल्पिक व्यवस्था अवलम्बन गर्न सकिने व्यवस्था गरेको छ। जसको कारणले गर्दा cost method बाट सम्बद्ध निकायमा लगानीलाई मूल्याङ्कन गरेको छ।
यस आर्थिक वर्षमा ज्योती मिर्मिरे सामुहिक वचत तथा ऋण सहकारी संस्था लि. को कुनै पनि सम्बद्ध निकायमा लगानी रहेको छैन।

२.८ छुट **(Discounting)**
गैर चालू सम्पत्ति र दायित्वमा डिस्काउन्टिडको प्रभाव महत्वपूर्ण भएको अवस्थामा लागू गरिएको छ।

२.९ नेपाल वित्तीय प्रतिवेदनमान कार्यान्वयनको सीमा **(Limitation of NFRS implementation)**
जानकारी पर्याप्त रुपमा उपलब्ध नभएको अवस्थामा र जानकारी प्राप्त गर्न लाग्ने लागत त्यसको फाइदाभन्दा बढी भएमा नेपाल वित्तीय प्रतिवेदनमान कार्यान्वयनको यस्तो अपवाद सम्बन्धित खण्डहरुमा उल्लेख गरिएको छ।
प्रमुख लेखा नीतिहरु वित्तीय विवरणहरु तयार पार्दा आधार मानिएका सर्वमान्य लेखा नीतिहरु तल उल्लेख गरिएका छन्। अन्य लेखिएकोमा बाहेक यी नीतिहरुको पालना निरन्तर रुपमा गरिएको छ।

२.१० वित्तीय स्थितिको विवरण मिति पश्चातका घटनाहरु
आर्थिक वर्षको अन्त्य देखि वार्षिक वित्तीय विवरण (मिति अषाढ ३१, २०८१ को वित्तीय अवस्था

H. Pahadi & Associates Kathmandu, Nepal Chartered Accountants

ज्योती मिर्मिरे सामुहिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड

पनौती, काभ्रेपलाञ्चोक

प्रमुख लेखा नीति तथा लेखा सम्बन्धी टिप्पणीहरु

आ.व. २०८०/८१

दर्शाउने वित्तीय विवरणहरु) प्रकाशन वा जारी गर्न स्वीकृत नहुञ्जेलको समयावधिमा सो विवरणले पेश गरेको वित्तीय अवस्था सम्बन्धी थप जानकारी दिने वा उल्लेख्य असर पार्ने कुनै पनि अनुकूल वा प्रतिकूल घटनाहरुलाई वित्तीय स्थितिको विवरणको मिति पश्चातका घटनाहरु भन्ने गरिन्छ। यस सम्बन्धी कुन जानकारी रहेको छैन।

३. प्रमुख लेखामान नीति (Significant Accounting Policies)

ज्योती मिर्मिरे सामुहिक वचत तथा ऋण सहकारी संस्था लि.ले प्रस्तुत वित्तीय विवरण तयार गर्दा अवलम्बन गरेका प्रमुख लेखा नीतिहरु निम्नबमोजिम रहेका छन्

३.१ मापनको आधार

वित्तीय विवरणहरु निरन्तरताको आधार (Going Concern) मा तयार पारिएका छन्, जहाँ लेखाका नीतिहरु मान्यताको आधारमा अनवरत रुपमा लागू गरिएका छन। फरक भएको खण्डमा विशेष रुपमा खुलाईएको छ।

३.२ एकीकरणको आधार

व्यवसाय प्राप्ति र साखलाई नियन्त्रण प्राप्त हुँदाको समयमा NFRS–3 बमोजिम "Acquisition Method" अनुसार लेखाङ्कन गरिएको छ उक्त Acquisition Method को लागि:

- नियन्त्रण प्राप्त गर्नेको पहिचान हुनु पर्छ।
- नियन्त्रण प्राप्तिको मिति तय भएको हुनु पर्छ।
- सम्पत्ति, दायित्व तथा Non–Controlling Interest को मापन हुनु पर्छ।

नियन्त्रण प्राप्त गर्दा को Goodwill (साख) वा Bargain Purchase बाट हुने लाभको मापन हुनु पर्छ। उक्त व्यवसाय प्राप्ति र साखको Acquisition Method अनुसारको लेखाङ्कनमा Goodwill को रकम Negative आएमा सो रकमलाई NFRS –3 बमोजिम व्यापार प्राप्ति गर्दाको लाभको रुपमा नाफा नोक्सान खातामा आम्दानी जनाउने गरिन्छ। संस्थाको नियन्त्रण रहने गरी कुनै संस्थामा लगानी नभएकोले वित्तीय विवरणको एकीकरणको आवश्यक रहेको छैन।
यस आ.व.मा संस्थाले अन्य संस्थाहरुसंग एकिकरण गरेको छैन।

३.३ नगद तथा नगद समान

नगद तथा नगद समान भनी बैंक तथा वित्तीय संस्थामा रहेको नगद मौज्दात, बिभिन्न छाता संगठनमा जम्मा भएको अनिबार्य नियमित बचत, माग तथा अल्प सूचनामा प्राप्त हुने रकम, जोखिमरहित वा नगन्य जोखिम रहेको ३ महिनाभित्र नगदमा प्राप्त गर्न सकिने अत्याधिक तरल वित्तीय सम्पत्तिलाई जनाइएको छ।

संस्थाले अल्पकालीन प्रतिबद्धता पूरा गर्न प्रयोग गर्ने र Fair Value परिवर्तन हुन गई नगन्य जोखिम भएको वित्तीय सम्पत्ति नै नगद तथा नगदसमान हो। वित्तीय अवस्थाको विवरणमा नगद तथा नगद समानलाई परिशोधित मूल्यमा राखिन्छ।

३.४ वित्तीय सम्पत्ति र वित्तीय दायित्व

क) पहिचान

H. Pahadi & Associates Kathmandu Nepal Chartered Accountants

ज्योती मिर्मिरे सामुहिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड

पनौती, काभ्रेपलाञ्चोक

प्रमुख लेखा नीति तथा लेखा सम्बन्धी टिप्पणीहरु

आ.व. २०८०/८१

ज्योती मिर्मिरे सामुहिक वचत तथा ऋण सहकारी संस्था लि. ले प्रारम्भिक रुपमा आफ्नो वित्तीय अवस्थाको विवरणमा वित्तीय सम्पत्ति वा दायित्वलाई तब मात्रै लेखाङ्कन गर्दछ, जब यो उपकरणको अनुबन्धन व्यवस्थाको पक्ष हुन्छ । संस्थाले सुरुमा कर्जा सापटी, निक्षेप र ऋण सुरक्षणपत्रहरु र सहायक दायित्वहरू उनीहरूको उत्पत्ति भएको मितिमा लेखाङ्कन गर्दछ जुन त्यो मिति हो, जुन बेला संस्था उपकरणको प्रावधानहरुसँग अनुबन्धित हुन्छ ।

ख) वर्गीकरण

१. वित्तीय सम्पत्ति

वित्तीय संस्थाले आफ्नो व्यवसायिक मोडेलका आधारमा वित्तीय सम्पत्तिलाई निम्नबमोजिम वर्गीकरण गरेको छ :

क) परिशोधित लागत **(Amortised Cost)** मा मापन गरिएको वित्तीय सम्पत्ति :

देहायको दुवै सर्त पूरा भएमा वित्तीय सम्पत्तिलाई परिशोधित लागतमा मापन गरिएको छ :

- अनुबन्धित नगद प्रवाहको सङ्कलन गर्ने उद्देश्यले व्यावसायिक मोडेलमा लिइएको र
- वित्तीय सम्पत्तिको सम्झौता सर्तहरूले निर्दिष्ट मितिमा नगदप्रवाह हुन्छ र त्यो मूल रकमको साँवा वा ब्याज रकमको मात्र भुक्तानी हो ।

ख) फेयर भ्याल्यु **(Fair Value)** मा मापन गरिएको वित्तीय सम्पत्ति

परिशोधित लागतमा मापन नगरिएको वित्तीय सम्पत्ति फेयर भ्याल्युमा मापन गरिएको छ । फेयर भ्याल्युमा मापन गरिएको वित्तीय सम्पत्तिलाई देहायको वर्गमा पुनः वर्गीकरण गरिएको छ :

- नाफा-नोक्सानका माध्यमबाट फेयर भ्याल्युमा मापन गरिने वित्तीय सम्पत्ति व्यापारका लागि लिइएका वित्तीय सम्पत्तिलाई नाफा-नोक्सानको माध्यमबाट फेयर भ्याल्युमा मापन गरिन्छ । प्रारम्भको अभिलेखमा खरिदसँग प्रत्यक्ष सम्बन्धित खर्चलाई नाफा-नोक्सानमा मापन गरिएको छ । त्यसपश्चात् सो सम्पत्तिलाई फेयरभ्याल्युमा मापन गरिएको छ र फेयर भ्याल्युको फरकलाई नाफा-नोक्सानमा मापन गरिन्छ ।
- अन्य विस्तृत आम्दानीको माध्यमबाट फेयर भ्याल्युमा मापन गरिने वित्तीय सम्पत्ति इक्विटी उपकरणमा गरेको लगानी जुन व्यापारका लागि राखिएको हुँदैन र अन्य विस्तृत आम्दानीद्वारा फेयर भ्याल्युमा मापन गर्ने भनेर व्यवस्थापनले अपरिवर्तनीय निर्णय गरेको हुन्छ, त्यसलाई अन्य विस्तृत आम्दानीद्वारा फेयर भ्याल्युमा मापन गरिएको छ । त्यसपश्चात् सो सम्पत्तिलाई फेयर भ्याल्युमा मापन गरिएको छ र फेयर भ्याल्युको फरकलाई अन्य विस्तृत आम्दानीमा मापन गरिन्छ ।

२. वित्तीय दायित्व

वित्तीय जमानत, र कर्जा प्रतिबद्धताबाहेकका वित्तीय दायित्वलाई देहायबमोजिम वर्गीकरण गरिएको छ :

- नाफा-नोक्सानका माध्यमबाट फेयर भ्याल्युमा मापन गरिने वित्तीय दायित्व

व्यापारका लागि लिइएका वित्तीय दायित्वलाई नाफा-नोक्सानका माध्यमबाट फेयर भ्याल्युमा मापन गरिन्छ । प्रारम्भको अभिलेखमा खरिदसँग प्रत्यक्ष सम्बन्धित खर्चलाई

H. Pahadi & Associates Kathmandu Nepal Chartered Accountants

ज्योती मिर्मिरे सामुहिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड

पनौती, काभ्रेपलाञ्चोक

प्रमुख लेखा नीति तथा लेखा सम्बन्धी टिप्पणीहरु

आ.व. २०८०/८१

नाफा-नोक्सानमा मापन गरिएको छ। नाफा-नोक्सानको माध्यमबाट फेयर भ्याल्युमा मापन गरिने वित्तीय दायित्व बाहेक कर्जा जोखिमको प्रभावबाट फेयर भ्याल्युमा हुने फरकलाई अन्य विस्तृत आम्दानीमा मापन गरिन्छ।

- परिशोधित लागतमा मापन गरिएको वित्तीय दायित्व :
  नाफा-नोक्सानका माध्यमबाट फेयर भ्याल्युमा मापित वित्तीय दायित्व बाहेकका वित्तीय दायित्वलाई प्राभावकारी ब्याजदरको (EIR) को आधार प्रयोग गरी परिशोधित मूल्यमा मापन गरिन्छ।

ग. मापन

१. प्रारम्भिक मापन

नाफा-नोक्सानका माध्यमबाट फेयर भ्याल्युमा मापन गरिएको बाहेकको वित्तीय सम्पत्ति वा दायित्वलाई सुरुको फेयर भ्याल्युमा प्रत्यक्ष संलग्न कारोबार रकम जोडी मापन गरिन्छ। नाफा-नोक्सानका माध्यमबाट फेयर भ्याल्युमा मापन गरिने वित्तीय सम्पत्ति र दायित्वसँग सम्बन्ध भएको कारोबार लागतलाई नाफा/नोक्सान विवरणमा मापन गरिएको छ।

२. पछिको मापन

प्रारम्भिक मापनपश्चात् वित्तीय सम्पत्ति र दायित्वलाई सोको वर्गको हिसाबले फेयर भ्याल्यु वा परिशोधित मूल्यमा मापन गरिएको छ। प्रारम्भमा परिशोधित लागतमा मापन गरिएका वित्तीय सम्पत्ति वा दायित्वलाई त्यसपश्चात् प्रभावकारी ब्याज दरको विधि प्रयोग गरी मापन गरिएको छ। फेयर भ्याल्युमा मापित वित्तीय सम्पत्तिलाई प्रारम्भको मापनपश्चात् फेयर भ्याल्युमा मापन गरिएको छ। नाफा-नोक्सानका माध्यमबाट फेयर भ्याल्युमा मापन गरिएको वित्तीय सम्पत्तिको फेयर भ्याल्युमा आएको फरकलाई नाफा-नोक्सानमा लेखाङ्कन गरिन्छ भने अन्य विस्तृत आम्दानीको माध्यमबाट फेयर भ्याल्युमा मापन गरिएको वित्तीय सम्पत्तिको फेयर भ्याल्युमा आएको फरकलाई अन्य विस्तृत आम्दानीमा लेखाङ्कन गरिन्छ।

पहिचानबाट हटाइने (De-recognition)

वित्तीय सम्पत्तिलाई पहिचानबाट हटाइने

जब कुनै वित्तीय सम्पत्तिबाट नगद प्रवाहको अनुबन्धित अधिकार समाप्त हुन्छ वा जब संस्थाले कारोबारमा अनुबन्धित नगद प्रवाहप्राप्त गर्ने अधिकार हस्तान्तरण गर्छ, जसमा वित्तीय सम्पत्तिको सबै जोखिम र प्रतिफल हस्तान्तरण हुन्छ अथवा वित्तीय संस्थाले न त प्रतिफल हस्तान्तरण गर्छ न त जोखिम हस्तान्तरण गर्छ र वित्तीय सम्पत्तिको नियन्त्रण राख्दैन त्यस बेला वित्तीय संस्थाले वित्तीय सम्पत्ति पहिचनबाट हटाउँछ।

वित्तीय दायित्वलाई पहिचानबाट हटाइने दायित्वको जिम्मेवारी पूर्ण रुपमा राफसाफ भएमा, रद्द भएमा वा म्याद समाप्त भएमा वित्तीय दायित्वहरुलाई पहिचानबाट हटाइन्छ। जहाँ विद्यमान वित्तीय दायित्व एकै ऋणदाताबाट अरु विभिन्न सर्तहरू, वा विद्यमान दायित्वका सर्तहरूमा पर्याप्त संशोधन गरिएको हुन्छ र नयाँ दायित्वले साटासाट गरिन्छ, त्यस्तो साटासाट वा संशोधन भएको खण्डमा मूल दायित्वको अपलेखाङ्कन र नयाँ दायित्वको लेखाङ्कन गरिन्छ। मूल वित्तीय दायित्वको किताबी मूल्य र भुक्तान गरिएको प्रतिफलबीचको भिन्नता नाफा वा नोक्सानको विवरणमा लेखाङ्कन गरिन्छ।

H. Pahadi & Associates Kathmandu Nepal Chartered Accountants

ज्योती मिर्मिरे सामुहिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड

पनौती, काभ्रेपलाञ्चोक

प्रमुख लेखा नीति तथा लेखा सम्बन्धी टिप्पणीहरु

आ.व. २०८०/८१

३.४.१ फेयर भ्याल्युको निर्धारण

फेयर भ्याल्युमा देखाइएको वा प्रस्तुत गरिएका सम्पत्ति र दायित्वहरू महत्वपूर्ण इन्पुटहरुका आधारमा तीन तहमा वर्गीकृत गरिएको छ। मूल्याङ्कनका महत्वपूर्ण इन्पुटहरुमा रेपोर्टिङ अवधिमा भएको परिवर्तनका आधारमा सम्पत्ति र दायित्वहरूलाई फेयर भ्याल्यु पदानुक्रम (Fair Value Hierarchy) मा स्थानान्तरण गर्न सकिन्छ। वित्तीय संस्थाले रिपोटिङ अवधिको अन्त्यमा मुख्य बजार वा इन्पुटहरुमा उल्लेखनीय परिवर्तन भएमा, फेयर भ्याल्युको पदानुक्रमको स्तरहरू बीचको स्थानान्तरणलाई मान्यता दिएको छ। फेयर भ्याल्यु निम्न पदानुक्रमअनुसार निर्धारण गरिएको छ :

तह १ फेयर भ्याल्यु मापन ती हुन्, जुन समान प्रकृतिका सम्पत्ति वा दायित्वका लागि सक्रिय बजारमा असमायोजित सूचीकृत (Unadjusted quoted) मूल्यहरूबाट निकालेको हुन्छ।

तह २ मापन भन्नाले सक्रिय बजारमा समान प्रकृतिका (Similar) उपकरणका लागि सूचिकृत मूल्यहरू वा निष्क्रिय बजारमा समान प्रकृतिका (Identical or Similar) उपकरणका लागि सूचीकृत मूल्यहरू र जहाँ वित्तीय उपकरणहरू मूल्याङ्कन गर्दा सबै महत्वपूर्ण इन्पुटहरु अवलोकन योग्य हुन्छ।

तह ३ जहाँ कम्तिमा एउटा इनपुट, जसले उपकरणको मूल्याङ्कनमा महत्वपूर्ण प्रभाव पार्न सक्छ, त्यो अवलोकन योग्य बजार आँकडामा आधारित हुँदैन।

उपलब्ध भएसम्म वित्तीय संस्थाले एक उपकरणको फेयर भ्याल्यु त्यो उपकरणको सक्रिय बजारमा सूचीकृत मूल्यको प्रयोग गरी मापन गर्दछ। बजारलाई सक्रिय तब मानिन्छ, जब सूचीकृत मूल्यहरू सजिलै र नियमित रूपमा उपलब्ध हुन्छन् र Arm's Length Price मा अधारित भएर वास्तविक र नियमित रूपमा बजारमा हुने लेनदेनलाई प्रतिनिधित्व गर्दछ। यदि कुनै वित्तीय साधनको लागि बजार सक्रिय छैन भने वित्तीय संस्थाले मूल्याङ्कन प्रविधि प्रयोग गरी फेयर भ्याल्यु स्थापना गर्दछ। मूल्याङ्कन प्रविधिले जानकार, इच्छुक पार्टीहरू (उपलब्ध छ) भने बीचको भर्खरको Arm's Length Price मा भएको लेनदेन, अन्य समान उपकरणहरूको वर्तमान फेयर भ्याल्यु र डिस्काउन्ट गरिएको नगद प्रवाहको विश्लेषणहरू समावेश गरेको हुन्छ।

३.४.२ कर्जा सापटको नोक्सानी (Impairment of Loans and Advances)

प्रत्येक प्रतिवेदन मितिमा सहकारी संस्थाले सम्पत्तिमा नोक्सान भएको वा नभएको कुनै सङ्केत छ कि छैन भनी समीक्षा गर्दछ। भविष्यमा नोक्सान अर्थात् घाटाको निर्धारण गर्दा विशेष गरी व्यवस्थापनले नगद प्रवाहको रकम र समयको आकलन गर्नु आवश्यक हुन्छ। यस्ता अनुमानहरु धेरै कारकहरु प्रतिको धारणामा आधारित छन र भएको प्रावधानहरुमा भविष्यमा परिवर्तन भएमा वास्तविक परिणाम फरक हुन पनि सक्दछन।

नोक्सानीको व्यक्तिगत मूल्याङ्कन आर्थिक सम्पत्तिमा लागू हुन्छ, जुन नोक्सानीका लागि व्यक्तिगत रुपमा मूल्याङ्कन गरिन्छ र भविष्यको नगद प्रवाहलाई वर्तमान मूल्यको उच्चतम अनुमानमा

H. Pahadi & Associates Kathmandu Nepal Chartered Accountants

ज्योती मिर्मिरे सामुहिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड

पनौती, काभ्रेपलाञ्चोक

प्रमुख लेखा नीति तथा लेखा सम्बन्धी टिप्पणीहरु

आ.व. २०८०/८१

वास्तविक परिणाम फरक हुन पनि सक्दछन ।

नोक्सानीको व्यक्तिगत मूल्याङ्कन आर्थिक सम्पत्तिमा लागू हुन्छ, जुन नोक्सानीका लागि व्याक्तिगत रुपमा मूल्याङ्कन गरिन्छ र भविष्यको नगद प्रवाहलाई वर्तमान मूल्यको उच्चतम अनुमानमा आधारित हुन्छ । नगद प्रवाहको अनुमान गर्दा व्यवस्थापनले ऋणीको वित्तीय अवस्था र धितोको बिक्रीबाट प्राप्त हुनसक्ने खुद मूल्यका आधारमा निर्णय गर्दछ । प्रत्येक बिग्रेको सम्पत्ति यसको कार्य गर्न सक्ने क्षमताको आधारमा मूल्याङ्कन गरिन्छ । कार्यगत रणनीति र नगद प्रवाहको अनुमानलाई प्राप्ति योग्य मानिन्छ । एक्सपोजरको नोक्सानको व्याक्तिगत मूल्याङ्कनको अर्थ भनेको कमजोरीको उद्देश्य प्रमाण छ कि छैन, भविष्यको नगद प्रवाहको वर्तमान मूल्यको अनुमान र यस मूल्याङ्कनमा समावेश ऋण लिने प्रत्येक व्यक्तिबाट प्राप्त हुने नोक्सानको मूल्य गणनाको अर्थ हो । संस्थाले नोक्सानीको व्यक्तिगत मूल्याङ्कनको लागि शिर्ष ७ ठुला कर्जा र सहकारी विभागको निर्देशिका बमोजिम खराब कर्जाको रुपमा रहेका सम्पूर्ण कर्जाहरु समावेश गरेको छ । यसै सन्दर्भमा हरेक कर्जाको भुक्तानी ऋणीको अनुमानित नगद प्रवाहबाट प्राप्त हुने (Going Concern) र धितोको बिक्रबाट कर्जाको भुक्तानी हुने (Gone Concern) मा विभाजन गरिन्छ । संस्थाले यी दुवै अवस्थामा परम्परागत मान्यताअनुरुप ऋणीको अनुमानित नगद प्रवाह, वर्तमानको आर्थिक अवस्था, संस्थाको आफ्नै अनुमान आदिलाई आधार मानी कर्जा नोक्सानी व्यवस्थाको मूल्याङ्कन गर्दछ ।

व्यक्तिगत रुपमा कर्जा नोक्सानी व्यवस्था (Individual Impairment) नगरिएका कर्जाहरुलाई सामूहिक कर्जा नोक्सानी मूल्याङ्कन गरिएको छ ।

सामूहिक नोक्सानीको आकलन गर्दा संस्थाले ऋण नतिर्ने सम्भावना (Probability of deault), पुनः स्थापनाको समय र नोक्सान रकमको ऐतिहासिक प्रवृत्ति, Loss Given Default आदिको तथ्याङ्कीय विष्लेषण, प्रोडक्ट, जोखिम कारकहरु, धितोको पर्याप्तताका आधारमा गरी नोक्सानी व्यवस्थाको निर्धारण गरिन्छ । डिफल्ट दर, नोक्सान दर र भविष्यमा पुनः प्राप्तिको अपेक्षित समय नियमित रूपमा वास्तविक परिणामहरूसँग तुलना गरिन्छ र उपयुक्त भए नभएको सुनिश्चित गरिन्छ ।

ICAN ले जारी गरेको वैकल्पिक व्यवस्थाको सूचनाअनुसार संस्थाले कर्जा तथा सापटीमा हुने हानि-नोक्सानीको मापन गरेको छ र कर्जा नोक्सानी व्यवस्थाका लागि सहकारी विभागको मापदण्ड र NAS ३९ को अनुच्छेद ६३ बमोजिम निर्धारण गरिएको रकम मध्ये जुन बढी छ, त्यसैलाई लेखाङ्कन गरिएको छ । NFRS र सहकारी मापदण्ड बमोजिमको व्यवस्था निम्नअनुसार प्रस्तुत गरिएको छ ।

	२०८१/०३/३१ को	२०८०/०३/३१ को
एकल हानि नोक्सानी (Individual Impairment)	-	-
सामूहिक हानि नोक्सानी (Collective Impairment)	२१,३३५,२५७.६५	२०,५६१,४०३.७०
जम्मा	२१,३३५,२५७.६५	२०,५६१,४०३.७०
सहकारी मापदण्ड बमोजिम व्यवस्था	११३,७३३,६२२.८४	२०,५६१,४०३.७०

३.४.३ बिक्रीका लागि उपलब्ध वित्तीय लगानीको नोक्सानी **(Impairment of Financial**

H. Pahari & Associates Kathmandu Nepal Chartered Accountants

ज्योती मिर्मिरे सामुहिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड

पनौती, काभ्रेपलाञ्चोक

प्रमुख लेखा नीति तथा लेखा सम्बन्धी टिप्पणीहरु

आ.व. २०८०/८१

बिक्रीका लागि उपलब्ध इक्विटी लगानीको नोक्सानी व्यवस्था गर्दछ ।

३.४.४ व्यापारिक सम्पत्ति **(Trading Assets)**

सस्थाले निकट भविष्यमा नै बिक्री गरी नाफा आर्जन गर्ने उद्देश्यले खरिद गरेका सम्पत्तिहरु नभएकोले यस शीर्षकमा देखाइएको छैन ।

३.५ स्थिर सम्पत्ति तथा कार्यालय उपकरण

स्थिर सम्पत्ति तथा कार्यालय उपकरणहरु एक वर्ष वा सोभन्दा बढी धारण गरी ग्राहकलाई सेवा प्रदान गर्नका लागि वा संस्थाको प्रशासनिक कार्यमा प्रयोगका लागि वा बहालमा लगाउने उद्देश्य भएका सम्पत्ति हुन् । संस्थाले NAS 16 – "Property, Plant & Equipment" को व्यवस्थाअनुसार आफ्ना स्थिर सम्पत्ति र कार्यालय उपकरणहरुको पहिचान, मापन तथा लेखाङ्कन गर्ने गरेको छ ।

संस्थाको स्थिर सम्पत्ति तथा कार्यालय उपकरणहरुको बारेमा थप जानकारी टिप्पणी नं. ४.१६ मा प्रस्तुत गरिएको छ । संस्थालाई स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको उपयोगबाट भविष्यमा अवश्यभावी आर्थिक लाभ हुने सम्भावना रहेको तथा सो स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको लागत मापन गर्न सकिएको अवस्थामा मात्र त्यस्ता स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको पहिचान गर्ने गरिन्छ । स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई लागत मोडल (Cost Model) मा लेखाङ्कन तथा प्रस्तुत गर्ने संस्थाको लेखा नीति रहेको छ । यस Model अनुसार स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई सोको ऐतिहासिक लागतबाट सञ्चित ह्रासकट्टी तथा सञ्चित क्षयीकरणको नोक्सानीलाई घटाएर प्रस्तुत गर्ने गरिन्छ ।

स्थिर सम्पत्ति तथा कार्यालय उपकरण बिक्री गरिएमा अथवा सोको प्रयोगबाट भविष्यमा कुनै पनि आर्थिक लाभ लिन नसकिने अवस्था आकलन भएमा, सो सम्पत्तिको किताबी मूल्यलाई निसर्ग गर्ने गरिन्छ । यसरी निसर्ग गरिँदा सोमा हुने फाइदा वा घाटालाई नाफा-नोक्सान खातामा प्रस्तुत गरिन्छ ।

संस्थाले स्थिर सम्पत्ति तथा कार्यालय उपकरण उपयोगका लागि उपलब्ध भएपछि निसर्ग हुने समय सम्मको अवधिमा ह्रासकट्टी गर्ने गरेको छ । अन्यथा उल्लेख भएकोमा बाहेक, संस्थाले स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई सोको अनुमानित प्रयोग अवधिको आधारमा घटदो मूल्य प्रणाली (Written Down Value) अनुसार ह्रासकट्टी गर्ने गरेको छ। संस्थाका विभिन्न प्रकृतिका स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको अनुमानित उपयोग अवधि निम्नबमोजिम छ ।

सम्पत्तिको प्रकृति	अनुमानित उपयोगि अवधि
सवारी साधन	१५
फनिचर	१०
कम्प्युटर तथा कार्यालय उपकरण	१०
लिजहोल्ड सम्पत्ति	पट्टा अवधि
भवन	३०

H. Pahadi & Associates, Kathmandu, Nepal, Chartered Accountants

ज्योती मिर्मिरे सामुहिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड

पनौती, काभ्रेपलाञ्चोक

प्रमुख लेखा नीति तथा लेखा सम्बन्धी टिप्पणीहरु

आ.व. २०८०/८१

संस्थाले १ वर्ष भन्दा कम आयु भएका बस्तुहरु खरिद भएको वर्षमै खर्च जनाइएको छ । १ वर्ष भन्दा बढी आयु भएका प्रति इकाई मुल्य रु १००० भन्दा कम लागत भएका बस्तुहरुलाई भने सोही वर्ष खर्च जनाइएको छ ।

३.६ अमूर्त सम्पत्ति कम्प्युटर सफ्टवेयर (**Intangible Assets**)

खरिद गरिएको कम्प्युटर सफ्टवेयर खरिद लागतको आधारमा पुँजीकरण गरिन्छ । सफ्टवेयरको विकासमा समय समयमा गरिने खर्चहरुले भविष्यमा आर्थिक रुपमा संस्थालाई फाइदा पुग्दछ भन्ने मान्यताका आधारमा त्यस्ता खर्चहरुलाई समेत पुँजीकरण गरिन्छ । कम्प्युटर सफ्टवेयरसंग सम्बन्धित खर्चहरु ५ वर्षको अवधिमा समदर प्रणालीका आधारमा परिशोधित गरिएको छ । अहिले प्रयोग गरिरहेको कम्प्युटर सफ्टवेयर ५ वर्ष भन्दा बढि भएकोले यस बर्षको खर्च शून्य रहेको छ ।

३.७ सम्बद्ध निकायमा लगानी

NAS 39 को व्यवस्था बमोजिमसम्बद्ध कम्पनीमा लगानीलाई equity method बाट मूल्याङ्कन गर्नुपर्ने प्रावधान रहेकोमा सो गर्न अव्यावहारिक हुँदा बैकल्पिक व्यवस्था अवलम्बन गर्न सकिने व्यवस्था गरेको छ । जसको कारणले गर्दा cost method बाट सम्बद्ध कम्पनीमा लगानीलाई मूल्याङ्कन गरेको छ । हाल संस्थाको कुनै पनि सम्बद्ध कम्पनीमा लगानी नरहेको जानकारी गरिन्छ ।

३.८ लगानी उद्देश्यका स्थिर सम्पत्ति **(Investment Properties)**

लगानी उद्देश्य भएका स्थिर सम्पत्ति भनेका जमिन वा बिल्डिङ वा दुवैलाई NAS 16 – Property, Plant & Equipment बमोजिम पहिचान गरी NFRS 5 – Non-current Assets held for Sale and Discountinued Operations अन्तर्गत बिक्रीको लागि राखिएका लगानी उद्देश्यका स्थिर सम्पत्तिलाई जनाउँछ । हाल संस्थासँग यस्तो कुनै पनि सम्पत्ति रहेको छैन ।

३.९ आयकर (Income Tax)

संस्थाले आयकर लेखाङ्कन NAS 12 – Income Tax को प्रावधान बमोजिम गर्ने गरेको छ । आयकर खर्चमा यस वर्षको कर, स्थगन कर तथा विगत वर्षको कुनै थप कर दायित्व आएमा सो समेत समावेश गरिन्छ ।

क) चालू आयकर (Current Tax)

हालका कर सम्पत्तिहरु र दायित्वहरु तथा अघिल्ला वर्षहरुका बुझाउन बाँकी रहेका कर दायित्वहरु यस वर्षमा बुझाउनुपर्ने देखिएमा त्यस्ता रकमहरु यस शीर्षकमा राखिन्छ । सम्बन्धित आर्थिक वर्षमा करको रुपमा भुक्तानी गर्नुपर्ने गरी पहिचान भएका कर दायित्वहरु, शुल्क र हर्जाना यस शीर्षकमा समावेश हुन्छन । चालू आयकरसम्बन्धी थप जानकारी आय बिवरण मा प्रस्तुत गरिएको छ ।

H. Pahadi & Associates Kathmandu Nepal Chartered Accountants

ज्योती मिर्मिरे सामुहिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड

पनौती, काभ्रेपलाञ्चोक

प्रमुख लेखा नीति तथा लेखा सम्बन्धी टिप्पणीहरु

आ.व. २०८०/८१

ख) स्थगन कर (Deferred Tax)

सम्पत्ति तथा दायित्वहरुको वित्तीय विवरणमा गणना गरिएको रकम तथा आयकर ऐनका हिसाबले गणना गरिएको रकममा हुने भिन्नतालाइ वासलातमा स्थगन कर सम्पत्ति (वा स्थगन कर दायित्व) का रुपमा लेखाङ्कन गरी प्रत्येक वर्ष यस्तो सम्पत्ति (वा दायित्वमा) हुने परिवर्तनलाई नाफा नोक्सान हिसाबमा स्थगन कर आय (वा स्थगन कर खर्च) को लेखाङ्कन गरिन्छ । स्थगन करसम्बन्धीको थप जानकारी टिप्पणी नं ४.९ मा प्रस्तुत गरिएको छ ।

३.१० व्यवस्थाहरु तथा सम्भावित दायित्वहरु (Provisions and Contigent liabilities)

संस्थाले सम्भावित दायित्वहरुको पहिचान तथा व्यवस्थाहरु लेखाङ्कन NAS 37 – Provisions, Contigent liabilities & Contingent Assetsको प्रावधान बमोजिम गर्ने गरेको छ। विगतका घटनाहरुको परिणामस्वरुप संस्थाको वर्तमानमा सिर्जित कुनै दायित्वहरु छन, जुन विश्वसनीय तरिकाले नाप्न सकिन्छ र दायित्व चुक्ता गर्नका लागि स्रोतको बहिर्गमन हुन्छ भने त्यसलाई व्यस्थाका रुपमा लेखाङ्कन गरिएको छ ।

३.११ आम्दानी लेखाङ्कन

आम्दानी भनेको संस्थाको साधारण गतिविधिहरूको क्रममा उत्पन्न हुने आर्थिक लाभहरूको प्रवाह हो, यदि त्यस्ता लाभहरुले इक्विटी सहभागीहरुको योगदानको कारणले बाहेक इक्विटीको वृद्धि हुन्छ । आम्दानीलाई यस हदसम्म पहिचान र लेखाङ्कन गरिन्छ कि आर्थिक लाभहरू वित्तीय संस्थामा प्रवाहित हुनेछन् र आम्दानीको भरपर्दो मापन गर्न सकिन्छ । जुन आयको प्राप्ति सम्भव छैन, तिनलाई आम्दानी अवधिमा लेखाङ्कन गरिएको छैन । वित्तीय संस्थाको आम्दानीमा ब्याज आय, शुल्क र कमिसन, कार्डहरूको आम्दानी, रेमिट्यान्स आय, बैंक ईन्स्योरेन्स कमिसन आदि समावेश छ र आय लेखाङ्कनका आधारहरू निम्नानुसार छन् ।

क) ब्याज आम्दानी

ब्याज आम्दानीमा कर्जा लगानी, नाफा-नोक्सानको माध्यमबाट Fair Value मा मापन गरिएका बाहेकका सुरक्षणपत्रमा गरिएको लगानी, नगद तथा नगद समान, बैंक तथा वित्तीय संस्थामा रहेको नगद, कर्मचारीलाई प्रदान गरेको कर्जामा प्राप्त ब्याज रकमहरु समावेश हुन्छन ।

कर्जा लगानीमा प्राप्त ब्याज आम्दानी NFRS ले सुझाव गरेबमोजिम परिमार्जित साँवा रकममा पहिचान गरिन्छ, जुन प्रभावकारी ब्याज विधिको नजिक हुने गर्दछ । नोक्सानी व्यवस्था गरिएका कर्जाहरुमा पाउने ब्याजलाई प्रभावकारी ब्याज गणना विधिमा समावेश गरिँदैन । बैंक मौज्दातमा पाउने ब्याज आम्दानीलाई प्रभावकारी ब्याज गणना विधिको मान्यता दिइन्छ ।

संस्थाले धितोको "खुद प्राप्ति मूल्य" जतिसुकै भए पनि उक्त ऋणमा उठ्नु पर्ने साँवा तथा ब्याज १२ महिना भन्दा बढी बक्यौता रहेको अवस्थामा, उपरोक्त ब्याजलाई ब्याज आम्दानी जनाउने गरेको छैन । ब्याज आम्दानी सम्बन्धी थप विवरण टिप्पणी नं. ४ .१९ मा प्रस्तुत गरिएको छ ।

ख) शुल्क तथा कमिसन आम्दानी

सामान्यतया कुनै विशेष कार्य सम्पन्न भएपश्चात वा सेवा प्रवाह गरेबापत शुल्क तथा कमिसन

H. Pahadi & Associates Kathmandu Nepal Chartered Accountants

ज्योती मिर्मिरे सामुहिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड

पनौती, काभ्रेपलाञ्चोक

प्रमुख लेखा नीति तथा लेखा सम्बन्धी टिप्पणीहरु

आ.व. २०८०/८१

आम्दानी प्राप्त हुने गर्दछ र यसलाई आर्जित आयको रुपमा मान्यता दिइन्छ ।

ग) लाभांश आम्दानी

संस्थालाई शेयर लगानीबाट प्राप्त हुने नगद लाभांश सो लाभांश प्राप्त हुने अधिकार स्थापित भएको मितिमा आयमा लेखाङ्कन गरिन्छ ।

घ) खुद व्यापारिक आम्दानी

संस्थाले व्यापारिक लगानी तथा दायित्वमा हुने ब्याज, लाभांश, तथा बजार मूल्यको उतारचढावले हुने आम्दानी वा खर्चलाई यस शीर्षकअन्तर्गत प्रस्तुत गरिन्छ ।

ङ) अन्य सञ्चालन आम्दानी

ब्याज आम्दानी, शुल्क तथा कमिसन आम्दानी तथा व्यापारिक आम्दानीअन्तर्गत देखाइएका बाहेक अन्य प्रकृतिको आम्दानीलाई यस शीर्षकअन्तर्गत देखाइएको छ । Equity शेयरमा भएको लगानीबाट हुने लाभांश आम्दानी, स्थिर सम्पत्ति तथा कार्यालय उपकरण वा लगानीको उद्देश्य भएका स्थिर सम्पत्तिको निसर्गबाट हुने आम्दानी आदिलाई यस शीर्षकअन्तर्गत प्रस्तुत गरिएको छ । यससम्बन्धी थप विवरण टिप्पणी नं. ४.२१ मा प्रस्तुत गरिएको छ ।

३.१२ ब्याज खर्च

ग्राहकहरुको निक्षेप खाता, संस्थाले प्राप्त गरेको अन्य सापटी तथा ऋणमा पाकेको ब्याजलाई पाकेको आधारमा (Accrual Accounting) लेखाङ्कन गरिन्छ । यससम्बन्धी थप जानकारी टिप्पणी नं ४.२० मा प्रस्तुत गरिएको छ ।

३.१३ कर्मचारी खर्च

कर्मचारी खर्चमा कर्मचारीले संस्थालाई प्रदान गरेको सेवाबापत गरिएको सम्पूर्ण खर्चलाई जनाउँछ । सो खर्चमा अल्पकालीन तथा दीर्घकालीन प्रकृतिका कर्मचारी खर्चहरु रहेका छन् । कर्मचारी खर्चको पहिचान, मापन तथा लेखाङ्कनको लागि संस्थाले NAS 19 – "Employee Benefits" को प्रावधान बमोजिम गरेको छ ।

क) सामाजिक सुरक्षा कोष

संस्थाले सेवानिवृत लाभहरुका रुपमा कर्मचारीहरुलाई उपदान र सामाजिक सुरक्षा कोष सुविधा प्रदान गरेको छ ।

परिभाषित योगदान योजना (Defined Contribution Plan) सेवापछिको लाभ योजना हो, जसअन्तर्गत संस्थाले योगदानलाई छुट्टै शीर्षकमा भुक्तान गर्दछ र थप रकम तिर्न कुनै कानुनी वा रचनात्मक दायित्व हुँदैन । परिभाषित योगदान योजनाको दायित्वहरू सम्बन्धित सेवाहरू प्रदान गरिएको समयमा कर्मचारी खर्चको रूपमा पहिचान र लेखाङ्कन गरिन्छ । परिभाषित लाभ योजना (Defined Benefits Plan) परिभाषित योगदान योजनाबाहेकको सेवापछिको लाभ योजना हो ।

संस्थाका सबै कर्मचारीले सामाजिक सुरक्षा कोष बाट लाभ प्राप्त गर्छन्, जुन परिभाषित योगदान

H. Pahadi & Associates Kathmandu Nepal Chartered Accountants

ज्योती मिर्मिरे सामुहिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड

पनौती, काभ्रेपलाञ्चोक

प्रमुख लेखा नीति तथा लेखा सम्बन्धी टिप्पणीहरु

आ.व. २०८०/८१

योजना अन्तर्गत हो ।

ख) सञ्चित बिदा

संस्थाले सञ्चित बिदा सुविधा यसको कर्मचारी सेवा विनियमावलीबमोजिम प्रदान गर्ने गर्दछ । घर र वार्षिक बिदा १८० दिनसम्म सञ्चित गरिएको छ भने बिरामी बिदा १२ दिनसम्म सञ्चित गर्न सकिनेछ । यी दुवै बिदा मध्ये कुनै पनि बिदा उल्लेखित दिनभन्दा बढी भएमा सो बिदाबापत रकम प्रत्येक वर्षको आषाढ महिनामा नगद भुक्तानी गरिन्छ । बिदाबापतको दायित्वको गणना गर्न संस्थाले Actuarial Valuation गरेको छैन ।

ग) कर्मचारी बोनस

बोनस ऐन, २०३० बमोजिम कर्मचारी बोनसको व्यवस्था गरिएको छ । कर्मचारी बोनसका लागि कर अघिको खुद नाफाको १० प्रतिशत रकमको व्यवस्था गरिएको छ ।

३.१४ पट्टा (Lease)

सम्पत्तिको सबै जोखिम र लाभहरु संस्थाको नाममा स्थानान्तरण नहुने पट्टाहरु सञ्चालन पट्टा हुन् । सम्पति प्रयोगको अधिकारका लागि नाफा वा नोक्सान विवरणमा देखाइने खर्च ह्रास कट्टी र पट्टा भुक्तानीको ब्याज को रुपमा देखाइएको छ । संस्थाले पट्टाका लागि NFRS १६ अपनाएको छ । NFRS १६ को अनुच्छेद C5(b) बमोजिम यस लेखामान लागू भएपश्चात् आउने समायोजनको सञ्चित प्रभावलाई लेखामान लागू भएको मितिमा राखिएको कमाइको रकममा समायोजन गरिएको छ । NFRS १६ बमोजिम पट्टा दायित्वको समायोजनका लागि छुटको दर ९% कायम गरिएको छ ।

प्रारम्भिक मापन

पट्टा दायित्वको मापन

प्रारम्भिक मितिमा बाँकी रहेको पट्टा अवधि भरी भुक्तानी गर्नुपर्ने पट्टा रकमलाई पट्टामा निहित दर वा पट्टेदारको वृद्धिशील उधार दरले वर्तमान मूल्यमा मापन गर्नुपर्छ ।

संस्थाले पट्टेदारका वृद्धिशील उधार दर ९ प्रतिशत को दरले पट्टा दायित्वको मापन गरेको छ ।

आर.ओ.यू सम्पत्ति

आर.ओ.यू सम्पत्तिलाई शुरुमा लागतमा लेखाकंन गरिन्छ । आर. ओ. यू सम्पत्तिको लागतमा निम्न रकमहरु जोडिएका हुन्छन् । आर.ओ.यू सम्पत्ति =प्रारम्भिक प्रत्यक्ष लागत + NAS 37 अनुसार स्थापित गर्न, हटाउन वा पुनर्स्थापना गर्न लाग्ने अनुमानित लागत + प्रिपेड लिज भुक्तानी प्राप्त पट्ट प्रोत्साहन

पछिको मापन (Subsequent Measurement)

आर.ओ.यू सम्पत्ति

प्रारम्भिक मिति पश्चात्त, आर.ओ.यू सम्पत्तिलाई NAS 16 अन्तर्गत पुनर्मूल्याइन मोडल लागू नगरेको खण्डमा लागत मोडलमा मापन गरिन्छ ।

H. Pahadi & Associates Kathmandu Nepal Chartered Accountants

ज्योती मिर्मिरे सामुहिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड

पनौती, काभ्रेपलाञ्चोक
प्रमुख लेखा नीति तथा लेखा सम्बन्धी टिप्पणीहरु
आ.व. २०८०/८१

लागत मोडलमा मापन गरिएको आर.ओ.यू सम्पत्तिलाई त्यसको लागतमा सञ्चित ह्रासकट्टि र संचित हानी नोक्सानी घटाई धारा ३४.३ मा निर्दिष्ट गरिएको पट्टा दायित्वको पुन मापन बापतको रकम समायोजन गरी देखाउने गरेको छ । संस्थाले लागत मोडलमा मापन गरिएको आर.ओ.यू सम्पत्तिलाई NAS 16 सम्पत्ति तथा उपकरणको प्रावधान अनुसार नै ह्रासकट्टिको लेखाकंन गर्ने गरिएको छ ।

पट्टा दायित्व

पट्टा दायित्वलाई अन्य वित्तीय दायित्व सरह(जस्तै परिशोधित लागतको आधारमा) नै लेखाकंन गर्ने गरिन्छ । पट्टा दायित्वलाई प्रारम्भिक मिति पश्चात्त निम्न हिसावले मापन गरिन्छ:

- पट्टा दायित्वमा प्रतिविम्वित हुने व्याज खर्चले वृद्धि गर्ने
- पट्टा दायित्वको भुक्तानीलाई प्रतिविम्वित गर्ने रकमले कम गर्ने र
- कुनै प्रकारको पुनर्मूल्याइन वा पट्टा संशोधन वा संशोधित फिक्स्ड लिज भुक्तानीको प्रतिविम्बित गर्ने खालको पुनः निर्धारित रकम

खर्चको पहिचान र मापन

पट्टामा लिने पक्षले पट्टासँग सम्बन्धित निम्न खर्चहरुको पहिचान गर्ने गर्दछ ।

- आर.ओ.यू सम्पत्तिको ह्रासकट्टि
- पट्टा दायित्वमा व्याज खर्च
- आर.ओ.यू सम्पत्तिको हानी
- परिर्वतनशिल पट्टा भुक्तानी रकम जुन पट्टा दायित्वमा समावेश गरिएको थिएन ।

आर.ओ.यू सम्पत्तिको ह्रासकट्टि खर्च र हानीलाई नाफा नोक्सान विवरणको ४.२४ ह्रासकट्टि र परिशोधन खर्च अन्तर्गत प्रस्तुत गरिएको छ भने पट्टा दायित्वमा व्याज खर्चलाई नाफा नोक्सान विवरणको ४.२० अन्तर्गत प्रस्तुत गरिएको छ ।

३.१५ शेयर पुँजी तथा कोषहरु

३.१५.१ शेयर पुँजी

संस्थाका साधारण शेयरधनीहरुले वार्षिक साधारणसभाबाट पारित लाभांश पाउने अधिकार हुन्छ । संस्थाको साधारण शेयरबाहेक अन्य कुनै प्रकृतिका शेयर रहेको छैन ।

३.१५.२ जगेडा कोषहरु

कोषमा सञ्चित मनुाफा, साधारण जगेडा कोष, पुँजी फिर्ता कोष, सहकारी प्रवर्द्धन कोष, घाटापूर्ति कोष, शेयर लाभासं कोष, सामुदायिक विकास कोष,, सहकारी शिक्षा कोष, सामुदायिक विकास कोष, स्थिरीकरण कोष, संस्था विकास कोष, विपद व्यवस्थापन कोष, सदस्य हित कोष आदि पर्दछन् ।

३.१५.३ साधारण जगेडा कोष

सहकारी ऐन २०७४, को दफा ६८ बमोजिम खुद मुनाफाको २५% रकम साधारण जगेडा कोषमा

H. Pahadi & Associates Kathmandu Nepal Chartered Accountants

ज्योती मिर्मिरे सामुहिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड

पनौती, काभ्रेपलाञ्चोक

प्रमुख लेखा नीति तथा लेखा सम्बन्धी टिप्पणीहरु

आ.व. २०८०/८१

सार्ने नीति रहेको छ। सो व्यवस्थाबमोजिम संस्थाले जगेडा कोषमा रकम जम्मा गर्दै आइरहेको छ ।

३.१५.४ पुँजी फिर्ता जगेडा कोष

सहकारी ऐन २०७४, को दफा ६९ बमोजिम साधारण जगेडा कोषमा जम्मा गरे पश्चातको खुद मुनाफाको २५% रकम पुँजी फिर्ता जगेडा कोषमा सार्ने नीति रहेको छ। सो व्यवस्था बमोजिम संस्थाले जगेडा कोषमा रकम जम्मा गर्ने र सदस्यहरुलाई बचत र ऋणको आधारमा बाँडफाँड गर्दै आइरहेको छ।

३.१५.५ सहकारी प्रवर्द्धन कोष

सहकारी ऐन २०७४, को दफा ७० बमोजिम साधारण जगेडा कोषमा जम्मा गरेपश्चात्को खुद मुनाफाको ०.५% रकम सहकारी प्रवर्द्धन कोषमा सार्ने नीति रहेको छ। सो व्यवस्थाबमोजिम संस्थाले सहकारी प्रवर्द्धन कोषमा रकम जम्मा गर्दै आइरहेको छ।

३.१५.६ सहकारी नियमावली २०७५ को प्रावधान अनुसार अन्य कोष

सहकारी नियमावली, २०७५ को दफा २७ बमोजिम खुद मुनाफाबाट साधारण जगेडा कोष, संरक्षित पुँजी फिर्ता कोष र सहकारी प्रवर्द्धन कोषको रकम कट्टा गरे पश्चातको खुद मुनाफा रकमको कम्तिमा ५ प्रतिशत रकम निम्न लिखित प्रत्येक कोषहरुः सामुदायिक विकास तथा सदस्य सुरक्षण कोष, स्थिरिकरण कोष, घाटापूर्ति कोष, संस्था विकास कोष र सदस्य शिक्षा कोष, विपद व्यवस्थापन कोष, सदस्य हित कोषमा बाँडफाँड गनुपर्ने प्रावधान छ।

३.१५.७ अन्य कोष

NFRS बमोजिमको लेखा नीति अपनाउने क्रममा संस्थाको मुनाफाबाट खडा गरेको कोष हो। यस शीर्षकमा भएका कोषको रकमबाट लाभांश वितरण गर्न पाइदैन। यस कोषमा पाकेको तर प्राप्त नभएको ब्याज, NFRS मा भएको व्यवस्थाबमोजिम कर्जा नोक्सानीबापत छुट्याइएको रकमबीचको अन्तररकम, स्थगन कर बापतको रकम, अन्य व्यापक आयमा पहिचान भएको वास्तविक नोक्सानबापतको रकम, NFRS अनुसार पहिचान भएको ख्याति बापतका रकमहरु पर्दछन्।

यस आर्थिक वर्षमा अन्य कोष टिप्पणी नं ४.२ मा प्रस्तुत गरिएको छ।

३.१६ प्रतिशेयर आम्दानी

संस्थाले आफ्नो साधारण शेयरको लागि आधारभूत प्रति सेयर आम्दानी (EPS) तथ्याङ्कलाई प्रस्तुत गर्छ। आधारभूत EPS साधारण शेयरधनीहरुको लागि हुने नाफा अथवा नोक्सानलाई सो अवधिको अन्त्यमा रहेका भारित औसत शेयरधनीका संख्याले विभाजन गरी गणना गरिन्छ। Diluted EPS संस्थालाई लागुहुदैन।

३.१७ गैर वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था

संस्थाले आफ्ना गैर वित्तीय सम्पत्ति (लगानी सम्पत्ति तथा स्थगन कर सम्पत्ति बाहेक) मा भएको

H. Pahadi & Associates Kathmandu Nepal Chartered Accountants

ज्योती मिर्मिरे सामुहिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड

पनौती, काभ्रेपलाञ्चोक

प्रमुख लेखा नीति तथा लेखा सम्बन्धी टिप्पणीहरु

आ.व. २०८०/८१

नोक्सानीको आवधिक परीक्षण गर्ने गरेको छ। उक्त सम्पत्तिको किताबी मूल्य सो सम्पत्तिबाट प्राप्त हुन सक्ने रकम भन्दा बढि भएको अवस्थामा नोक्सानी व्यवस्था गरिन्छ। नोक्सानी व्यवस्थालाई नाफा नोक्सान खातामा खर्च लेखी सम्बन्धित सम्पत्तिबाट घटाएर प्रस्तुत गरिन्छ। यसरी आवधिक नोक्सानीको परीक्षण गर्दा पहिले व्यवस्था गरिएको नोक्सानी बढि हुन गएको खण्डमा सो नोक्सानी व्यवस्थाबाट फिर्ता गरी नाफा नोक्सान खातामा आम्दानी जनाईन्छ। एक बर्ष भन्दा कम अवधिको गैर वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था नगर्ने नीति अवलम्बन गरिएको छ।

३.१८ नगद प्रवाह विवरण

संस्थाले नगद प्रवाहको विवरण NAS 07 – Statement of Cash Flows को Indirect Method अनुसार तयार गरेको छ। नगद मौज्दातमा भएको उतार चढावलाई यस विवरणले चित्रण गरेको हुन्छ। प्रस्तुत नगद प्रवाह विवरणले सो आर्थिक वर्षभरि भएको विभिन्न नगद प्रवाहलाई निम्न अनुसार प्रस्तुत गरेको छ

- सञ्चालन कारोबारबाट भएको नगद प्रवाह
- लगानीबाट भएको नगद प्रवाह
- वित्तीय कारोबारबाट भएको नगद प्रवाह

३.१९ प्रस्तावित लाभांश

साधारण सभाबाट पारित भएपछि मात्र साधारण शेयरमा दिइएको लाभांशलाई दायित्व लेखाकंन गरिन्छ र इक्विटीबाट घटाइन्छ। अन्तरिम लाभांश घोषणा पछि संस्थाको अधिकारमा नरहे पश्चात् इक्विटीबाट घटाइन्छ। रिपोर्टिङ्ग मिति पछि पारित यस वर्षको लाभांशलाई रिपोर्टिङ्ग मिति पश्चात्को घटना भनेर देखाइन्छ।

३.२० तुलनात्मक रकम

यस वर्षको वित्तीय विवरणमा आवश्यकता अनुसार तुलनात्मक रकमहरु पुनः वर्गीकरण गरिएका छन्।

H. Pahadi & Associates Kathmandu Nepal Chartered Accountants

ज्योती मिर्मिरे सामुहिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड

पनौती, काभ्रेपलाञ्चोक

प्रमुख लेखा नीति तथा लेखा सम्बन्धी टिप्पणीहरु

आ.व. २०८०/८१

५. प्रस्टीकरण तथा थप जानकारीहरु

५.१ जोखिम व्यवस्थापन

संस्थाको संचालक समितिद्वारा जोखिमको उचित व्यवस्थापन भइ राखेको छ यसका लागि संस्थाले सुदृढ जोखिम व्यवस्थापन प्रणाली गठन गरेको छ। संस्थाको जोखिम ग्रहण गर्न सक्ने क्षमता तथा विधिबारेमा व्यवस्थापन तथा बोर्ड बैठकमा विस्तृत रुपमा छलफल हुने गरेको छ। विभागले विश्वव्यापी, सूक्ष्म र विभागीयस्तरको जोखिमको निरीक्षण गर्दछ, जुन दैनिक व्यवसाय सञ्चालनबाट आवधिक रुपमा उत्पन्न हुन्छ।

क) जोखिम व्यवस्थापन समिति

संस्थामा जोखिम व्यवस्थापन समिति गठन भएको छ।

ख) जोखिम शासन

वित्तीय संस्थाले उत्पन्न हुने उच्चमस्तरमा जोखिम न्यूनीकरण गर्न नीति र प्रक्रियाहरू तयार गरी कार्यान्वयन गरिसकेको छ र कर्मचारीबीच स्वामित्व मानसिकता, क्षमता अभिवृद्धि, प्रष्ट रुपमा परिभाषित जिम्मेवारी र नैतिक संस्कृतिमार्फत वित्तीय संस्थाले जोखिम संस्कृतिको बारेमा प्रशिक्षित गरेको छ।

यसको जोखिम व्यवस्थापन प्रारुपको माध्यमबाट, वित्तीय संस्थाले कर्जा, बजार र तरलता जोखिमहरू कुशलतापूर्वक व्यवस्थित गर्न खोजेको छ, जुन सीधा वित्तीय संस्थाको क्रियाकलापहरूका साथसाथै सञ्चालन, नियामक र प्रतिष्ठासम्बन्धी जोखिमहरू जुन कुनै पनि व्यवसाय उपक्रमको सामान्य परिणामको रूपमा देखा पर्दछ। जोखिमसम्बन्धी नीतिको स्थापना र अनुपालनका लागि संचालक समिति जिम्मेवार छ।

ग) आन्तरिक नियन्त्रण

रणनीति र उद्देश्यहरूको उपलब्धिमा सहायता गर्ने गरी वित्तीय संस्थामा उचित आन्तरिक नियन्त्रण प्रारुप सुनिश्चित गर्न सञ्चालक समिति जिम्मेवार हुन्छ। वित्तीय संस्थाका विभिन्न कार्यहरूको विस्तार र वृद्धिको क्रममा उचित नियन्त्रण संयन्त्र स्थापना गर्ने दृष्टिकोणले हेर्नुपर्दछ जसले लाभदायक व्यवसायका अवसरहरू अधिकतम बनाउन, नोक्सान वा प्रतिष्ठित क्षति निम्त्याउन सक्ने जोखिमलाई हटाउन वा घटाउन सहयोग गर्दछ।

आन्तरिक लेखापरीक्षणले नीति र मापदण्डको अनुपालन र नियमित लेखापरीक्षण, विशेष लेखापरीक्षण, सूचनाप्रणाली लेखापरीक्षण, साइट समीक्षा, AML र CFT र KYC लेखापरीक्षणका साथै जोखिममा आधारित आन्तरिक लेखापरीक्षणमार्फत वित्तीय संस्थामा आन्तरिक नियन्त्रण संरचनाहरूको प्रभावकारिताको अनुगमन गर्दछ। लेखापरीक्षण अवलोकन तत्काल सुधारात्मक उपायहरू आरम्भ गर्नका लागि प्रमुख कार्यकारी अधिकृत र व्यापार प्रमुखहरूलाई रिपोर्ट गरिन्छ। आन्तरिक लेखापरीक्षण प्रतिवेदन लेखापरीक्षण समितिसमक्ष समीक्षाको लागि पठाइन्छ र समितिले सम्बन्धित विभाग वा शाखालाई सम्बन्धित मुद्दामा उपयुक्त सुधारात्मक कार्य गर्न निर्देशन जारी गर्छ।

५.१.१ कर्जा जोखिम

कर्जा जोखिम भनेको सहमति सर्तहरूबमोजिम वित्तीय संस्थालाई भुक्तानी गर्ने आफ्नो करारको दायित्व पूरा गर्न ऋणीको अक्षमताको कारण नोक्सानीको सम्भावना हो।

H. Pahadi & Associates Kathmandu Nepal Chartered Accountants

ज्योती मिर्मिरे सामुहिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड

पनौती, काभ्रेपलाञ्चोक

प्रमुख लेखा नीति तथा लेखा सम्बन्धी टिप्पणीहरु

आ.व. २०८०/८१

वित्तीय संस्थाभित्रको उपयुक्त निरीक्षण र रिपोर्टिङको प्रारुप स्थापना गरी कर्जा जोखिम निरीक्षण र रिपोर्टिङ प्रारुपलाई कर्जा जोखिम न्यूनीकरणका लागि तयार पारिएको छ । कर्जा जोखिमको प्रभावकारी व्यवस्थापनका लागि वित्तीय संस्थाले विभिन्न प्रणाली र नीतिहरू र प्रक्रियाहरू र दिशानिर्देशहरू कार्यान्वयन गरेको छ । प्रत्येक प्रकारको ऋणको लागि, कर्जा नीति र प्रक्रियाहरूले ऋण प्रदान गर्नका लागि मापदण्ड परिभाषित गरिएको छ, चुक्ताको सीमित उद्देश्य, विभिन्न ग्राहक जोखिम प्रोफाइलमा आधारित प्रासंगिक जानकारीको सङ्ग्रह, पर्याप्त उपकरणको प्रयोग, पर्याप्तता, कार्यान्वयनता र जमानतको तरलता स्थिति, साथै उनीहरूको परिचालनको व्यावहारिक पक्षहरूको आधारमा मापदण्ड परिभाषित गरिएको छ ।

५.१.२ बजार जोखिम

वित्तीय संस्थाको वासलातमा रहेको र वासलातबाहिर रहेको वस्तुको मूल्यमा बजार मूल्यमा हुने अस्थिरताले हुने जोखिमलाई बजार जोखिम भनी परिभाषित गरिएको छ । बजार जोखिम त्यस्तो जोखिम हो, जसका कारण वित्तीय उपकरणको भविष्यमा नगद प्रवाह वा Fair Value घटबढ हुन्छ । बजार जोखिमले तीन प्रकारका जोखिमलाई जनाउँछ : विदेशी मुद्रा सटही (मुद्रा जोखिम), बजार ब्याजदर (ब्याजदर जोखिम) र बजार मूल्य (मूल्य जोखिम) ।

अ) मुद्रा जोखिम

विदेशी मुद्रा सटही जोखिमका कारण संस्थाको आफ्नो सम्पत्ति र दायित्वको मूल्यमा अस्थिरता हुने सम्भावना हुन्छ र उसको सम्पत्ति र दायित्वको मुद्रा तथा उल्लेख हुने मुद्राको मूल्यमा आउने भिन्नताका कारण वित्तीय क्षति हुने सम्भावना हुन्छ । वित्तीय विवरण तयार पार्ने मितिसम्म संस्थाले विदेशी मुद्रालाई लिन र दिन सकिने मानेको छ ।

आ) ब्याजदर जोखिम

ब्याजदर जोखिम त्यो जोखिम हो, जसका कारण वित्तीय उपकरणको Fair Value वा भविष्यमा हुने नगद प्रवाह बजार ब्याजदरका कारण तलमाथि हुने गर्दछ ।

इ) मूल्य जोखिम

मूल्य जोखिम त्यस्तो जोखिम हो जसका कारण वित्तीय उपकरणको Fair Value वा भविष्यमा हुने नगद प्रवाह इक्विटीको मूल्यमा हुने परिवर्तनले ब्याजदर जोखिम र मुद्रा जोखिमबाहेकका कारण तलमाथि हुन्छ । यस्तो परिवर्तन सम्बन्धित वित्तीय उपकरण वा यसको जारी गर्ने निकाय हुन सक्छ वा उक्त वित्तीय उपकरणले व्यापार गर्ने बजारलाई असर गर्ने तत्वको कारण हुन सक्छ । निकायको इक्विटी मूल्य जोखिम FVTOCI मा राखिएको कारण पनि हुन सक्छ, जसको मूल्य बजार मूल्यमा भएको परिवर्तनअनुसार तलमाथि हुन्छ ।

५.१.३ तरलता जोखिम

ब्याजदर वा सुरक्षणपत्र (इक्विटी) को मूल्य, विदेशी विनिमय दर र वस्तुको मूल्यको उतारचढाव साथै अस्थिरताको बजारस्तरमा प्रतिकूल परिवर्तनको कारण सहकारी संस्थाले बजार जोखिमलाई लेखाङ्कन गरेको छ । तरलता जोखिमले संस्थाको दायित्व पूरा गर्न असफल हुने सम्भावना हुन सक्छ, तरलता जोखिम व्यवस्थापनले सहकारी संस्थाको वित्तीय अवस्थालाई प्रतिकूल प्रभाव नपारी

H. Pahadi & Associates Kathmandu Nepal Chartered Accountants

ज्योती मिर्मिरे सामुहिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड

पनौती, काभ्रेपलाञ्चोक

प्रमुख लेखा नीति तथा लेखा सम्बन्धी टिप्पणीहरु

आ.व. २०८०/८१

दायित्व पूरा गर्ने सहकारी संस्थाको क्षमता सुनिश्चित गर्न मद्दत गर्छ र सहकारी संस्थाको प्रतिकूलताको अवस्था विकास गर्ने सम्भावना कम गर्छ । तरलता जोखिमलाई नगद वा अन्य वित्तीय सम्पत्ति प्रदान गरेर व्यवस्थित गरिएको वित्तीय दायित्वसँग सम्बन्धित दायित्वहरु पूरा गर्न संस्थाले कठिनाइ भोग्न सक्ने जोखिमलाई तरलता जोखिम भनी परिभाषित गरिएको छ ।

५.१.४ सञ्चालन जोखिम

सञ्चालन जोखिम भनेको अपर्याप्त वा असफल प्रक्रियाहरू, प्रणाली वा नीतिहरू, कर्मचारीका त्रुटिहरू, प्रणालीका असफलताहरू, अन्य अपराधिक गतिविधिले व्यवसाय प्रक्रियामा बाधा उत्पन्न गराई परिणामस्वरूप घाटा हुने सम्भावना हो । सञ्चालन जोखिमलाई जोखिम पहिचान, मूल्याङ्कन, नियन्त्रण र अनुगमनका माध्यमबाट व्यवस्थापन गरिन्छ । संस्थाको सञ्चालन जोखिम नियन्त्रणका लागि वित्तीय प्रशासन नीति, कर्मचारी विनिमयावली, सञ्चालन निर्देशिका, AML/CFT नीति, शङ्कास्पद कारोबार पहिचान प्रक्रिया, र राजनीतिक रूपले उजागर गरिएको व्यक्तिको पहिचान नीति रहेका छन्, जसले दैनिक कामका लागि निर्देशन दिन्छ ।

५.२ संस्थाका संचालकहरु र मुख्य व्यवस्थापकहरु

संस्थाको व्यवस्थापनको लागि महत्वपूर्ण मानिने व्यक्तिहरु तथा उनीहरुका नजिकका परिवारिक सदस्यहरु पनि सम्बन्धित पक्षको परिभाषामा पर्दछन् । NAS 24 "Related Party Disclosures अनुसार संस्थाको गतिविधिहरु सम्बन्धि योजना बनाउने, निर्देशन दिने र नियन्त्रण गर्ने अधिकार तथा जिम्मेवारी पाएका व्यक्तिहरुलाई त्यस संस्थाको व्यवस्थापनको लागि महत्वपूर्ण मानिने व्यक्तिहरुको रुपमा लिइन्छ । संस्थाले यस परिभाषा अनुरुप संस्थाको संचालक समितिका सदस्यहरु, प्रमुख कार्यकारी अधिकृत तथा सम्पूर्ण उच्च व्यवस्थापन तहका कर्मचारीहरुलाई संस्थाको व्यवस्थापनको लागि महत्वपूर्ण व्यक्तिहरुको रुपमा पहिचान गरेको छ ।

आषाढ मसान्त २०८१ मा संस्थाको संचालक समितिका सदस्यहरु तथा प्रमुख कार्यकारी अधिकृत निम्न उल्लेखित व्यक्तिहरु हुन्:

क्र.स.	नाम	पद	बहाल मिति
१	श्री उद्धव सापकोटा	अध्यक्ष	२०७७/०८/२०
२	श्रीमती कान्छीमाया थापा	उपाध्यक्ष	२०७७/०८/२०
३	श्री बुद्ध सिङ थापा	सचिव	२०७९/०६/०१
४	श्री पूर्णराम तुलाधर	कोषाध्यक्ष	२०७७/०८/२०
५	श्रीमती सुशिला पौड्याल	सञ्चालक सदस्य	२०७७/०८/२०
६	श्री डाक बहादुर कार्की	सञ्चालक सदस्य	२०७७/०८/२०
७	श्री रामहरी दाहाल	सञ्चालक सदस्य	२०७७/०८/२०
८	श्री जयराम मानन्धर	सञ्चालक सदस्य	२०७७/०८/२०
९	श्री लोकेन्द्र कुमार सापकोटा	सञ्चालक सदस्य	२०७७/०८/२०
१०	श्रीमती रिता थापा	सञ्चालक सदस्य	२०७७/०८/२०
११	श्रीमती सुर्यकुमारी तामाङ	सञ्चालक सदस्य	२०७७/०८/२०
१२	श्री राम प्रसाद तिमल्सिना	सञ्चालक सदस्य	२०७७/०८/२०
१३	श्री कुमार के.सी.	सञ्चालक सदस्य	२०७७/०८/२०

H. Pahadi & Associates Kathmandu Nepal Chartered Accountants

ज्योती मिर्मिरे सामुहिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड

पनौती, काभ्रेपलाञ्चोक

प्रमुख लेखा नीति तथा लेखा सम्बन्धी टिप्पणीहरु

आ.व. २०८०/८१

१४	श्रीमती शोभा हाडा राजभण्डारी	सञ्चालक सदस्य	२०७७/०८/२०
१५	श्रीमती पवित्रा सापकोटा	सञ्चालक सदस्य	२०७७/०८/२०

क) संचालक समितिका तथा अन्य उपसमिति सदस्यहरुको भत्ता तथा सुविधाहरु, शेयर, बचत र ऋण

यस आ.व.को कारोबार

क. संचालक समिति, लेखा सुपरिवेक्षण समिति तथा ऋण समितिका सदस्यहरु

नाम	पद	शेयर	बचत	ऋण	बैठक भत्ता
१. संचालक समिति					
उद्धव सापकोटा	अध्यक्ष	१५२,०००.००	९८,६०६.२७	-	२,०००.००
कान्छीमाया थापा	उपाध्यक्ष	१०९५००.००	१,४९२,४३०.७८	७८३,४०८.६९	२,०००.००
बुद्धसिंह थापा	सचिव	५४,९००.००	३,३५०,९५७.९५	-	२०००.००
पुर्णराम तुलाधर	कोषाध्यक्ष	२२५,०००.००	१,७६९,८११.०६	-	२,०००.००
सुशिला पौडेल	सदस्य	११५,०००.००	१,३४१,२८६.७१	५५३,५१२.०७	२,०००.००
डाँक ब. कार्की	सदस्य	६१,५००.००	२८५,८००.७५	-	२,०००.००
राम हरि दाहाल	सदस्य	४०१,१००.००	७७,९४२.२१	२,८२६,५१०.९१	२,०००.००
जय राम मानन्धर	सदस्य	६०,०००.००	३,४४१,०३२.३५	-	२,०००.००
लोकेन्द्र कु.सापकोटा	सदस्य	१४०,२००.००	१७४,१६३.९३	-	२,०००.००
रिता थापा	सदस्य	१००,०००.००	१७२,०१९.२१	-	२,०००.००
सुर्यकुमारी तामाङ	सदस्य	५०,१००.००	५०३,१७८.१७	-	२,०००.००
राम प्र.तिमल्सिना	सदस्य	६१,०००.००	१,१०४,५४६.०९	-	२,०००.००
कुमार के.सी	सदस्य	८६,६००.००	६०,६६६.६९	२८२,२५८.७०	२,०००.००
सोभाहाडा राजभडारी	सदस्य	२५०,०००.००	२,७२१,८९६.८१	-	२,०००.००
पबित्रा सापकोटा	सदस्य	१३,५००.००	१२६,९७३.३१	-	२,०००.००
२. लेखा सु. समिति					
भिमसेन के.सी	संयोजक	६१,५००.००	९४,९९६.३६	-	१,२००.००
बाशुदेव सुवेदी	सदस्य	२,१००.००	६४३,३७३.३०	-	१,२००.००
शिला आचार्य कोइराला	सदस्य	८२,०००.००	१७५,१८१.३४	२,८०८,३७८.६३	१,२००.००
३. ऋण उप - समिति					
केशब बञ्जारा	संयोजक	७०,०००.००	३०८५०९.२८	-	१,२००.००
विदुर प्र. हुमागाई	सदस्य	९५,०००.००	७६,३१४.१५	७७१,२१६.००	१,२००.००
शुशिला थापा	सदस्य	२०३,०००.००	१५१,९४२.२१	६१,४८०.४८	१,२००.००
ईश्वर कार्की	सदस्य	२,००,०००.००	३१३,१०६.०३	६९९,२५५.४४	१,२००.००
रेसा श्रेष्ठ	सदस्य	१७,०००.००	५३२८९.५३	३९८,९९९.३४	१,२००.००

ख. समिति तथा उप-समिति सदस्यहरुको आफन्त

समिति तथा उप – समिति सदस्य	आफन्तको नाम	शेयर	बचत	ऋण
उद्धव सापकोटा	सुमित्रा सापकोटा	१३७,०००.००	८२,७४३.५८	३,९२९,८८६.८२
कान्छीमाया थापा	विनोद थापा	८३,०००.००	१,९०९,४८९.७८	२,२००,४३२.७८
लोकेन्द्र कु.सापकोटा	शिद्धान्त सापकोटा	४३,७००.००	७०,३४१.४१	१,३२४,६०८.०७

H. Pahadi & Associates Kathmandu Nepal Chartered Accountants

ज्योति मिर्मिरे सामुहिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड

पनौती, काभ्रेपलाञ्चोक

वित्तीय स्थितिको विवरण

२०८१/०३/३१ को

विवरण	लेखा टिप्पणी	२०८१/०३/३१	२०८०/०३/३१
पूँजी तथा दायित्व हिसाब			
शेयर पूँजी	४.१	१२३,१०८,७००.००	१०९,०५२,१००.००
जगेडा तथा अन्य कोष	४.२	१०८,५०२,४३९.८२	९४,६२४,०६७.३३
बचत हिसाब	४.३	९५१,०६०,१७८.५२	७७३,७३०,३७१.६९
बाह्य ऋण तथा सापटी	४.४	९०,०००,०००.००	१८३,२७७,७७६.००
पुँजीगत अनुदान	४.५	-	४८१,४५०.००
पट्टा दायित्व	४.६	२,४०४,३५७.५०	२,३०५,४१३.१४
चालु दायित्व तथा व्यवस्था	४.७	२,३०६,१२७.९६	१,७९३,०८१.९७
चालु कर दायित्व	४.८	२,९६४,३०२.७७	१,३१५,२७०.०१
दिर्घकालिन दायित्व	४.९	७६४,४००.५०	२४९,६७७.३७
स्थगन कर दायित्व	४.१०	१६०,९११.१७	३४,६६५.५४
जम्मा		१,२८१,२७१,४१८.२४	१,१६६,८६३,८७३.०५
सम्पत्ति तथा जायदात हिसाब			
नगद हिसाब	४.११	३,५३९,०९४.४७	६७१,५७४.३७
बैंक मौज्दात तथा नगद सरह	४.१२	१५१,९५०,५३५.०१	२०२,१८४,९८०.७१
कर्जा लगानी	४.१३	९२६,२६१,१४१.१९	८३६,७८८,१८६.६७
लगानी हिसाब	४.१४	१३९,०२३,६४६.७२	७१,३५२,८८९.२६
चालु सम्पत्ति	४.१५	१२,२४५,१७८.८१	१०,९७४,७५३.६६
सम्पत्ति, उपकरण तथा जायजेथा	४.१६	४४,०५३,२७३.४९	४०,८६७,२४२.६७
प्रयोगको अधिकार सम्पत्ति (पट्टा सम्पत्ति)	४.१७	२,१९७,७७३.५९	१,५७६,२६६.६४
अन्य दिर्घकालिन सम्पत्ति	४.१८	२,०००,७७४.९६	२,४४७,९७९.०७
जम्मा		१,२८१,२७१,४१८.२४	१,१६६,८६३,८७३.०५

प्रमुख लेखा नीति तथा टिप्पणी तथा अनुसुचीहरु वित्तिय विवरणका अभिन्न अंग हुन ।

हाम्रो आजको मितिमा संलग्न प्रतिवेदन अनुसार ।

गोपाल दाहाल	भिमसेन के.सी	पूर्णराम तुलाधर	उद्धव सापकोटा	हुकुम पहाडी, एफ.सिए.
प्रमुख कार्यकारी अधिकृत	लेखा-संयोजक	कोषाध्यक्ष	अध्यक्ष	एच. पहाडी एण्ड एसोसिएट्स
				चार्टर्ड एकाउन्टेन्ट्स

मितिः २०८१/०६/११
स्थानः पनौती, काभ्रे

H. Pahadi & Associates Kathmandu Nepal Chartered Accountants

ज्योति मिर्मिरे सामुहिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड

पनौती, काभ्रेपलाञ्चोक

आय विवरण नाफा नोक्सान हिसाब

२०८० साउन १ गते देखि २०८१ आषाढ मसान्तसम्मको

विवरण	लेखा टिप्पणी	२०८१/०३/३१	२०८०/०३/३१
ब्याज आम्दानी	४.१९	१५८,७०४,४०१.२०	१४५,७५७,५८७.७८
ब्याज खर्च	४.२०	९४,०९१,२९५.७८	८७,२०९,३४३.५३
वित्तीय कारोबारबाट खुद आम्दानी /(खर्च)		**६४,६१३,१०५.४२**	**५८,५४८,२४४.२५**
अन्य आम्दानी	४.२१	८,५०३,९१२.०८	६,१७१,१०९.२३
कुल सञ्चालन आम्दानी		**७३,११७,०१७.५०**	**६४,७१९,३५३.४८**
कर्मचारी खर्च	४.२२	२१,२४८,५६०.५३	२०,२००,०६९.६७
अन्य सञ्चालन खर्च	४.२३	१६,३०८,०९६.१९	१२,३८९,६०१.१६
ह्रास कट्टी खर्च	४.२४	२,६६८,२६७.४०	२,०२४,०८८.५५
कर्जा नोक्सानी व्यवस्था	४.१४	७७३,८५३.९५	१,०८५,६१६.५८
संचालन नाफा वा (नोक्सान)		**३२,११८,२३९.४३**	**२९,०१९,९७७.५२**
गैरसञ्चालन आम्दानी	४.२५	९१४,४६१.२६	२,०४२,१४०.६६
गैरसञ्चालन खर्च		-	-
बोनस तथा कर अघिको खुद नाफा वा (नोक्सान)		**३३,०३२,७००.६९**	**३१,०६२,११८.१८**
कर्मचारी बोनस व्यवस्था		३,००२,९७२.७९	२,६५६,७००.८४
कर अघिको खुद नाफा वा (नोक्सान)		**३०,०२९,७२७.९०**	**२८,४०५,४१७.३४**
आयकर खर्च	४.२६		
यस वर्षको कर व्यवस्था		२,९६४,३०२.७७	१,३१५,२७०.०१
यस वर्षको स्थगन कर (आम्दानी) / खर्च		१२६,२४५.६३	२,८९३.८२
कुल नाफा वा (नोक्सान)		**२६,९३९,१७९.५०**	**२७,०८७,२५३.५१**
प्रतिशेयर आम्दानी			
प्रतिशेयर आधारभूत आम्दानी		२१.८८	२४.८४

प्रमुख लेखा नीति तथा टिप्पणी तथा अनुसुचीहरु वित्तिय विवरणका अभिन्न अंग हुन ।

हाम्रो आजको मितिमा संलग्न प्रतिवेदन अनुसार ।

गोपाल दाहाल	भिमसेन के.सी	पूर्णराम तुलाधर	उद्धव सापकोटा
प्रमुख कार्यकारी अधिकृत	लेखा-संयोजक	कोषाध्यक्ष	अध्यक्ष

हुकुम पहाडी, एफ.सिए.
एच. पहाडी एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

H. Pahadi & Associates Kathmandu Nepal Chartered Accountants

मितिः २०८१/०६/११
स्थानः पनौती, काभ्रे

ज्योति मिर्मिरे सामुहिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड

पनौती, काभ्रेपलाञ्चोक

अन्य बिस्तृत आम्दानीको एकीकृत विवरण

२०८० साउन १ गते देखि २०८१ आषाढ मसान्तसम्मको

विवरण	२०८१/०३/३१	२०८०/०३/३१
यस वर्षको नाफा	२६,९३९,१७९.५०	२७,०८७,२५३.५१
क)नाफा र निक्सान्म पुनर्वार्गीकरण नगरिने वस्तु	-	-
Fair Value मा मापन गर्दा इक्विटी उपकरणको लगानीमा नाफा/ (नोक्सान)	-	-
पुनर्मूल्यांकन गर्दा खुद नाफा (नोक्सान)	-	-
परिभाषित लाभ योजनामा विमग्किक नाफा / (नोक्सान)	-	-
माथिका विषय वस्तुसंग सम्वन्धित आयकर	-	-
ख)नाफा तथा नोक्सानका लागि पुनर्वार्गीकरण नगरिने अन्य विस्तृत आम्दानी	-	-
नाफा (नोक्सान)	-	-
विनिमय नाफा (नोक्सान) (अन्तरराष्ट्रिय संचालनका वित्तीय सम्पत्ति रुपान्तरण गर्दा)	-	-
माथिका विषय वस्तुसंग सम्बन्धित आयकर	-	-
नाफा अथवा नोक्सानका लागि पुनर्वार्गीकरण	-	-
नाफा अथवा नोक्सानमा लागि पुनर्वार्गीकरण हुन् सक्ने अन्य विस्तृत खुद आम्दानी	-	-
ग) इक्विटी विधिबाट लेखांकन गरिएका सम्बद्ध संस्थाको हिस्सा	-	-
कुल विस्तृत आम्दानी	२६,९३९,१७९.५०	२७,०८७,२५३.५१

प्रमुख लेखा नीति तथा टिप्पणी तथा अनुसुचीहरु वित्तिय विवरणका अभिन्न अंग हुन ।

हाम्रो आजको मितिमा संलग्न प्रतिवेदन अनुसार ।

गोपाल दाहाल	भिमसेन के.सी	पूर्णराम तुलाधर	उद्धव सापकोटा
प्रमुख कार्यकारी अधिकृत	लेखा-संयोजक	कोषाध्यक्ष	अध्यक्ष

हुकुम पहाडी, एफ.सिए.
एच. पहाडी एण्ड एसोसिएट्स
चार्टड एकाउन्टेन्ट्स

H. Pahadi & Associates ★ Kathmandu Nepal ★ Chartered Accountants

मिति: २०८१/०६/११
स्थान: पनौती, काभ्रे

ज्योति मिर्मिरे सामुहिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड

पनौती, काभ्रेपलाञ्चोक

इक्विटीमा भएको परिवर्तन सम्बन्धि विवरण

२०८० श्रावण १ गतेदेखि २०८१ आषाढ मसान्तसम्म

